# मध्यमकालीन खर्च संरचना

(आ.व. २०८०/८१-२०८२/८३)

राप्ति सोनारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

अगैया, बाँके

# राप्ति सोनारी गाउँपालिका

# अगैया, बाँके

---

## मन्तव्य

नेपाल सरकार र प्रदेश सरकारको दीर्घकालिन नीति र आवधिक योजना तथा यस गाउँपालिकाको आवधिक योजनाले परिलक्षित गरेका उद्देश्य हासिल गर्न, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानले परिकल्पना गरेको समृद्ध नेपालको सोच साकार गर्न तथा नेपालले अन्तरराष्ट्रिय समुदायमा गरेका दिगो विकास लक्ष्य लगायत विकास र सुशासनका प्रतिबद्धता हासिल गर्न वार्षिक बजेट र योजना विचको तालमेल आवश्यक हुन्छ । प्रस्तुत मध्यमकालीन खर्च संरचनाले यस गाउँपालिकाको योजनाबद्ध विकासको प्रयासमा थप इट्टा थप्ने काम गर्नेछ भने आगामी दिनमा समेत विकास निर्माणका कार्यलाई उद्देश्य र प्रतिफलसँग तालमेल गरी नतिजामूलक खर्च व्यवस्थापन, विनियोजन कुशलता र राजस्व तथा स्रोत परिचालनमा समेत थप प्रभावकारिता ल्याउन सहयोग पुग्ने विश्वास लिइएको छ ।

यस कार्यमा सहयोग तथा सुझाव प्रदान गर्नुहुने गाउँसभा तथा गाउँ कार्यपालिकाका पदाधिकारी तथा सदस्यज्यूहरूलाई र निरन्तर खट्नु हुने प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यबाद दिन चाहन्छु । मध्यमकालीन खर्च संचरनाको दस्तावेज तयार गर्न प्राविधिक सेवा उपपलब्ध गराउने परामर्शदाताहरुमा विशेष आभार प्रदान गर्न चाहन्छु ।

तप्त वहादुर पौडेल

अध्यक्ष

मिति: २०८०/०३/१०

# राप्ति सोनारी गाउँपालिका

# अगैया, बाँके

## मन्तव्य

योजनाबद्ध विकासको अभनवमा स्थानीय सरकारका लक्ष्यहरू हासिल हुन सक्दैनन्। यस गाउँपालिकाले पनि जनताको सेवा प्रवाह र विकासका कार्यलाई प्रभावकारी कार्यान्वयन गर्न आवधिक योजना र वार्षिक बजेटको माध्यमबाट विकास निर्माणका कार्यलाई अगाडी बढाउँदै लगेको छ । यसै सन्दर्भमा अन्तरसरकारी वित्त व्यवस्थापन ऐनले स्थानीय तहले समेत बजेटको स्रोत र प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना निर्माण गर्नुपर्ने व्यवस्था गरेपछि राप्ती सोनारी गाउँपालिकाबाट यो मध्यमकालीन खर्च संरचना तयार गरिएको हो।

यो दस्तावेज तयार गर्दा यस गाउँपालिकाको विगत तथा चालु आ.व. को आम्दानी र खर्चको प्रवृत्ति, गाउँपालिकाको आवधिक योजनाले लिएका लक्ष्य तथा उद्देश्यहरू, यस गाउँपालिकामा रहेका पर्यटन, कृषि तथा उद्योगका सम्भावनाहरू र गाउँपालिकाको राजस्व सुधार योजनाले लिएका रणनीति र लक्ष्यहरू समेत ध्यानमा राखिएको छ । यस मध्यमालीन खर्च संरचना गाउँपालिकाको योजना पद्धतिलाई संस्थागत गर्ने क्रममा पहिलो प्रयास भएकोले यसमा भएका कमी कमजोरीहरूलाई आगामी वर्षहरूमा थप सुधार गर्दै लगिनेछ।

यस कार्यमा सहयोग तथा सुझाव प्रदान गर्नुहुने अध्यक्षज्यू, गाउँसभा तथा गाउँ कार्यपालिकाका पदाधिकारी तथा सदस्यज्यूहरूलाई र यस काममा खट्नु हुने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यबाद दिन चाहन्छु । मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयार गर्न प्राविधिक सेवा उपपलब्ध गराउँने परामर्शदाताहरूमा विशेष आभार प्रदान गर्न चाहन्छु ।

मनिषा सिंह थारु

उपाध्यक्ष

मिति: २०८०/०३/१०

राप्ति सोनारी गाउँपालिका

अगैया , बाँके

---

## मन्तव्य

मध्यमकालीन खर्च संरचना आवधिक विकास योजना र वार्षिक कार्यक्रम तथा बजेटको बीचमा तालमेल गराउने प्रमुख साधन हो । वार्षिक बजेट तर्जुमा गर्दा अगामी तीन वर्षको खर्च प्रक्षेपण गरी आयोजनाहरुको प्राथमिकीकरण र तीन वर्षीय स्रोत अनुमान गर्ने कार्य यसमा समावेस हुने गर्दछ । अन्तर सरकारी वित्त व्यवस्था पन ऐन, २०७४ को दफा (१७) मा संघ, प्रदेश र स्थानीय तहले वार्षिक बजेट तर्जुमा गर्दा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने प्रावधान रहेको छ । राप्ति सोनारी गाउँपालिकाको वार्षिक बजेट तयार गर्दा उक्त कार्य गर्न नसकेपनि आगामी आ.व. हरूबाट यस कार्यलाई समयमै नै सम्पन्न गर्ने गरी यस वर्षबाट मध्यमकालीण खर्च संरचना संस्थागत गर्ने कार्य आरम्भ गरी पहिलो प्रयासको रूपमा यो दस्तावेज तयार गरिएको छ ।

गाउँपालिकाको आवधिक योजना, प्रदेश आवधिक योजना, गाउँपालिकाको राजस्व सुधार योजना समेतलाई आधार मानी यो खर्च संरचना तयार गरिएको छ । आगामी तीन वर्षमा गाउँपालिकाका सबै विषयगत क्षेत्रहरुमा भएका अवसर, चुनौती तथा आयोजनाहरू र तिनको खर्चको आकलन तथा प्रक्षेपण गरी त्रीवर्षीय खाका तयार गरिएको छ ।

जनप्रतिनिधीज्यूहरुको प्रत्यक्ष संलग्नतामा मध्यमकालीन खर्च संरचना तयार गर्न सहभागी हुने अवसर प्रदान गर्नु भएकोमा गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु, गाउँ कार्यपालिकाका सदस्यज्यूहरु लगायत सबै जनप्रतिनिधिज्यूहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

ओम प्रकाश देवकोटा

प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८०/०३/१०

# विषय सूची

# तालिका सूची

# संक्षेपिकरण

# परिच्छेद १ – परिचय

देशको शासन प्रणाली संघीयतामा रुपान्तरण भएपछि सम्पन्न भएका दुई चरणका निर्वाचनबाट तीनवटै तहमा सरकार गठन भई क्रियाशील छन् । यी तीन तहका सरकार मध्ये जनताको सबैभन्दा नजिक रहेको सरकार स्थानीय सरकार नै हो । यसले दैनिक सेवा प्रवाहका अलावा आफ्नो क्षेत्रभित्र विकासका कार्यक्रम तथा परियोजनाहरु योजनाबद्धरुपमा सञ्चालन गर्नुपर्ने हुन्छ । विकासबाट निर्धारित नतिजा हासिल गर्न प्रभावकारी सार्वजनिक खर्चको परिचालन हुनु आवश्यक हुन्छ। यस अगैया गाउँपालिकाले पनि विगतमा तयार गरेको आवधिक योजनाको कार्यान्वयन र स्थानीयस्तरमा दिगो विकास लक्ष्य हासिल गर्दै गाउँपालिकाले निर्दिष्ट गरेको लक्ष्य प्राप्त गर्न सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहेको छ। यसका लागि स्रोत-साधनको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासन उत्तिकै प्रभावकारी हुनुपर्दछ। यी पक्षहरूको प्रभावकारी व्यवस्थापन गर्ने वित्तीय औजारको रूपमा मध्यमकालीन खर्च संरचनालाई आत्मसात गरिएको छ।

मध्यमकालीन खर्च संरचनालाई स्थानीय तहको आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तादम्यता र सामञ्जस्यता कायम गर्ने महत्वपूर्ण औजारका रूपमा लिन सकिन्छ। यसले स्थानीय विकास योजनाका लक्षित नतिजा हासिल गर्न स्रोत-साधनको न्यायोचित वितरण र महत्तम परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, पूर्वाधार निर्माण तथा सेवाको गुणस्तर तथा प्रभावकारिता, वित्तीय अनुशासन जस्ता पक्षमा सुधार ल्याउँछ। यसको सकारात्मक असर स्थानीय तहको वित्त क्षेत्रमा मात्र नभई मुलुकको समग्र आर्थिक तथा वित्तीय स्थायित्वमा समेत पर्दछ।

मुलुक संघीय संरचनामा रूपान्तरण भएसँगै विगतमा केन्द्रको मातहतमा रहेको राजस्वको एकल अधिकार संविधान र कानूनी व्यवस्था अनुसार तहगत सरकारकाबीच बाँडफाँट भएपछि स्थानीय तहको खर्चको आवश्यकता पूरा गर्न अनुदानका रूपमा संघ र प्रदेशबाट वित्तीय हस्तान्तरण गर्नुपर्ने अवस्था भएकाले समग्र साधन व्यवस्थापन चुनौतीपूर्ण बनेको छ । यस सन्दर्भमा मध्यमकालीन खर्च संरचनाले विकास योजनाले लिएको लक्ष्य तथा उद्देश्य हासिल गर्न एवम् रणनीति तथा कार्यनीति कार्यान्वयन, क्षेत्रगत तथा आयोजनागत/कार्यक्रमगत प्राथमिकता निर्धारण, खर्च र स्रोतको आकलन तथा प्रक्षेपण गरी वित्त व्यवस्थापन तथा आर्थिक विकासमा सहयोग पुऱ्याउँछ। सो अनुसार यस खर्च संरचना तर्जुमा गर्दा गाउँपालिकाको योजना तथा नेपालले अनसुरण गरेको दिगो विकास लक्ष्यसँग कार्यक्रम/आयोजनाको वस्तुगत रूपमा सामञ्जस्यता कायम गर्ने गरी प्राथमिकीकरणको निश्चित मापदण्ड बनाइएको छ।

### १.२ अवधारणा तथा उद्देश्य

सार्वजनिक वित्त व्यवस्थापनको एक औजारका रूपमा रहेको मध्यमकालीन खर्च संरचनाले उपलब्ध साधन-स्रोतको आकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ। यस अन्तर्गत राजस्व, , अनुदान तथा राजस्व आँडफाँटको आकलन गरी समष्टिगत आर्थिक खाका निर्धारण गरिन्छ। यसैको

आधारमा क्षेत्रगत प्राथमिकता अनुरूप स्थानीय तहका विषयगत शाखा वा एकाइको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक मध्यम अवधिको बजेट विनियोजन र संघ र प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराउने अनुदान र राजस्व बाँडफाँट सहितको मध्यमकालीन खर्च अनुमानको खाका तयार गरिन्छ। यसरी निर्धारण भएको स्रोतभित्र रहेर विषयगत शाखाले नीति तथा कार्यक्रम कार्यान्वयनको क्रममा लाग्ने खर्च रकमको अनुमान गर्दछन्। सम्बन्धित विषयगत शाखासँगको छलफलपछि तीन वर्ष अवधिको बजेटको खाका तयार गरिन्छ।

यो खाका तयार गर्दा बजेट कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने नतिजाको पनि अनुमान गरिन्छ। यसमा पहिलो वर्षको खर्च र स्रोत अनुमानको वार्षिक बजेटसँग तादम्यता राखी बाँकी दुई वर्षको सहित तीन वर्षको नतिजा प्रक्षेपण गरिन्छ। बजेट खाकातर्फ पहिलो वर्षको बजेट कार्यान्वयनसँगै दोस्रो वर्षको वार्षिक बजेट तर्जुमा गर्दा नयाँ मध्यमकालीन खर्च संरचना तयार गरिन्छ। जसमा पहिलो वर्षको प्रगति समीक्षा गरिन्छ भने बाँकी दुई वर्षको विगतमा प्रक्षेपण गरेको अनुमानलाई परिमार्जन गरी एक थप वर्षको बजेट प्रक्षेपण गरिन्छ। यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आकलन गर्नुपर्ने हुन्छ। त्यसैले यसलाई विकासको आवश्यकता, आयोजना कार्यान्वयनको अवस्था, राजस्व र अनुदानको अनुमान समेतका आधारमा प्रत्येक वर्ष परिमार्जन गर्नुपर्ने हुन्छ। यसबाट मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन सहयोग पुर्याउँछ।

मध्यमकालीन खर्च संरचनाका उद्देश्य निम्नानुसार छन् :

- सावर्जनिक खर्च प्रणालीमा वित्त अनुशासन कायम गरी लक्षित उद्देश्य हासिल गर्नका लागि स्थानीय सरकारको मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको यथार्थपरक अनुमान गरी समष्टिगत आर्थिक खाका तथा बजेट खाका तर्जुमा गर्ने।
- स्थानीय तहका विकास योजनाको प्राथमिकताका क्षेत्रमा लगानीको सुनिश्चितता प्रदान गर्न स्रोत-साधनको विनियोजन प्रक्रियाको पुनर्संरचना गरी प्राथमिकता प्राप्त विषयगत क्षेत्रमा बजेटको बाँडफाँट गर्ने।
- स्थानीय तहको खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित नतिजा सुनिश्चित गर्ने।
- सम्बन्धित विषयगत शाखाको बजेट अनुमानलाई यथार्थपरक र प्रभावकारी बनाउने।

उल्लेखित लक्ष्य हासिल गर्न आवधिक रूपमा मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ।

### १.३ मध्यमकालीन खर्च संरचनाका विशेषता

मध्यमकालीन खर्च संरचनामा सामान्यतया देहायका विशेषता रहेका हुन्छन्।

**समष्टिगत आर्थिक खाका** : यस खाकामा स्थानीय तहको समष्टिगत अर्थतन्त्रको अवस्था, आगामी ३ वर्षको अनुमान तथा सार्वजनिक वित्त सम्बन्धी विषयवस्तुका सूचकहरु र तिनका यथार्थ तथा प्रक्षेपित मान समेटिएको हुन्छ।

**नतिजा खाका :** आवधिक योजनाले निर्धारण गरेका समष्टिगत तथा विषय क्षेत्रगत नतिजा सूचक र सोको विद्यमान अवस्था तथा आगामी ३ वर्षको लक्षित मानलाई यस खाकामा समावेश गरिएको हुन्छ।

**बजेट तथा कार्यक्रम खाका:** यस खाकामा तीन वर्षको बजेट वा खर्चको अनुमान तथा प्रक्षेपण र सो खर्च प्राप्त हुने स्रोत समावेश भएको हुन्छ। यस अवधिमा कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनाको विवरण समेत यसमा समेटिएको हुन्छ। यस खर्च संरचनामा पहिलो वर्ष वा आर्थिक वर्षको हकमा बिनियोजित बजेट अनुरूप र त्यसपछिका बाँकी दुई आर्थिक वर्षको हकमा आयोजना कार्यान्वयनको स्थिति, उपलब्ध साधन स्रोत र खर्च गर्ने क्षमतालाई आधार मानी रकम अनुमान गरिएको छ।

**आवधिक योजनासँगको अन्तरसम्बन्ध :** खर्च संरचनाले आवधिक योजना कार्यान्वयनको लागि नतिजा सूचक र लक्ष्य, स्रोतको अनुमान तथा सो अनुसारका कार्यक्रम तथा आयोजना वार्षिक बजेटमा समावेश गर्न सहयोग गर्दछ। यसको लागि योजनाको सोच, लक्ष्य र रणनीतिलाई खर्च संरचनाको सम्बन्धित विषय क्षेत्रगत खण्डमा समावेश गरिएको हुन्छ। साथै, योजनामा निर्धारित लक्ष्य र सूचकको आधारमा तीन वर्षको नतिजा खाका समावेश गरिएको हुन्छ।

**विकास कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरण:** योजनाका निर्दिष्ट लक्ष्य हासिल गर्न उपलब्ध स्रोत साधनको प्रभावकारी परिचालन गर्नुपर्ने हुन्छ। खासगरी विकास कार्यक्रम वा आयोजनाबाट हासिल हुने प्रतिफल तथा यसबाट स्थानीय तहको आर्थिक सामाजिक विकासमा पुग्ने योगदानका आधारमा प्राथमिकीकण तथा पुनःप्राथमिकीकरण गर्नु आवश्यक हुन्छ। सो अनुसार यस खर्च संरचनामा समग्र विकासका विषय क्षेत्रहरूलाई ५ क्षेत्रमा विभाजन गरी मापदण्डहरूमा सबै क्षेत्रले योगदान पुर्‍याउनु पर्ने गरी ५ सामान्य आधार र २ विषय क्षेत्रगत आधार तय गरिएका छन्।

**प्रति एकाई लागत अनुमान :** कार्यक्रम वा आयोजना कार्यान्वयनको लागि सञ्चालन गरिने क्रियाकलापको लागत अनुमान प्रतिफल वा लाभान्वित जनसंख्याको आधारमा गणना गरिन्छ। साथै, स्थानीय तहले सञ्चालन गर्ने आयोजना र कार्यक्रमका विभिन्न क्रियाकलापको प्रति एकाइ खर्च अनुमानका आधारमा कुल खर्च र स्रोतको अनुमान गरिन्छ।

### १.४ स्थानीय तहमा मध्यमकालीन खर्च संरचना सम्बन्धी कानुनी व्यवस्था

नेपालको संविधानको धारा ५९ मा आर्थिक अधिकारको प्रयोग अन्तर्गत संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र कार्यान्वयन गर्ने एवम् संघ, प्रदेश र स्थानीय तहले आआफ्नो तहको बजेट तर्जुमा गर्ने व्यवस्था रहेको छ। त्यस्तै, धारा ६० मा राजस्व सोतको बाँडफाँट अन्तर्गत राजस्व संकलन तथा बाँडफाँट एवम् वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष गरी चार प्रकारका अनुदानको व्यवस्था गरिएको छ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले नेपाल सरकार तथा प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ। ऐनको परिच्छेद ६ मा सार्वजनिक खर्च सम्बन्धी व्यवस्था रहेको छ। दफा १७ मा मध्यमकालीन खर्च संरचना सम्बन्धी नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले दफा १६ बमोजिमको

सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ। सो मध्यमकालीन खर्च संरचनामा प्रस्तावित कार्यक्रम/आयोजनाको उद्देश्य, प्रस्तावित कार्यक्रम/आयोजनाका लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुट्याउन आवश्यकताको पुष्ट्याइँ, प्रस्तावित कार्यक्रम/आयोजना कार्यान्वयन हुने आर्थिक वर्ष र त्यस पछिका दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण, प्रस्तावित कार्यक्रम/आयोजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण, खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण, प्रस्तावित कार्यक्रम/आयोजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादम्यता, चक्रीय कार्यक्रम/आयोजना भए गत आर्थिक वर्षमा छुट्याइएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण खुलाउनुपर्ने व्यवस्था छ।यस ऐनमा रहेको प्रावधानलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

१६. **सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्नेः** (१) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो कार्यक्षेत्रभित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरण तयार गर्दा चालु खर्च, पूँजीगत खर्च र वित्त व्यवस्थाका लागि आवश्यक पर्ने रकम समेत छुट्याउनु पर्नेछ ।

१७. **मध्यकालीन खर्च संरचना तयार गर्नु पर्नेः** (१) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले दफा १६ बमोजिमको सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार गरिने मध्यकालीन खर्च संरचनामा देहायका विवरण खुलाउनु पर्नेछः-

(क) प्रस्तावित योजनाको उद्देश्य,

(ख) प्रस्तावित योजनाको लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुट्याउन आवश्यकताको पुष्ट्याइँ,

(ग) प्रस्तावित योजना कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि,

(घ) प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण,

(ङ) खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण,

(च) प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादाम्यता,

(छ) सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुट्याइएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण ।

स्थानीय तहले ऐन प्रारम्भ भएको तीन वर्षसम्म आफ्नो प्राथमिकता र आवश्यकता बमोजिम मधयमकालीन खर्च संरचना बनाउन सक्ने तर आ.व. २०७८/७९ बाट अनिवार्यरूपमा मधयमकालीन खर्च संरचना बनाउनुपर्ने हुन्छ। यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ मा राष्ट्रिय स्रोत अनुमान समितिले संघ, प्रदेश र स्थानीय तहको कुल राष्ट्रिय स्रोत अनुमान गर्नुपर्ने व्यवस्था रहेको छ । स्थानीय तह समेतको स्रोत अनुमानका आधारमा मात्र कुल राष्ट्रिय स्रोत अनुमान गर्न सकिने भएको हुँदा सबै नगरपालिका तथा गाउँपालिकाले मध्यमकालीन खर्च संरचना तयार गर्नु आवश्यक छ ।

## १.१ संस्थागत व्यवस्था

स्थानीय तहमा मध्यमकालीन खर्च संरचना तयारीको लागि देहाय बमोजिमको एक कार्यदल रहनेछ। यस मध्यमकालीन खर्च संरचना कार्यदलले प्रत्येक क्रियाकलापमा एकाइगत लागत आकलन, परिमार्जनका साथै महाशाखा तथा शाखा अन्तर्गतका मध्यमकालीन खर्च संरचना तर्जुमासम्बन्धी कार्यमा समन्वय तथा सहजीकरण गर्ने र सो महाशाखा तथा शाखाको विषयगत रूपमा एकीकृत बजेट मस्यौदा तयार गर्नेछ .

(क) प्रमुख प्रशासकीय अधिकृत – संयोजक
(ख) विषयगत विभाग/महाशाखा/शाखा प्रमुखहरू – सदस्य
(ग) योजना विभाग/महाशाख÷शाखा÷एकाइ प्रमुख – सदस्य सचिव
कार्यदलले आवश्यकता अनुसार बिषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।
विषयगत रूपमा एकीकृत रूपमा बजेट तयारीका लागि कार्यदलले देहायबमोजिमका कार्यहरू सम्पन्न गर्नु पर्नेछः
(क) विषयगत समितिहरूसँग आवश्यक समन्वय गर्ने,
(ख) मध्यमकालीन खर्च संरचनासम्बन्धी मार्गदर्शनको मस्यौदा तयार गरी कार्यपालिकाम पेश गर्ने,
(ग) मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरी विषयगत समितिमा पेश गर्ने,
(घ) त्रिवर्षीय खर्चको प्रक्षेपणसहित बजेटको आकार र स्रोतको आकलन गरी स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति समक्ष पेश गर्ने,
(ङ) मध्यमकालीन खर्च संरचनासम्बन्धी अन्य कार्यहरू गर्ने ।

विषयगत योजना तर्जुमा समितिहरू

कार्यपालिकाबाट प्राप्त स्रोत सीमा तथा मार्गदर्शनभित्र रही विषयगत महाशाखा तथा शाखाहरूबाट प्राथमिकता निर्धारण भई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश भएका कार्यक्रम तथा आयोजनालाई विषयगत रूपमा छलफल, विश्लेषण र पुनःप्राथमिकता निर्धारण गरी पेश गर्ने कार्य बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा कार्यका लागि गठित विषयगत समितिहरुले गर्नुपर्नेछ । मध्यमकालीन खर्च संरचना तयारी प्रक्रियामा विषयगत समितिहरूले देहाय बमोजिमका कार्यहरू गर्नुपर्नेछ:

(क) कार्यदलबाट प्रस्तावित कार्यक्रम तथा आयोजनाहरूको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट उपर छलफल र विश्लेषण गर्ने।

(ख) विषयगत रूपमा कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरणको आधार तयार गर्ने।

(ग) कार्यक्रम तथा आयोजनाको विषयगत रूपमा प्राथिमकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने।

## १.२ तर्जुमा प्रक्रिया

**क. चालु योजना तथा कार्यक्रम, बार्षिक बजेट र राजस्वको अवस्था विश्लेषण र समीक्षा**

मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्य स्थानीय तहका लागि नवीन अभ्यास हो। यसका लागि यस गाउँपालिकाबाट खर्च संरचना आवश्यकता महसुस गरी त्यसको तर्जुमाका लागि कार्यपालिकाको बैठक बसी यसका महत्व र प्रक्रियागत चरणहरूका बारेमा आन्तरिक छलफल गरिएको थियो। यस पश्चात सम्बद्ध सरोकारवालाहरूलाई यसबारेमा जानकारी दिने र यसको महत्व र प्रक्रियाबारे स्पष्ट हुन आवश्यक भएकाले गाउँपालिका अध्यक्ष तथा अन्य कार्यपालिकाका सदस्य र कर्मचारीसमेत सहभागी गराई अभिमुखीकरण गरिएको थियो। गाउँपालिकाको मध्मयकालीन खर्च संचरना निर्माण गर्न आन्तरिक प्राविधिक क्षमता नभएकोले यस कार्यका लागि प्राविधिक परामर्शदाता छनौट गरी यस कार्य आरम्भ गरिएको थियो। परामर्शदाताबाट चालु राष्ट्रिय तथा प्रादेशिक आवधिक योजना, गाउँ सभाबाट पारित बजेट, राजस्वको स्थिति, राप्ति सोनारी गाउँपालिकाको प्रोफाइल र अन्य उपलब्ध तथ्य तथ्यांक, अध्ययन र विश्लेषण गरिएको थियो। यस कार्यमा महाशाखा/शाखा, वडा कार्यालयसँग छलफल र समन्वय गर्ने कार्य समेत गरिएको थियो।

यस क्रममा विगत आ.व. को बजेट कार्यन्वयन समीक्षा, चालु आ.व. को प्रगति, आय र खर्चको प्रवृत्ति विश्लेषण गरी स्थानीय आर्थिक खाका तयार गरिएको छ। स्थानीय आर्थिक खाकामा स्थानीय उत्पादन, रोजगारी, आय र लगानी खाका समावेश गरिएको र स्थानीय आर्थिक खाका अनुसार समष्टिगत र विषय क्षेत्रगत नतिजा प्राप्त हुने गरी स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गरिएको छ।

**ख. त्रिवर्षीय खर्चको प्रक्षेपण सहित बजेटको आकार र स्रोत आकलन**

स्थानीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकाको विगत र वर्तमान राजस्वको अवस्था र राजस्व सुधार योजनाको प्रक्षेपण तथा वास्तविक आन्तरिक आयको प्रवृत्ति विश्लेषणको आधारमा आन्तरिक आयको प्रक्षेपण गरिएको छ। त्यसैगरी सङ्घ तथा प्रदेशबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमको हकमा आगामी आर्थिक वर्षको निमित्त प्राप्त बजेट सीमाको आधारमा प्रक्षेपण गरिएको छ। नेपाल सरकारबाट प्राप्त हुने रोयल्टी रकमको प्रक्षेपण गर्दा विगत वर्षहरूमा प्राप्त भएको रोयल्टी रकमलाई आधार मानिएको छ। ऋण सहायता, जनसहभागिता तथा अन्तर स्थानीय तह साझेदारी वापत परिचालन हुनसक्ने स्रोतको हकमा क्रमशः ऋण सम्झौता, विगत वर्षको जनसहभागिताको रकमको प्रवृत्ति र गाउँपालिकाको जनसहभागिता परिचालन नीति एवम् अन्य स्थानीय तहसँग भएको समझदारीका आधारमा प्रक्षेपण गरिएको छ। गाउँपालिकाको आवधिक योजना कार्यान्वयन हुने गरी गत आर्थिक वर्षको

यथार्थ स्थिति, चालु आर्थिक वर्षको अनुमान र मध्यमकालीन खर्च संरचना एवम् विषय क्षेत्र/उपक्षेत्रगत खर्चको आवश्यकताको आधारमा खर्चको आवश्यकताको आकलन तथा प्रक्षेपण गरिएको छ ।स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना, आन्तरिक तथा बाह्य वित्तीय साधनको सम्भावना, राजस्व तथा व्ययको प्रक्षेपण र प्राथमिकताको आधारमा आगामी आर्थिक वर्षको बजेटको आकार तथा थप दुई आर्थिक वर्षको खर्च तथा स्रोतको आकार निर्धारण गरिएको छ।

**ग. बजेट सीमा निर्धारण तथा बाँडफाँट**

यस गाउँपालिकाका अध्यक्षको अध्यक्षतामा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरेको आगामी तीन वर्षको कुल स्रोत तथा खर्चको प्रक्षेपणको आधारमा तीन वर्षको बजेट सीमा निर्धारण गरिएको छ। बजेट सीमा निर्धारण तथा स्रोतको बाँडफाँट गर्दा आवधिक योजना र विषय क्षेत्रगत रणनीतिक तथा गुरुयोजनाको प्राथमिकता र लक्ष्य तथा उपलब्धिलाई आधार लिइएको छ । यसैगरी क्रमागत कार्यक्रम तथा आयोजना कार्यान्वयनको अवस्था, गाउँपालिकाका प्राथमिकताका आयोजना, पूर्वाधारका मुख्य आयोजना, सूचीकृत कार्यक्रम तथा सम्भाव्यता अध्ययन वा लागत एकीन भएका कार्यक्रम तथा विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना र उपक्षेत्रगत रूपमा पहिचान गरिएको आयोजनाका आधारमा स्रोतको बाँडफाँट गरिएको छ ।

**घ. बजेट सीमा र मार्गदर्शन स्वीकृति**

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरेको आगामी तीन वर्षको कुल स्रोत तथा खर्चको अनुमान र प्रक्षेपण, विषय क्षेत्र/उपक्षेत्रगत बजेट सीमा र मार्गदर्शन उपर कार्यपालिकामा  छलफल गरी स्वीकृत गरिएको छ । यसरी स्वीकृत भएको खर्च अनुमानमा चालु, पुँजीगत र वित्तीय व्यवस्था सम्बन्धी विवरण समावेश गरी मध्यमकालीन खर्च संरचनालाई वार्षिक बजेट तथा कार्यक्रमको लक्ष्य र उपलब्धिसँग सामञ्जस्य बनाउने प्रयास गरिएको छ ।

# परिच्छेद २ – मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमी

नेपालको संविधानले लोककल्याणकारी राज्यको अवधारणा र समाजवाद उन्मुख आर्थिक प्रणाली मार्फत मुलुकमा सुशासन, विकास र समृद्धि हासिल गर्ने परिकल्पना गरेको छ। संघीय प्रणालीमा संघ, प्रदेश र स्थानीय तहले आफ्ना विकास निर्माण र सेवा प्रवाह प्रभावकारी रूपमा सञ्चालन गर्न राजस्वको प्राप्ति र त्यसको खर्च गर्नुपर्ने हुन्छ। राज्यकोषको उपयोगमा आवश्यकता, मितव्ययिता, प्रभावकारीता, जवाफदेहीता तथा औचित्यता, सहभागिता र सामाजिक न्यायको सिद्धान्त अवलम्बन गर्नुपर्ने हुन्छ।

मध्यमकालीन खर्च संरचनाले यस गाउँपालिकाको वार्षिक बजेट तर्जुमा गर्दा मध्यमकालीन योजना र उद्देश्यका आधारमा सार्वजनिक स्रोतको नतिजामूलक परिचालन गर्न सहयोग गर्नेछ। प्राथमिकताको आधारमा आयोजनाको छनौट गरी रकम विनियोजन गर्न र प्रदेश तथा संघका आवधिक योजनाहरूले लिएका लक्ष्यहरू हासिल गर्न सहयोग गर्नेछ । "समृद्ध रासी सोनारीको आधार; शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र दीगो पूर्वाधार" भन्ने यस गाउँपालिकाको मूल नारालाई सार्थकता दिने गरी कार्यक्रम तथा आयोजनाहरू सञ्चालन गरी त्यसका उपलब्धि मापन गर्न तथा दिगो विकास लक्ष्य (Sustai○ble Development Goals) को स्थानीय रूपमा आन्तरिकीकरण गरी उपलब्धि हासिल गर्न पनि यस मध्यमकालीन खर्च संरचनाले सहयोग गर्नेछ।

## २.२ सोच, उद्देश्य तथा रणनीति

### सोच

"समृद्ध रासी सोनारीको आधार; शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र दीगो पूर्वाधार"

### उद्देश्य

१. कृषि, पर्यटन, उद्योग लगायतका क्षेत्रहरुको विकास र प्रवर्द्धन मार्फत दीगो तथा उच्च आर्थिक वृद्धि हासिल गर्ने ।
२. समुन्नत र मर्यादित जीवनका लागि शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका सामाजिक पूर्वाधारहरुको समुचित विकास गर्ने ।
३. स्तरयुक्त भौतिक पूर्वाधारहरुको विकास मार्फत आर्थिक, सामाजिक क्रियाकलापमा सहज पहूँच सुनिश्चित गर्ने ।
४. वातावरण र विकास बीच सन्तुलित सम्बन्ध बनाई दीगो विकासमा जोड दिने र प्राकृतिक प्रकोपबाट हुने क्षती न्यूनीकरण गर्ने ।
५. सहज तथा गुणस्तरीय सेवा प्रवाह र जवाफदेही सार्वजनिक सेवा मार्फत पालिकावासीलाई सुशासनको प्रत्याभूति गराउने ।

### रणनीति

**उद्देश्य १ सँग सम्बन्धित**

१. कृषि तथा पशुपालन व्यवसायलाई व्यवसायीकरण गर्नका लागि सहकार्य तथा प्रोत्साहनको व्यवस्था गर्ने
२. प्राकृतिक सौन्दर्यता, साँस्कृतिक तथा जैविक विविधतालाई उपयोगमा ल्याई पर्यटन विकास र प्रर्वद्धन गर्ने
३. कृषि, वन र खनिजमा आधारित उद्योग विकासमा निजी क्षेत्रसँग सहकार्य गर्ने र स्थानीय श्रोतमा आधारित आर्थिक विकास गर्ने ।
४. आर्थिक विकासका लागि आवश्यक भौतिक पूर्वाधारको निर्माण र संस्थागत व्यवस्था मिलाउने
५. श्रमको उचित प्रयोग गरी रोजगारी श्रृजना मार्फत गरिबी न्यूनीकरण गर्ने

**उद्देश्य २ सँग सम्बन्धित**

१. गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा सहज पहूँचको व्यवस्था गर्ने र प्राविधिक शिक्षाको अवसर बढाउने ।
२. स्वच्छ खानेपानीको उपलब्धता र सरसफाइ सेवाको सुनिश्चित गर्ने ।
३. मौलिक संस्कृति, भाषा र परम्पराको संरक्षण गर्ने
   खेलकूदको माध्यमबाट युवाहरुलाई आत्मसम्मान तथा राष्ट्रिय गौरब वृद्धिमा सरिक बनाउने ।
४. सेवा, सुविधा र अवसर वितरणमा समन्यायिक सिद्धान्त अवलम्बन गरी सामाजिक सुरक्षा र न्याय प्रणालीको प्रवर्द्धन गर्ने ।
५. सामाजिक समावेशिता, जनसहभागीता र समानतामा आधारित विकास प्रक्रिया अवलम्बन गर्ने ।

**उद्देश्य ३ सँग सम्बन्धित**

१. भौतिक पूर्वाधार विकासका लागि दीर्घकालीन नीति र भू—उपयोग योजना तयार गरी कार्यान्वियन गर्ने ।
२. संघीय सरकार तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा प्रमुख सडक तथा पुलको निर्माण गर्ने ।
३. विद्युत तथा सञ्चार सेवाको सुनिश्चितताका लागि निजी क्षेत्रसँग समेत साझेदार गर्ने ।
४. सार्वजनिक तथा सामुदायिक भवन निर्माणमा जोड दिने ।
५. वस्ती विकास तथा बजारीकरणका लागि आवश्यक पूर्वाधारको व्यवस्था गर्ने ।
६. स्थानीय पूर्वाधार निर्माण र मर्मत सुधारमा आवश्यक समन्वय र जनसहभागीता परिचालन गर्ने ।

**उद्देश्य ४ सँग सम्बन्धित**

१. विभिन्न पूर्वाधार तथा आर्थिक विकासका कार्यक्रमहरु सञ्चालन गर्दा दीगो विकासको मान्यता अवलम्बन गर्ने र प्राकृतिक सम्पदाहरुको संरक्षणमा स्थानीय प्रविधिको अधिकतम उपयोग गर्ने ।
२. राप्ती सोनारी गाउँपालिकामा रहेका विभिन्न प्राकृतिक सम्पदाहरु र जैविक विविधताका श्रोतहरुको सूची तैयारी र अद्यावधिक गर्ने ।
३. विपद् व्यवस्थापनमा संस्थागत क्षमता अभिवृद्धि, संस्थागत सहकार्य र विपद् न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि गर्ने ।

**उद्देश्य ५ सँग सम्बन्धित**

४. सार्वजनिक सेवा प्रवाहलाई पारदर्शीता, जवाफदेहिता र समय सीमा भित्र आवद्ध गरी आन्तरिक तथा बाह्य श्रोतको मितव्ययी र परिणाममुखी ढङ्गले परिचालन एवं उपयोग गर्ने
५. सामाजिक समावेशिता, जनसहभागीता र समानतामा आधारित विकास प्रक्रिया अवलम्बन गर्ने ।
६. राष्ट्रसेवकलाई जिम्मेवारी वहनमा थप परिणाममुखी र उत्तरदायी बनाउने ।
७. गाउँपालिकालाई नीति निर्माण, नियमन तथा सहजीकरण गर्ने केन्द्रको रुपमा विकास गरी सेवा प्रवाह लगायतका कार्यमा वडा कार्यालयलाई जिम्मेवार बनाउने ।
८. संस्थागत क्षमता अभिवृद्धि र नेतृत्व विकासलाई प्राथमिकता दिने ।

## २.३ चुनौती तथा अवसरहरू

**अवसर**

कृषियोग्य जमीनको उपलब्धता, जलस्रोत र वनजन्य स्रोतको पर्याप्तता तथा उपयोग गर्न सकिने अवसर, प्रादेशिक राजधानी तथा नेपालगञ्जको नजिक रहेकोले बजारको उपलब्धता, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक स्थलहरूको विकास र संरक्षणमार्फत पर्यटन विकासको सम्भावना, प्राकृतिक स्रोत, खनिजजन्य कच्चा पदार्थको उपयोग गर्न सकिने अवसर, भवन लगायत प्रशासनिक पूर्वाधार यस गाउँपालिकाको आर्थिक विकास र आन्तरिक स्रोतको लागि प्रमुख अवसरको रूपमा रहेका छन् ।
सतह तथा भूमिगत सिँचाईको सम्भावना, वैज्ञानिक वन व्यवस्थान, वन्यजन्य वस्तु उत्पादन तथा यसमा आधारित उद्योगको स्थापना, राष्ट्रिय गौरबको सिक्टा सिँचाई आयोजना, बाँके राष्ट्रिय निकुञ्ज, वनस्पति उद्यान, विभिन्न ताल तलैया, जंगल सफारी जस्ता अवलोकनीय स्थल, सडक सञ्जालको विस्तार, विद्यालयहरुको संख्यात्मक उपस्थिति, आमा समूह, महिला समूह, सहकारी संस्था गठन र स्थापना हुनु यसैगरी पूर्व पश्चिम राजमार्ग र हुलाकी राजमार्ग लगायतका सडक सञ्जाल, राष्ट्रिय प्रसारण लाइनबाट सबै वडामा विद्युत पहूँच, ८० प्रतिशत भन्दा बढी भू–भागमा बनवनस्पतिको उपस्थिति, दैनिक प्रशासन सञ्चालनमा विद्युतीय सूचना प्रणालीको प्रयोगमा वढोत्तरी, विकास निर्माणमा जनसहभागिता, स्थानीय विपद् व्यवस्थापन समितिको गठन र विपद् व्यवस्थापन कोष स्थापना लगायत अन्य अवसरहरु पनि गाउँपालिकामा उपलव्ध छन् ।

**चुनौती**

आन्तरिक बसाईसराई तथा बजारीकरणलाई व्यवस्थित गरी शहरीकरण सन्तुलित बनाउनु, साँस्कृतिक र पर्यटकीय स्थलहरूको संरक्षण र विकास गरी पर्यटन प्रवर्द्धन गर्नु, वन क्षेत्र तथा सार्वजनिक जग्गाको संरक्षण र दिगो उपयोग गर्नु, स्थानीय आवश्यकता, क्षमता र सम्भावनासहितको तथ्यांकीय आधार तयार गर्नु, गाउँ क्षेत्रभित्र खुला स्थल र सार्वजनिक स्थलको विकास गरी गाउँपालिकालाई सुन्दर बनाउनु, प्राकृतिक स्रोतको दिगो उपयोग गरी आन्तरिक आय वृद्धि गर्नु , गाउँपालिकाबाट प्रदान गरिने शिक्षा, स्वास्थ्य, खानेपानी तथा अन्य सार्वजनिक सेवाहरू सेवाग्राहीमैत्री, प्रभावकारी र जनमुखी बनाउनु, नदी किनार कटान रोकी सार्वजनिक जमीन, पूर्वाधार र वस्ती संरक्षण गर्नु, वडा कार्यालयहरूमा भवन लगायत भौतिक पूर्वाधार विकास गर्नु, कृषिमा औद्योगिकीकरण तथा यान्त्रीकीकरण गर्नु आदि प्रमुख चुनौतीको रूपमा रहेका छन् ।

यसैगरी सिमीत साधन श्रोतको परिचालन गरी बढ्दो जन आवश्यकता परिपूर्ति गर्ने, अतिक्रमणको चपेटामा परेको सार्वजनिक जग्गाको नियन्त्रण र संरक्षण गर्ने, स्वरोजगार तथा आय आर्जनका कार्यक्रम सञ्चालन गरी पालिकामा रहेको विद्यमान बेरोजगारीलाई रोजगारीको अवसर सिर्जना गर्ने र श्रम पलायनलाई रोक्ने, वन्यजन्तुबाट हुने मानवीय तथा कृषि बालीमा हुने क्षतिलाई न्युनीकरण गर्ने, शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने, घरेलु हिंसाबाट निर्मूल गर्ने, खानेपानी आपूर्ति तथा सरसफाई व्यवस्थापन भरपर्दो बनाउने, सडक, नाली निर्माण र भवन निर्माण जस्ता पूर्वाधारहरुमा विद्यमान राष्ट्रिय मापदण्ड प्रणालीलाई अवलम्बन गर्ने, अव्यवस्थित वस्तीलाई व्यवस्थित गर्ने, विभिन्न घर तथा बजारबाट निस्कने ठोस फोहरको दीर्घकालीन व्यवस्थापन गर्ने, राप्ती नदीबाट हुने कटान तथा डुबानलाई नियन्त्रण गरी धनजनको क्षति रोक्ने, प्लाष्टिकजन्य वस्तुको अत्यधिक प्रयोगबाट मानव स्वास्थ्य र कृषि योग्य भूमिमा पर्ने असरलाई नियन्त्रण गर्ने, वन क्षेत्रको अतिक्रमण, वन विनास तथा डढेलो नियन्त्रण गर्ने, वन्यजन्तु र मानव बीचको सम्बन्धलाई अनुकूल बनाउने, आधुनिक प्रविधियुक्त जनशक्तिको व्यवस्थापन गर्ने, परम्परामा आधारित नतिजामूलक अनुगमन तथा मूल्यांकन पद्धतिलाई सस्थागत गर्ने, गाउँपालिकालाई वित्तीय श्रोत साधनबाट आत्मनिर्भर बनाउने र आवश्यक कानूनहरुको तर्जुमा गरी कार्यान्वयनमा ल्याउने लगायतका अन्य चुनौतिहरु समेत गाउँपालिकाले सामना गर्नुपरेको छ ।

## २.४ प्रमुख नतिजा सूचक तथा लक्ष्यहरू

गाउँपालिकाले लिएको सोच हासिल गर्न यस मध्यमकालीन खर्च संरचनामा गाउँपालिकाको आवधिक योजनाको नतिजा सूचकको आधारमा मध्यमकालीन नतिजा सूचकहरू निर्धारण गरिएको छ।

| क्र.सं. | सूचक / लक्ष्य | एकाई | २०७९/८० को संशोधित अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| १. | कृषि उत्पादकत्व (प्रमुख बाली) | मे.ट/प्रति हेक्टर | ३.७ | ४.१ | ४.४४ | ४.४५ |
| २. | खाद्यान्न (धान, गहूँ, जौ, मकै,) उत्पादन | मे.ट. | ३३३३८ | ३७००० | ४०००० | ४२००० |

| क्र.सं. | सूचक / लक्ष्य | एकाई | २०७९/८० को संशोधित अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| ३. | प्रति व्यक्ति खाद्य उत्पादन | के.जी. | ४९४ | ५४८ | ५९२ | ५९५ |
| ४. | प्रति व्यक्ति दूधको उपभोग (वार्षिक) | लिटर | ५० | ७५ | ९१ | ९२ |
| ५. | घरेलु तथा साना उद्योग | संख्या | | १५ | २० | २२ |
| ६. | आन्तरिक पर्यटक आगमन | संख्या | | २००० | ५००० | ६००० |
| ७. | गरिबीको रेखामुनीको जनसंख्या | प्रतिशत | १७८ | १४ | ११ | १० |
| ८. | साक्षरता दर (५ वर्ष माथिको) | प्रतिशत | ९६.३४ | ९७.५० | ९८.५० | ९९ |
| ९. | शिक्षक विद्यार्थी अनुपात (मा.वि.तह) | अनुपात | १:७१ | १:५५ | १:४० | १:३५ |
| १०. | बिद्यालय बाहिर रहेका ५ देखि १५ बर्ष उमेरका बालबालिका | प्रतिशत | २.०२ | ०० | ०० | ० |
| ११. | बाल मृत्युदर (प्रतिहजार जन्ममा) | संख्या | ४५८८ | ३० | २० | १६ |
| १२. | स्वास्थ्य संस्थामा सुत्केरी गराउने गर्भवती | प्रतिशत | ६२ | ७० | ७९.६० | ८० |

| क्र.सं. | सूचक / लक्ष्य | एकाई | २०७९/८० को संशोधित अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| १३. | स्वास्थ्य संस्थामा पुग्न लाग्ने औषत समय | मिनेट | ४५ | ३० | ३० | २५ |
| १४. | एकीकृत बिशेषज्ञ सेवा मार्फत लाभान्वित जनसंख्या (बार्षिक) | संख्या | - | ७५० | १२५० | १३५० |
| १५. | प्रति व्यक्ति/प्रति वर्ष स्वास्थ्यमा भएको खर्च | रु. | ७६० | १००० | १२०० | १३०० |
| १६. | आधारभुत तहको खानेपानी उपलब्ध घरधुरी | प्रतिशत | ९.७ | ५० | ७० | ७५ |
| १७. | एक घर एक धारा अन्त्रगत धारा बितरण गरिएको घरधुरी | प्रतिशत | २.७ | ४५ | ६० | ६५ |
| १८. | पक्की शौचालय भएका घरघुरी | प्रतिशत | ४० | ६० | ७५ | ८० |
| १९. | सडकमा पहूँच भएको जनसंख्या | प्रतिशत | ९५ | ९७ | १०० | १०० |
| २०. | बाह्रै महिना यातायात चल्ने सडक | प्रतिशत | ५० | ८० | १०० | १०० |
| २१. | मोबाइल प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ९२ | ९५ | १०० | १०० |

| क्र.सं. | सूचक / लक्ष्य | एकाई | २०७९/८० को संशोधित अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| २२. | इन्टरनेट सेवामा पहुँच परिवार | प्रतिशत | ४९.४८८ | ७० | ८५ | १०० |
| २३. | विद्युतमा पहुँच पेगेको परिवर | प्रतिशत | ९० | ९७ | १०० | १०० |
| २४. | खाना पकाउन दाउरा प्रयोग गर्ने परिवार | प्रतिशत | ९१.३ | ७० | ५० | ४५ |
| २५. | बाह्रै महिना सिँचाई हुने क्षेत्र | प्रतिशत | ४४ | ७० | ९४ | १०० |
| २६. | गाँउपालिकाको बार्षिक बजेटमा आन्तरिक आयको हिस्सा | प्रतिशत | १५.६८ | १७.०४ | १८.५८ | २० |
| २७. | स्थानीय न्यिकय समितिबाट उजुरी फछर्यौट | प्रतिशत | ७० | ८० | ९० | १०० |

# परिच्छेद ३ - मध्यमकालीन बजेट र स्रोत अनुमान तथा प्रक्षेपण

## ३.१ मध्यमकालीन बजेट र स्रोतको अनुमान तथा प्रक्षेपण

आगामी तीन आर्थिक वर्षका लागि गाउँपालिकाको स्रोत अनुमान गर्दा देहायका आधार अपनाईएको छ ।

- आर्थिक वर्ष २०८०/८१ को विनियोजित बजेट तथा सो आ.व. मा राजस्व तथा खर्चको आंकलन गरिएको ।
- दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा गाउँपालिकाको आवधिक योजनाका लक्ष्य, घोषित कार्यक्रम र सो अनुसार सञ्चालन हुने कार्यक्रम तथा हासिक गर्ने नतिजालाई प्रमुख आधार मानिएको ।
- संघीय सरकारबाट प्राप्त हुने राजस्व तथा रोयल्टी बाँडफाँड, समानीकरण अनुदान, विशेष अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, प्रदेश सरकारबाट प्राप्त हुने राजस्व तथा रोयल्टी बाँडफाँड, समानीकरण अनुदान, विशेष अनुदान, सशर्त अनुदान, समपूरक अनुदानको अनुमान गरिएको ।
- बाट गाउँपालिकालाई प्राप्त हुने राजस्वलाई समेत आधार बनाईएको छ ।
- उल्लेखित आधारलाई विश्लेषण गर्दा तीन वर्षको अवधिमा कुल खर्च हुने रकम वा बजेट प्रक्षेपण गरिएको ।

## ३.२ स्रोतको अनुमान तथा प्रक्षेपण

### ३.२.१ त्रिवर्षीय स्रोतको अनुमान तथा प्रक्षेपण

**तालिका ३.१ : त्रिवर्षीय स्रोतको अनुमान तथा प्रक्षेपण**

रकम (रू. हजारमा)

| क्र.सं. | राजस्व शीर्षकहरु | राजस्व अनुमान तथा प्रक्षेपण | | |
|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | कूल आय | ८३०३५६ | ८४३८५९ | ८५२८९४ |
| २ | राजस्व | २७२४५३ | २७५१७८ | २७७९२९ |
| ३ | आन्तरिक श्रोत | ७००५० | ७०७५१ | ७१४५८ |
| ४ | राजस्व बाँडफाँडबाट प्राप्त रकम | २०२४०३ | २०४४२७ | २०६४७१ |

| क्र.सं. | राजस्व शीर्षकहरु | राजस्व अनुमान तथा प्रक्षेपण | | |
|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| ५ | अन्तर सरकारी वित्तीय हस्तान्तरण | ५५७९०३ | ५६८६८१ | ५७४९६५ |
| ६ | संघीय सरकार | ५२५००० | ५३५१२० | ५४१०६८ |
| ७ | प्रदेश सरकार | ३२९०३ | ३३५६१ | ३३८९७ |
| जम्मा | | ८३०३५६ | ८४३८५९ | ८५२८९४ |

## ३.२.२ आन्तरिक राजस्वको त्रिवर्षीय अनुमान तथा प्रक्षेपण

### तालिका ३.२: आन्तरिक राजस्वको त्रिवर्षीय अनुमान तथा प्रक्षेपण

रकम (रू. हजारमा)

| राजस्व संकेत | राजस्व शीर्षकहरु | राजस्व अनुमान तथा प्रक्षेपण | | |
|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| ११३१४ | भुमिकर/मालपोत | १२०० | १२१२ | १२२४ |
| ११३२१ | घरवहाल कर | ५०० | ५०५ | ५१० |
| १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ४०००० | ४०४०० | ४०८०४ |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ३५० | ३५३.५ | ३५७ |
| १४२४३ | सिफारिश दस्तुर | २५०० | २५२५ | २५५० |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १०० | १०१ | १०२ |
| १४२४५ | नाता प्रमाणित दस्तुर | २०० | २०२ | २०४ |
| १४२४९ | अन्य दस्तुर | ४५०० | ४५४५ | ४५९० |
| १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | ५० | ५० | ५१ |
| १४६११ | व्यवसाय कर | ६५० | ६५६ | ६६३ |
| ३२१२२ | बैंक मौज्दात (गत: मौज्दात) | २०००० | २०२०० | २०४०२ |

| राजस्व संकेत | राजस्व शीर्षकहरु | राजस्व अनुमान तथा प्रक्षेपण | | |
|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| जम्मा | | ७००५० | ७०७५० | ७१४५८ |

## ३.२.३ राजस्व बाँडफाँटको त्रिवर्षीय अनुमान तथा प्रक्षेपण

### तालिका ३.३: राजस्व बाँडफाँटको त्रिवर्षीय अनुमान तथा प्रक्षेपण

रकम (रू. हजारमा)

| राजस्व संकेत | राजस्व शीर्षकहरु | राजस्व बाँडफाँटको अनुमान तथा प्रक्षेपण | | |
|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| ११३१५ | घरजग्गा रजिष्टेशन दस्तुर | ५०५० | ५१०१ | ५१५२ |
| ११४११ | बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | १७८४०५ | १८०१८९ | १८१९९१ |
| ११४५६ | बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १८९४८ | १९१३७ | १९३२९ |
| जम्मा | | २०२४०३ | २०४४२७ | २०६४७१ |

## ३.२.४ अन्तर सरकारी वित्तीय हस्तान्तरणको त्रिवर्षीय अनुमान तथा प्रक्षेपण

### तालिका ३.४: अन्तर सरकारी वित्तीय हस्तान्तरणको त्रिवर्षीय अनुमान तथा प्रक्षेपण

रकम (रू. हजारमा)

| अनुदान संकेत | अनुदान शीर्षकहरु | राजस्व अनुमान तथा प्रक्षेपण | | |
|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १३३११ | समानिकरण अनुदान | १५६३०० | १५९०४६ | १६२२२७ |
| १३३१२ | शसर्त अनुदान  चालु | ३३८१०० | ३४४८६२ | ३४८३११ |
| १३३१३ | शसर्त अनुदान  पुँजीगत | १२१०० | १२३४२ | ११२८३ |

| अनुदान संकेत | अनुदान शीर्षकहरु | राजस्व अनुमान तथा प्रक्षेपण | | |
|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १३३१५ | विषेश अनुदान पुँजीगत | ११५०० | ११७३० | ११९६५ |
| १३३१७ | समपुरक अनुदान पुँजीगत | ७००० | ७१४० | ७२८३ |
| **संघ सरकार जम्मा** | | **५२५०००** | **५३५१२०** | **५४१०६८** |
| १३३११ | समानिकरण अनुदान | ११८५३ | १२०९० | १२२११ |
| १३३१२ | शसर्त अनुदान चालु | ४०५० | ४१३१ | ४१७२ |
| १३३१३ | शसर्त अनुदान पुँजीगत | ७००० | ७१४० | ७२११ |
| १३३१७ | समपुरक अनुदान पुँजीगत | १०००० | १०२०० | १०३०२ |
| **प्रदेश सरकार** | | **३२९०३** | **३३५६१** | **३३८९७** |
| **जम्मा** | | **५५७९०३** | **५६८६८१** | **५७४९६५** |

## ३.३ बजेट बिनियोजन र प्रक्षेपणको बाँडफाँट

### तालिका ३.५: त्रिवर्षीय बजेट अनुमान तथा प्रक्षेपणको विषय क्षेत्रगत खर्च अनुमान

रु. हजारमा

| क्र.स. | विषयक्षेत्र | आ.व. २०८०/८१ को व्यय अनुमान | | | आ.व. २०८१/८२ को व्यय अनुमान | | | आ.व. २०८२/८३ को व्यय अनुमान | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पूंजीगत | जम्मा | चालु | पूंजीगत | जम्मा | चालु | पूंजीगत | जम्मा |
| १ | आर्थिक विकास | २९०८५ | ८९०० | ३७९८५ | २८८६१ | ५१९५ | ३४०५६ | २७५५९ | ५४०५ | ३२९६३ |
| २ | सामाजिक विकास | ४२०२४१ | ३४८५४ | ४५५०९५ | ४४२८८० | ३३३८२ | ४७६२६२ | ४४३३८९ | ३२५७३ | ४७५९६२ |
| ३ | पूर्वाधार विकास | ५०० | ७२००० | ७२५०० | ५०० | ६४३४८ | ६४८४८ | ५०० | ६६७८२ | ६७२८२ |
| ४ | वन, वातावरण तथा विपद व्यबस्थापन | १५०० | - | १५०० | १५०० | - | १५०० | १५०० | - | १५०० |
| ५ | संस्थागत विकास र सुशासन | १४६५९२ | १६४५२ | १६३०४४ | १५२६३६ | ११२०४ | १६३८४० | १५७३५१ | ११४३४ | १६८७८५ |
| ६ | अन्तरसम्बन्धित क्षेत्र | २३७३२ | - | २३७३२ | २४३९२ | - | २४३९२ | २४८०६ | - | २४८०६ |
| | | | | | | | | | | |
| जम्मा | | ६२१६५० | १३२२०६ | ७५३८५६ | ६५०७६९ | ११४१२९ | ७६४८९८ | ६५५१०५ | ११६१९४ | ७७१२९८ |

| क.स. | विषयक्षेत्र | आ.व. २०८०/८१ को व्यय अनुमान | | | आ.व. २०८१/८२ को व्यय अनुमान | | | आ.व. २०८२/८३ को व्यय अनुमान | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पूंजीगत | जम्मा | चालु | पूंजीगत | जम्मा | चालु | पूंजीगत | जम्मा |
| ७ | वडागत विनियोजन | ३१०८८ | ४५४०० | ७६४८८ | ३२०८८ | ४६८६० | ७८९४८ | ३३१५९ | ४८४२४ | ८१५८३ |
| कुल जम्मा | | ६५२७३८ | १७७६०६ | ८३०३५६ | ६८२८५७ | १६०९८९ | ८४३८५९ | ६८८२६४ | १६४६१८ | ८५२८९४ |

## ३.४ प्राथमिकताको आधारमा तीन आर्थिक वर्षको व्यव  अनुमान तथा प्रक्षेपण

| क्र.स. | प्रथमिकता क्रम | आ.व. २०८०/८१ को व्यय अनुमान | आ.व. २०८१/८२ को व्यय अनुमान | आ.व. २०८२/८३ को व्यय अनुमान |
|---|---|---|---|---|
| | | बजेट (रू.) | बजेट (रू.) | बजेट (रू.) |
| १ | पहिलो प्राथमिकता | ११९४०६ | १०२९९५ | १०४६९८ |
| २ | दोस्रो प्राथमिकता | ११८०० | १००५४ | १०३३० |
| प्राथमिकीकरण नगरिएको साधारण बजेट | | ६३३१४४ | ६२२६५० | ६५१८४९ |
| | **जम्मा** | **७५३८५६** | **७६४८९८** | **७७१२९८** |

## ३.५ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

### तालिका ३.६: दिगो विकास लक्ष्य अनुसारको त्रिवर्षीय बजेट अनुमान तथा प्रक्षेपण

रु. हजारमा

| दीगो विकास लक्ष्य संकेत | दीगो विकास लक्ष्य संकेत | खर्च अनुमान तथा प्रषेपण | | |
|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | गरिबीको अन्त्य | ९१४६ | ९११६ | ९००१ |
| २ | शुन्य भोकमरी | ३१८३७ | २९५४८ | ३११४१ |
| ३ | राम्रो स्वास्थ्य र समृद्ध जीवनस्तर | ८०४५६ | ८३३४५ | ८६९८१ |
| ४ | गुणस्तरीय शिक्षा | ३५३२४९ | ३६८६१२ | ३६४३८० |
| ५ | लैंगिक समानता | ८००६ | ८२४६ | ८५०७ |
| ६ | स्वच्छ पानी र सरसफाई | ४४०० | १६५० | १८१५ |
| ७ | खर्चले धान्न सकिने स्वच्छ उर्जा | १३०० | १३१६ | १३३३ |
| ८ | मर्यादित काम र आर्थिक बृद्धि | ६५९५२ | ५४७५६ | ५६७२७ |
| ९ | उधोग प्रबर्दन र पूर्वाधार | २१७१९ | २१३६४ | १९२८५ |
| १० | असमानता घटाउने | ७०० | ७०० | ७०० |
| ११ | शहर र समुदायहरुको दिगोपना | १३९०० | १६६०० | १६६०० |
| १२ | उपभोग र उत्पादनमा जिम्मेवारीपना | २४ | २५ | २४ |
| १३ | जलवायुसम्वन्धी कार्य | ८००० | ८३४३ | ८७१५ |
| १५ | भूसतहको जीवन | २५३८ | २५७३ | २५५९ |
| १६ | शान्ति, न्याय र सबल संस्थाहरु। | १५१३४४ | १५७३४५ | १६२२४६ |
| १७ | लक्ष्यहरुका निम्ति साझेदारी | १२८५ | १३६० | १२८५ |

| दीगो विकास लक्ष्य संकेत | दीगो विकास लक्ष्य संकेत | खर्च अनुमान तथा प्रषेपण | | |
|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| कुल | | **७५३८५६** | **७६४८९८** | **७७१२९८** |

## ३.६ लैंगिक संकेतको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

### तालिका ३.७: लैंगिक संकेत अनुसारको बजेट

रु. हजारमा

| क्र.स. | लैंगिक समावेशिकरणमा योगदान | आ.व. २०८०/८१ को व्यय अनुमान | आ.व. २०८१/८२ को व्यय अनुमान | आ.व. २०८२/८३ को व्यय अनुमान |
|---|---|---|---|---|
| | | बजेट (रू.) | बजेट (रू.) | बजेट (रू.) |
| १ | प्रत्यक्ष योगदान | २३३४४.० | २१२३८.२ | २१६३६.५ |
| २ | अप्रत्यक्ष योगदान | ८००७५.० | ८३६३२.८ | ८२३८६.६ |
| ३ | तटस्थ | ६४९९३७.० | ६५९५२७.४ | ६६६७७४.९ |
| संकेत नगरिएको | | ५०० | ५००.० | ५००.० |
| | **जम्मा** | **७५३८५६.०** | **७६४८९८.३** | **७७१२९८.०** |

# परिच्छेद ४ – आर्थिक क्षेत्र

## ४.१ कृषि विकास

### पृष्ठभूमी

राप्ती सोनारी गाउँपालिका भित्र भएर नदी किनारामा अवस्थित फाँटहरू, र टारहरू कृषि उत्पादनका दृष्टिकोणले निकै उर्वर छन्। नगरपालिकाको भू-उपयोगको अवस्था अनुसार ३८.९२% भू-भाग खेतीयोग्य जमिन रहेको छ। व्यावसायिक ढाँचाले कार्यान्वयन गर्न सके नगरपालिकामा आय उत्पादनको मुख्य स्रोत कृषि नै हो। कलेस्ती, रिस्ती, छाब्दी र सांगे भ्यालीको उर्वर भूमिमा खेती गर्न यीनै नदीहरूो पानीबाट सिंचाइ गरिन्छ। नगरपालिकाको धेरै भागमा परम्परागत रूपमै खेती गर्ने गरिएको भएता पनि पछिल्लो समयमा व्यावसायिक खेती तर्फ आकर्षण बढेको छ। नगरपालिकामा सिंचित कृषियोग्य जमिन जम्मा ४९,४०० रोपनी रहेको छ तथा असिंचित कृषियोग्य जमिन जम्मा ४०,२०० रोपनी रहेको छ।

### चुनौती तथा अवसर

### चुनौती

सिंचाइ व्यवस्थापनका लागि ठूला आयोजनाहरूको निर्माण हुन नसकेकोले यहाँका फाँटहरू बाँझो देखिन्छन। फाँटहरू बाँझो देखिनुमा युवा जनशक्ति विदेश पलायन हुनु र अव्यवस्थित शहरीकरणबाट सृजित जग्गाको खण्डीकरणमा वृद्धि हुनु प्रमुख कारकका रूपमा रहेका छन्। उपर्युक्त सन्दर्भमा जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरूत्साहित गरी कृषि क्षेत्रमा लगानी वृद्धि गर्न, र महत्वपूर्ण कृषि उपजहरूको मूल्य श्रंखलाको विकास गरी कृषि पेशालाई प्रतिस्पर्धी, नाफामूलक, सम्मानजनक र व्यावसायिक रूपमा स्थापित गर्नु ठूलो चुनौती देखिन्छ।

**अवसर**

कृषि नै व्यास नगरबासीको जनजीवनको मुख्य आर्थिक स्रोतको रूपमा रहेको छ। साँगे, बुल्दी, कलेस्ती, रिस्ती र छाब्दी खोलाका दायाँवायाँ रहेका फाँटहरू कृषि कार्यका लागि उर्भर र सदावहार छन् भने कुमालटारी, बैरेनी र भादगाउँ जस्ता साना ठूला टारहरूमा सिंचाई व्यववस्थापन गर्न सके खाद्य सुरक्षामा आत्म निर्भर हुन सक्ने ठूलो सम्भावना देखिन्छ। कृषि बालीहरू, पशुपलान, मौरीपालन, माछापालन लगायतका पकेट क्षेत्रहर विस्तार गरि कृषिलाई आधुनिकीकरण, व्यावसायिकरण र उत्पादनको बजारीकरण गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।

### सोच

व्यावसायिक कृषि प्रणालीको विकासमार्फत उत्पादन र उत्पादकत्व वृद्धि ।

### उद्देश्य

१. कृषि र पशुपालन क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी कृषकको जीवनस्तरमा सुधार गर्नु।
२. सम्भाव्यताको आधारमा कृषि पकेट क्षेत्र घोषणा गरी प्राथमिकताका साथ कार्यक्रम सञ्चालन गर्नु।
३. पशुपालन क्षेत्रको विशिष्टिकरण, व्यावसायीकरण, र बजारीकरण गर्नु।

### रणनीति

**१.** एक वडा एक उत्पादनका अवधारणामा आधारित भै हरेक वडालाई कृषि केन्द्रको रूपमा विकास गर्ने।

२. कृषि क्षेत्रको सम्भाव्यताको आधारमा कृषि क्षेत्र घोषणा गर्ने र प्राथमिकताका साथ कार्यक्रम सञ्चालन गन
३. पशुपालन र पशुपंक्षीजन्य उपजको विशिष्टिकरण गरी उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गर्ने ।

## प्रमुख नतिजा सूचक

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १. | कृषि उत्पादकत्व ( प्रमुख बाली) | मे.ट/प्रति हेक्टर | ३.७ | ४.१ | ४.४४ | ४.४५ |
| २. | खाद्यान्न (धान, गहूँ, जौ, मकै,) उत्पादन | मे.ट. | ३३३३८ | ३७००० | ४०००० | ४२००० |
| ३. | प्रति व्यक्ति खाद्य उत्पादन | के.जी. | ४९४ | ५४८ | ५९२ | ५९५ |
| ४. | उत्पादन र बजारीकरण सहकारीमा आवद्ध सदस्य | प्रतिशत | ५० | ५८ | ६५ | ७० |
| ५. | सक्रीय व्यवसायिक कृषि फर्म | संख्या | ४५ | ५० | ५५ | ६० |
| ६. | कम्पोष्ट र जैविक मल उत्पादन | मे.ट. | १५०० | १८०० | २००० | २२०० |
| ७. | कोल्ड स्टोर | संख्या | १ | २ | २ | २ |
| ८. | स्मार्ट कृषि गाउँ | संख्या | १ | २ | ३ | ३ |
| ९. | कृषिको सुपर जोन | संख्या | १ | २ | ३ | ४ |
| १०. | कृषि उपज संकलन तथा बजार प्रवर्द्धन केन्द्र | संख्या | १ | ५ | ८ | १० |
| ११. | व्यवसायिक कृषि नर्सरी | संख्या | २५ | २८ | ३० | ३० |

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १२. | पकेट क्षेत्रबाट मकैको बिउ उत्पादन | मे.ट. | ८ | १२ | १५ | १८ |
| १३. | आलु उत्पादन | मे.ट. | ३०० | ६०० | ८०० | ८०० |
| १४. | अदुवा, वेसार र अन्य मसला उत्पादन | मे.ट. | ५० | ७५ | १०० | १२० |
| १५. | फलफूल उत्पादन | मे.ट. | १०० | २०० | ३५० | ४०० |
| १६. | तरकारी उत्पादन | मे.ट. | २१० | ३५० | ४५० | ५०० |
| १७. | दलहन उत्पादन | मे.ट. | ११०० | १४०० | १५५० | १६०० |
| १८. | तेलहन उत्पादन | मे.ट. | ७५० | ९०० | १००० | १२०० |
| १९. | मसलाजन्य वस्तु उत्पादन | मे.ट. | २६० | ३५० | ४५० | ५०० |
| २०. | मकै उत्पादन | मे.ट. | १७०० | २२०० | २५०० | २६०० |
| २१. | धान उत्पादन | मे.ट. | २१००० | २५००० | २८००० | २८००० |
| २२. | गहूँ र जौ उत्पादन | मे.ट. | १३००० | १५००० | १८००० | २०००० |
| २३. | मौसमी वर्षामा आधारित खेतमा सिँचाई सुविधा भएका घरधुरी | प्रतिशत | ७० | ७५ | ८० | ९० |
| २४. | कृषि प्राविधिक | संख्या | ५२ | ६१ | ६१ | ६५ |
| २५. | अगुवा वा व्यवसायिक कृषक | संख्या | ६० | ८० | १०० | ११० |
| २६. | कृषि यन्त्र (टिलर, कर्नसेलर, स्प्रेयर आदि) | संख्या | १०० | २०० | ३०० | ३२० |

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| २७. | सक्रीय व्यवसायिक कृषि समूह | संख्या | ७८ | ९६ | १०५ | ११० |
| २८. | प्रयोगमा आएका सिँचाई प्रविधि (कूलो, नहर, बोरिङ, लिफ्ट आदि) प्रयोग गर्ने घरधुरी | संख्या | ५४३० | ६००० | ७००० | ७५०० |
| २९. | कृषि सेवा केन्द्र | संख्या | ३ | ३ | ४ | ५ |
| ३०. | बाह्रै महिना सिँचाई हुने कृषक घरधुरी | प्रतिशत | ४४ | ७० | ९४ | १०० |
| ३१. | मिनि पावर टिलर, कर्न सेलर तथा स्प्रेयर | गोटा | ० | १२० | १५० | १६० |
| ३२. | कृषिका विभिन्न पकेट क्षेत्र | संख्या | ६ | १२ | १५ | १६ |
| ३३. | पकेट क्षेत्रलाई सुपरजोनमा बृद्धि | संख्या | ० | १ | २ | ३ |
| ३४. | कृषि पर्यटन सञ्चालन स्थान | संख्या | ७ | ८ | ९ | १० |
| ३५. | अर्गानिक खेति उत्पादन क्षेत्र | हेक्टर | ० | ७ | ९ | १० |
| ३६. | धानको बिउ पकेट क्षेत्र | संख्या | ० | १ | १ | २ |
| ३७. | तरकारी पकेट क्षेत्र | संख्या | ३ | ५ | ७ | ८ |
| ३८. | फलफूल पकेट क्षेत्र | संख्या | १ | २ | २ | ३ |
| ३९. | मकै पकेट क्षेत्र | संख्या | २ | ४ | ५ | ६ |

**प्रमुख कार्यक्रम**

- औद्योगिक कृषि बजार निर्माण कार्यक्रम ।
- खाद्य भण्डारण केन्द्र र शीत भण्डार निर्माण कार्यक्रम ।
- कृषि विकास योजना तर्जुमा
- जैबिक मल उत्पादन कार्यक्रम
- जग्गाको खण्डीकरण र बाझो राख्ने प्रवृतिलाई निरुत्साहित गर्न आवश्यक नीति निर्माण र कार्यान्वयन ।
- कृषक परिचयपत्र वितरण कार्यक्रम
- व्यवसायिक खेती गर्ने कृषक लक्षित अनुदान तथा प्राविधिक सहयोग कार्यक्रम ।
- कृषक वर्गीकरणको आधारमा कृषकलाई दिइने सेवा सुविधाको स्तर निर्धारण सम्बन्धी निर्देशिका निर्माण ।
- ऐलानी जग्गामा खेती गर्ने कृषकहरुलाई कृषि सेवा सहुलियतको लागि नीति निर्माण ।
- खाद्य सुरक्षा सुनिश्चित गरी निर्यात उन्मुख कार्यक्रमको योजना तर्जुमा ।
- रैथाने धान बाली (रुद्री, गौरी, धनमनी) लाई संरक्षण तथा प्रर्वद्धन कार्यक्रम ।
- कृषि क्षेत्रमा बृहत लगानी गर्ने निजि क्षेत्रमैत्री नीति निर्माण ।
- कृषि उपजको न्यूनतम मूल्य तोकी प्रचार प्रसार र कार्यान्वयन लागि नीति निर्माण ।
- सामूहिक सहकारी खेती सञ्चालन कार्यक्रम ।
- कृषक तालिम सञ्चालन तथा क्षमता विकास कार्यक्रम ।
- कृषि उपज संकलन र बिक्री केन्द्र प्रवर्द्धन कार्यक्रम ।
- कृषक भ्रमण कार्यक्रम ।
- डिजिटल स्वाएल म्यापिङ प्रणाली लागु गरी माटो सुधार कार्यक्रम ।
- किट (मौरी, च्याउ) खेती सञ्चालन र प्रवर्द्धन कार्यक्रम ।
- कृषि बीमालाई प्रभावकारी बनाउन बीमा कम्पनी र कृषकहरुसँग समन्वयात्मक सञ्जाल कार्यक्रम । अपेक्षित उप०धी
- योजना कार्यान्वयन पश्चात कृषि तथ्यांक अद्यावधिक भएको हुने ।
- कृषक पहिचान तथा वर्गीकरण गरी कृषक परिचय पत्र वितरण भएको हुने ।
- कृषिमैत्री नीति, नियम र निर्देशिकाहरु निर्माण भई लागु भएको हुने, खाद्य भण्डार केन्द्र र सीतगृह निर्माण भएको हुने ।
- कृषिको विशिष्टिकरण गरी पकेट क्षेत्र घोषणा गरिएको हुने ।
- कृषिलाई सम्मानित पेशा बनाई आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायिकरण गरिएको हुने ।
- कृषिको उत्पादन र उत्पादकत्व वृद्धि भएको हुने ।

## ४.२ पशुपन्छी विकास

### पृष्ठभूमी

कुपोषण हटाउन र सन्तुलित आहाराको लागि पशुपंक्षीको विकास र प्रवर्द्धन गर्न आवश्यक छ । स्वच्छ र गुणस्तरीय पशुपंक्षीजन्य वस्तु उत्पादन गरी राप्ती सोनारी गाउँपालिकालाई आत्मनिर्भर बनाउदै निर्यात प्रवर्द्धन गर्न सकिएको छैन ।राप्ती सोनारी गाउँपालिकाको ठूलो जनसंख्या कृषि तथा पशुपालनमा निर्भर छ । गाउँपालिकाको वस्तुस्थिति विवरण

अनुसार ३१.३% कृषक परिवाले गाई, २८.४% कृषक परिवारले भैंसी, ५८.१% कृषक परिवारले बाख्रा, १९.२% कृषक परिवारले सुंगुर तथा बंगुर र २४% कृषक परिवारले कुखुरा पालेको देखिन्छ। एउटै कृषक परिवारले गाई, भैंसी, बाख्रा, सुंगुर, बंगुर तथा कुखुरा पालेको तथ्यांक पनि माथिकै प्रतिशत भित्र समावेश भएकोले पशुपालन व्यवसायिकको जनसंख्या जम्मा ०.५% छ। पालिका भित्र २५७ वटा पशुपंक्षी फम दर्ता भए पनि व्यवसायिक रुपमा क्रियाशील पशुपालक समूह जम्मा ६ वटा छन्। सुधारिएको गोठ, पशु दाना, आहार र घाँस तथा चरन क्षेत्रको विकास, कृत्रिम गर्भाधान र समय–समयमा पशुहरुमा लाग्ने सरुवा रोगको समुचित व्यवस्थापन हुन नसक्दा कृषकहरुले अपेक्षित मात्रामा पशु व्यवसायबाट उचित लाभ लिन सकेका छैनन्। दुग्ध व्यवसायी ६ वटा, २२ वटा भेटनरी पसल व्यवसायी, ४० वटा पोल्ट्रि फार्म र १ वटा माछा उत्पादन केन्द्र हुनुले गाउँपालिका दुध, माछा, मासु, अण्डा उत्पादनमा आत्मनिर्भर हुन सकेको देखिदैन। यहाँको पशुपालन हावापानी तथा प्राकृतिक श्रोतमा निर्भर छ। वैज्ञानिक विधिबाट पशु गोठ तथा खोरहरुको निर्माण, उन्नत नश्ल सुधार, पशुपंक्षी आहार, पशुपंक्षी  सेवा, पशु स्वास्थ्य परामर्श सेवा, पशुपंक्षी बीमाको व्यवस्था, पशुपंक्षी पालकलाई सुलभ ऋणको व्यवस्था, बजारीकरणको व्यवस्था र पशुपंक्षी पालनमा सहकारी प्रणालीको विकास गर्न सके पशुपंक्षी विकासबाट आय आर्जन गर्न सक्ने प्रशस्त सम्भावनाहरु छन्।

## चुनौती तथा अवसर

### चुनौती

- सामुदायिक वनमा आलोपालो गरी क्षेत्र छुट्टाउदै पशुहरुलाई चरीचरणको व्यवस्थागर्न सकिने।
- गाईपालन, भैंसीपालन, सुंगुर तथा बंगुरपालन, कालीजपालन, टर्कीपालन, कडकनाथ कुखुरापालन, लोकल कुखुरापालन, बट्टाईपालन गरी रोजगारी मार्फत लाभ लिन सकिने अवस्था रहेको।
- विदेशबाट फर्किएका र गाउँमा बसेका युवाहरुको समूह बनाई पशुपंक्षी पालन गर्न सकिने
- राप्ती सोनारी गाउँपालिकामा कतिपय सीमसार क्षेत्र भएकोले मत्स्य पालन गर्न सकिने।
- पशुपालन क्षेत्रमा निजी, सहकारी तथा गैहसहकारी क्षेत्रको लगानी गर्दै पशुजन्य वस्तुको उत्पादन मार्फत निर्यात प्रवर्द्धन गरी आय आर्जन गर्न सकिने।

### अवसर

- पशुपालन व्यवसाय तर्फ युवा वर्गलाई उत्प्रेणा जगाउने।
- पशु सेवा प्रचार प्रसार, उन्नत नश्ल, भ्याक्सिन, पशुपंक्षी बिउ विजन, बजारीकरण, पशुपंक्षी आहारा, पशुपंक्षी पालकलाई सुलभ ऋण आदिको कुशलतापूर्वक व्यवस्था गर्ने।
- युवाहरुको विदेश पलायन रोकी पशुपंक्षी विकासलाई दिगो बनाउने।

### सोच

पशुपंक्षीपालन तथा मत्स्य विकासको आधार; राप्ती सोनारीका युवाहरुको रोजगार

## उद्देश्य

- पशुपंक्षी तथा मत्स्यजन्य उत्पादनमा पालिकालाई आत्मनिर्भर बनाउँदै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्नु।
- पशुपंक्षी तथा मत्स्यजन्य व्यवसायलाई वातावरणमैत्री र पर्यटनमैत्री बनाई परिणाममुखी र प्रतिस्पर्धी बनाउनु।

## रणनीति

- प्रतिस्पर्धी क्षमताको विकास गरी खाद्य सुरक्षाको सुनिश्चित गर्ने र पशुपंक्षी तथा मत्स्यजन्य उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने।
- पशुपालन क्षेत्रमा निजी, सहकारी तथा गैर सरकारी क्षेत्रको लगानी अभिवृद्धि गरी पशुजन्य निर्यात प्रवर्द्धन गर्ने।
- पशुपालन व्यवसाय प्रवर्द्धनका लागि स्वच्छ वातावरणमा पौष्टिक आहारको व्यवस्था गर्ने र पशुपालकमैत्री नीति निर्माण गर्ने।
- पशुपालन व्यवसालयलाई आन्तरिक पर्यटनमैत्री बनाउने।

## प्रमुख नतिजा सूचक

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १. | पशुपंक्षीका विभिन्न श्रोतबाट मासु उत्पादन | मे.ट. | ४५३ | ५०० | ६०० | ६०० |
| २. | वार्षिक अण्डा उत्पादन | गोटा | २३४५२५० | २५००००० | २७००००० | ३०००००० |
| ३. | वार्षिक दूध उत्पादन | मे.ट. | २७६० | ३००० | ३२०० | ३३०० |
| ४. | प्रति व्यक्ति दूधको उपभोग (वार्षिक) | लिटर | ५० | ७५ | ९१ | ९२ |
| ५. | प्रति व्यक्ति अण्डा (वार्षिक) | गोटा | ३५ | ४० | ४८ | ५० |
| ६. | प्रति व्यक्ति मासु (वार्षिक) | के.जी. | ७ | १३ | १८ | २० |

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| ७. | क्रियाशील पशुपालक समूह | संख्या | ६ | १५ | २४ | २५ |
| ८. | पशुपालक कृषक ज्ञान केन्द्र | संख्या | १ | ४ | ६ | ७ |
| ९. | मत्स्यपालन केन्द्र | संख्या | ४ | ६ | ८ | ९ |
| १०. | अगुवा कृषकहरुलाई तालिम (वार्षिक) | संख्या | ० | २७० | ४५० | ४६० |
| ११. | पशुपंक्षी फार्म | संख्या | २५७ | ३०० | ३२५ | ३२६ |
| १२. | दाना तथा मिनरल सप्लिमेण्ट उद्योग | संख्या | १ | २ | ३ | ४ |
| १३. | गैर सरकारी संस्थासँग सहकार्य | संख्या | १ | २ | ३ | ४ |
| १४. | पालिका बाहिर निर्यात हुने बोका/खसी, भेंडा वार्षिक) | संख्या | ५६२८ | ६५०० | ७२०० | ७२०० |
| १५. | ह्याचिङ मेसिन | संख्या | ० | १ | २ | २ |
| १६. | दूध डेरी | संख्या | ६ | ७ | ९ | १० |
| १७. | मासु पसल | संख्या | ११७ | १२५ | १३० | १४० |
| १८. | भेटेनरी पसल | संख्या | २२ | २५ | ३० | ३१ |
| १९. | पशुपंक्षी औषधालय | संख्या | ० | ६ | १० | ११ |
| २०. | सुधारिएको गोठ र खोरहरु | संख्या | ९ | ३० | ५० | ५३ |
| २१. | घाँस वाली श्रोत ब्लक | संख्या | ० | ७ | ९ | १० |

| क.सं. | सूचक/लक्ष्य | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| २२. | ज्ञान केन्द्र मार्फत एकीकृत पशुपंक्षी सेवा | संख्या | १ | ३ | ५ | ६ |
| २३. | पशुपंक्षी हाटबजार | संख्या | ० | १ | २ | ३ |
| २४. | माछा उत्पादन केन्द्र | संख्या | १ | ३ | ५ | ७ |
| २५. | मौरी उत्पादन पकेट क्षेत्र | संख्या | १ | ३ | ५ | ६ |
| २६. | आन्तरिक अवलोकनमैत्री फर्म | संख्या | ० | १० | १५ | १६ |

### प्रमुख कार्यक्रम

- दुग्ध संकलन तथा प्रशोधन केन्द्र निर्माण कार्यक्रम।
- दुग्ध उत्पादन समूह गठन (वडा नं.९, ८, २, ७)) बाख्रा श्रोत केन्द्र स्थापना र सञ्चालन।
- न्यूनतम ३ वटा बाख्रा पालन पकेट क्षेत्र संचालन
- डालेघाँसको नर्सरी स्थापना कार्यक्रम सञ्चालन।
- उन्नत खोर, गोठ निर्माणका लागि पूर्वाधार निर्माणमा सहुलियत कार्यक्रम।
- पशुपंक्षी हाटबजार निर्माण कार्यक्रम।
- पशुपालक कृषकहरुलाई तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम।
- पशु सेवा प्रवर्द्धन कार्यक्रम।
- नश्ल सुधार कार्यक्रम।
- स्थानीय कुखुरा तथा पंक्षीजन्य वस्तु प्रवर्द्धन कार्यक्रम।
- ठूला फर्म खोल्ने निजी क्षेत्रलाई प्रोत्साहन कार्यक्रम।

## ४.३ घरेलु तथा साना उद्योग

### पृष्ठभूमी

मुलुकको कुल गार्हस्थ्य उत्पादनमा महत्वपूर्ण योगदान रहेको साना तथा घरेलु उद्योगको विकास गर्न सकिएमा स्थानीय तहका जनमानसको आय आर्जन वृद्धि गर्न सकिन्छ। यस गाउँपालिकामा पनि तीब्र औद्योगिकरण र शीघ्र प्रतिफल प्राप्त हुने औद्योगिक पूर्वाधार निर्माण गर्नु आवश्यक छ। स्थानीय श्रम, सीप र कच्चा पदार्थमा आधारित लगानीलाई प्राथमिकता दिई राप्ती सोनारी गाउँपालिकामा घरेलु तथा साना उद्योग स्थापना गर्न आवश्यक छ। गाउँपालिकाको अधिकांस क्षेत्र वनले ढाकेको र धेरे सामुदायिक वन भएको कारणले वनजंगलबाट तुलनात्मक लाभका घरेलु तथा साना उद्योग मार्फत वस्तु उत्पादन र प्रवर्द्धन गरी रोजगारीको सिर्जना र आय आर्जन गर्ने सम्भावना प्रवल छ। स्थानीय सरकारले कृषि तथा वन्यजन्य श्रोत, घरेलु तथा साना उद्योगलाई सहुलियत प्रदान गर्ने कार्यनीति निर्माण गरी श्रम बजारमा प्रवेश गर्न चाहने तथा वैदेशिक रोजगारी गुमाएका श्रमिकहरुलाई काम र रोजगारीको सुनिश्चितता गर्दै पालिकाको उत्थानशील अर्थतन्त्र निर्माण गर्नुपर्छ।

## चुनौती तथा अवसर

### चुनौती

- घरेलु तथा साना उद्योगमैत्री नीतिगत व्यवस्थालाई अनकूल बनाई कार्यान्वयन गर्ने।
- उद्योग सञ्चालनका लागि आवश्यक पूँजी र कामदारको व्यवस्थापन गर्ने। उद्योग सञ्चालनको लागि निजी क्षेत्रको उत्प्रेणा जगाउने।

**अवसर**

वनजंगल, वनजन्य वस्तुहरुको प्रयोग गरी उद्योग सञ्चालन गरी लाभ लिन सकिने।

- पालिकाको ठूलो जनसंख्या कृषिमा आधारित भएकोले कृषिजन्य उद्योगहरु सञ्चालन गर्न सकिने।
- उद्यमशील महिला समूह गठन गरी विभिन्न खालका सामाग्री उत्पादन गरी उद्योग सञ्चालन गर्न सकिने।
- उद्योगहरुको वर्गीकरण, विविधिकरण र ब्राण्डिङ गरी बाह्य निर्यातबाट आय आर्जन गर्न सकिने।
- युवा जनशक्तिलाई औद्योगिक उत्पादनमा आकर्षण र परिचालन गर्न सकिने।

## सोच

- घरेलु तथा साना उद्योगको विकासमार्फत समृद्ध गाउँ निर्माण।

## उद्देश्य

पर्यटन, वन, खाद्य र खनिजमा आधारित उद्योगहरु सञ्चालन र प्रवर्द्धन गरी राप्ती सोनारीलाई निर्यात उन्मूख गाउँपालिका बनाउनु।

## रणनीति

- संघ र प्रदेशसँग समन्वय गरी वनजन्य र खनिजजन्य उद्योगसँग सम्बन्धित आवश्यक नीति, कानून तर्जुमा गर्ने।
- पर्यटन, वन र खनिजजन्य उद्योगहरु सञ्चालनका लागि पूर्वाधार निर्माण सहित प्रवर्द्धन गर्ने।

**प्रमुख नतिजा सूचक**

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १. | औद्योगिक ग्राम | संख्या | ० | १ | १ | १ |
| २. | जडिबुटी प्रशोधन उद्योग | संख्या | २ | ३ | ४ | ५ |
| ३. | ढुङ्गा, गिट्टी तथा बालुवासँग सम्बन्धित क्रसर उद्योग | संख्या | ३ | ३ | ३ | ४ |
| ४. | जैविक मल उत्पादन उद्योग | संख्या | ० | १ | २ | ३ |
| ५. | घरेलु तथा साना उद्योगको संख्या | संख्या | | १५ | २० | २२ |
| ६. | उद्योगमैत्री नीति/कार्यविधि तर्जुमा | संख्या | ० | १ | १ | १ |
| ७. | स्तरीय होटल, मोटल, रेष्टुरेण्ट र रिसोर्ट | संख्या | | ५ | ७ | ८ |
| ८. | वन, खानी र खनिजजन्य वस्तुहरुको अध्ययन अनुसन्धान | संख्या | ० | १ | २ | ३ |
| ९. | स्तरीय होटल, मोटल, रेष्टुरेण्ट र रिसोर्ट | संख्या | | ५ | ७ | ८ |
| १०. | वन, खानी र खनिजजन्य वस्तुहरुको अध्ययन अनुसन्धान | संख्या | ० | १ | २ | ३ |

**प्रमुख कार्यक्रम**

१. उद्योग व्यवसायको संभावना अध्ययन र अनुसन्धान

२. औद्योगिक ग्रामको गुरूयोजना तयार गरी कार्यान्वयन स्थानीय स्तरमा लगानी सम्मेलनको आयोजना
३. कोशेली घर सञ्चालन
४. व्यवसाय प्रवर्द्धन तालिम कार्यक्रम
५. औद्योगिक तथा व्यवसायिक सहुलियत
६. वैदेशिक लगानी आकर्षण

## ४.३ खानि तथा वन

### पृष्ठभूमी

राप्ती सोनारी गाउँपालिकाको८० प्रतिशत भू–भाग वनजंगलले ढाकेको छ र यहाँ ७४ वटा सामुदायिक वन रहेका छन् । यस पालिकामा रहेका सामुदायिक वनहरुको प्रचुर उपयोग गरी जनताहरुको आय स्तर वृद्धि गर्न सकिन्छ । सामुदायिक वनको खाली जग्गाहरुमा वृक्षारोपण र खेती गरी प्रसस्त लाभ लिन सकिने अवस्था छ । यस गाउँपालिकाका विभिन्न वडाहरुको तथ्यांकले हरेक ४–५ वर्षमा गैरकाष्ठ सामुदायिक वनको उत्पादनबाट प्रति सामुदायिक वन काठको छटानी गर्दा ३०–४० लाखसम्म आम्दानी भएको देखाउँछ । अप्रत्यक्ष रुपमा ७४ वटा सामुदायिक वनले कृषकहरुलाई गाईवस्तु पालनका लागि चरीचरन, प्राङ्गारिक मल उत्पादनका लागि स्याउला सोत्तर, घरगोठमा आगलागी हुँदा सामुदायिक वनबाट काठ र खर उपलब्ध गराई विपद्को बेला सेल्टरको व्यवस्था गर्नको लागि योगदान दिएको छ । यस गाउँपालिकाको प्रमुख आन्तरिक आयश्रोतको रुपमा नदीजन्य खानीहरुबाट प्राप्त हुने  ढुङ्गा, गिट्टी र बालुवा रहेको छ । गाउँपालिकाले वातावरणीय प्रभाव मूल्यांकन तथा अन्य आवश्यक कानून बनाई ८ वटा क्रसर उद्योगलाई कानूनी दायरा भित्र राख्दै नदीजन्य उत्पादनको निर्यातबाट उल्लेख्य आय वृद्धि गरी रोजगारी सिर्जना एवं विकास निर्माणका कामहरु गर्नसकिन्छ ।

### चुनौती तथा अवसर

#### चुनौती

- वनपैदावार,  जडिबुटी र खानीजन्य उत्पादन सहज उपयोगका लागि नीतिगत व्यवस्था गर्ने ।
- अमूल्य काठ तथा जडिबुटीहरुको पहिचान र संरक्षणको व्यवस्थापन गर्ने ।
- ढुङ्गा खानी र गिट्टी,  ढुङ्गाको उपयोग गर्दा विपद् तथा वातावरण सन्तुलनको व्यवस्थापन गर्ने ।
- महत्वपूर्ण वन्यजन्य वस्तुहरुको चोरी निकासी नियन्त्रण गर्ने ।

#### अवसर

- काष्ठ पैदावारबाट फर्निचरजन्य उद्योग खोली लाभ लिन सकिने ।
- सामुदायिक वनमा फलफूल तथा औषधीजन्य जडिबुटीको संरक्षण र प्रवर्द्धन गरी निर्यात बढाउन सकिने ।

- गैरकाष्ठ वनजन्य उत्पादनको निर्यात गरी आय आर्जन गर्न सकिने।
- जडिबुटी संकलन, भण्डारण, प्रशोधन र ब्राण्डिङ गरी रोजगार प्रवर्द्धन र आय आर्जन गर्न सकिने।
- ढुङ्गा, गिट्टी र बालुवाबाट आन्तरिक राजश्वमा वृद्धि र रोजगारी श्रृजना हुने।

## सोच

वनपैदावार, जडिबुटी र खनिज राम्री सोनारीको पहिचानस आर्थिक वृद्धि र रोजगारीले समृद्धिमा योगदान।

## उद्देश्य

- वातावरण सन्तुलन कायम गर्दै नदीजन्य र वनजन्य उद्योगहरु सञ्चालन गरी आय आर्जन गर्नु।
- नदीजन्य वस्तुहरुको उत्पादन र निर्यातका लागि नीति बनाई रोजगारी र पालिकाको आन्तरिक आम्दानी बढाउदै आवश्यक पूर्वाधार तयार गर्नु।

## रणनीति

- मापदण्ड बमोजिम वनजन्य वस्तुहरुको उत्पादन गरी निर्यात प्रवर्द्धन गर्ने।
- नदीजन्य वस्तुहरुको दीगो उत्पादन गरी पालिकाको आन्तरिक आय वृद्धि गर्दै पूर्वाधार निर्माण गर्ने।

## प्रमुख नतिजा सूचक

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १. | वन, खानी र खनिजजन्य वस्तुहरुको अध्ययन अनुसन्धान | संख्या | ० | १ | २ | १ |
| २. | प्रति सामुदायिक वनबाट वडाले लिएको वार्षिक आम्दानी | हजारमा | ८० | १२० | १५० | १७५ |
| ३. | सामुदायिक वनबाट प्रत्यक्ष वा परोक्ष रोजगारी सिर्जना | संख्या | ११०० | १३०० | १५०० | १५०० |
| ४. | नदीजन्य वस्तुबाट रोजगार सिर्जना | संख्या | ४०० | ४५० | ५०० | ५५० |

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| ५. | वातावरण प्रभाव मूल्यांकन नीति तर्जुमा | संख्या | १ | १ | २ | २ |
| ६. | जडिबुटी प्रशोधन उद्योग | संख्या | २ | ३ | ४ | ४ |
| ७. | काष्ठ र गैरकाष्ठ उद्योग | संख्या | | | | |
| ८. | नदीजन्य वस्तुमा आधारित उद्योग | संख्या | ३ | ३ | ३ | ४ |
| ९. | वन, खानी र खनिजजन्य वस्तुहरुको अध्ययन अनुसन्धान | संख्या | ० | १ | १ | १ |
| १०. | नदीजन्य वस्तुहरुको निकासी नीति र मापदण्ड तर्जुमा | संख्या | ० | १ | १ | १ |
| ११. | महत्वपूर्ण जडिबुटीको तथ्यांक अभिलेखांकन | संख्या | ० | १ | २ | ३ |
| १२. | सामुदायिक वनमा फलफूल तथा जडिबुटीखेती | वडा संख्या | १ | ७ | ९ | १० |
| १३. | नदीजन्य वस्तुको निकासी तथ्यांकअभिलेखांकन वार्षिक) | संख्या | ० | ३ | ५ | ६ |
| १४. | नदीजन्य श्रोतको अध्ययन | पटक | ० | १ | २ | २ |
| १५. | पालिकामा उप०ध नदीजन्य पदार्थको तथ्यांक संकलन | पटक | ० | ३ | ५ | ५ |

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १६. | नदीजन्य वस्तुमा आधारित उद्योगहरुको अनुगमन/नियमन | पटक | | ६ | १० | १२ |

**प्रमुख कार्यक्रम**

- वन तथा नदीजन्य वस्तुहरुको उत्खनन् र उपयोगको लागि कार्यबिधि तर्जुमा।
- औषधीजन्य जडिबुटीको पहिचान तथा संरक्षणका लागि अध्ययन, तथ्यांक संकलन र अभिलेखांकन कार्यक्रम।
- महत्वपूर्ण वनस्पति र जडिबुटीहरुको संरक्षण नीति निर्माण कार्यक्रम।
- वातावरण प्रभाव मूल्यांकनको आधारमा गिट्टी, बालुवा उत्खनन् क्षेत्र तोक्ने कार्यविधि निर्माण।
- गैरकाष्ठ पैदावारबाट आकर्षक वस्तु उत्पादनका लागि अनुदान कार्यक्रम।
- वन तथा नदीजन्य पैदावारको वार्षिक तथ्यांक संकलन कार्यक्रम।
- उत्पादित वस्तुहरु तथा जडिबुटीहरुको प्रचार प्रसार कार्यक्रम।
- जडिबुटी उद्योगहरुको स्तरोन्नतीको लागि प्रोत्साहन अनुदान कार्यक्रम।

## ४.४ पर्यटन

## पृष्ठभूमी

राप्ती सोनारी गाउँपालिकामा राप्ती पकेरी पुल र सिक्टा बाँध, गौशाला मन्दिर, बाँके राष्ट्रिय निकुञ्ज, ढकेरीको मध्वर्ती सामुदायिक वनको पर्यटकीय पार्क, भुवरभवानी मन्दिर, शिव मन्दिर, कन्याराज, विद्युत पावर हाउस, खैर भन्टी गुफा, मलंगसा मस्जिद, भरैयादेविको मन्दिर, गोपाल मन्दिर, कालिमाटी देउती बज्यै मन्दिर, कुश्मेश्वर मन्दिर, ओरालघारी गुफा, बुच्चापुर हात्तीसार, सिक्टा वन, ढकेरी वनस्पति उद्यान, खर्चे ताल, बैसा पिकनिक पार्क, गाईलेक, सतिभवानी मन्दिर र शम्शेरनञ्ज पार्क जस्ता धार्मिक तथा प्राकृतिक सौन्दर्यतामा आधारित पर्यटन स्थलहरु छन्। उपरोक्त स्थानीय पर्यटन स्थलहरुलाई नजिकका ठाकुरद्वारा, काक्रे विहार, बुलबुले ताल, स्वर्गद्वारी तथा लुम्बिनी र तिलौराकोटसँग अन्तर सम्बन्ध बनाई आन्तरिक तथा बाह्य पर्यटकहरुको राप्ती सोनारी गाउँपालिकामा १–२ दिनको बसाई लम्ब्याउनको लागि पर्यटन पूर्वाधार निर्माण, पर्यटन डकुमेन्ट्री निर्माण गर्नु आवश्यक देखिन्छ। कृषि र पशुपालनको विविधिकरण गरी ब्लक र सुपर जोन तयार गर्दै कृषि पर्यटनको विकास र पालिकाको जनसंख्याको ठूलो हिस्सा थारु समुदायले ओगटेकोले थारु संस्कृतिको प्रवर्द्धन गरी साँस्कृतिक पर्यटन विकासकोपनि त्यतिकै सम्भावना छ।

### अवसर र चुनौती

### चुनौती

- पर्यटन पूर्वाधार निर्माणमा आवश्यक लगानीको व्यवस्थापन गर्ने ।
- निजी क्षेत्रलाई आकर्षण गर्ने ।
- पर्यटनलाई विशिष्टिकरण गरी प्रचार प्रसार गर्ने ।
- सार्वजनिक–निजी–सहकारी क्षेत्रको लगानीमा एकीकृत पर्यटन प्रवर्द्धन गर्ने ।

### अवसर

- जैविक विविधता भएकोले पर्या–पर्यटनको प्रवर्द्धन गर्ने अवस्था रहेको ।
- कृषि पर्यटनको विकास गर्ने अवस्था रहेको ।
- धार्मिक तथा साँस्कृति पर्यटनको सम्भावना रहेको ।
- दृष्यावलोकन सहित प्राकृतिक पर्यटनको सम्भावना रहेको ।
- जंगल सफारी र डुङ्गा सञ्चालन गर्न सक्ने सम्भावना रहेको ।

### सोच

राप्ती सोनारीमा पर्यटनको विकास, रोजगारी तथा सुदृढ अर्थतन्त्रको निकास ।

### उद्देश्य

- सुरक्षित, गुणस्तरीय र पर्यटनमैत्री पालिका बनाई आकर्षक पर्यटन गन्तव्य स्थलको रुपमा विकास गर्नु ।
- पर्या–पर्यटन, धार्मिक पर्यटन, कृषि पर्यटन, साँस्कृतिक पर्यटन आदिलाई विविधिकरण र विशिष्टिकरण गरी रोजगारी सिर्जना गर्दै प्राप्त लाभलाई समन्यायिक वितरण गर्नु ।

## रणनीति

- मौलिक इतिहास, संस्कृति, धार्मिक स्थलहरुको संरक्षण र सम्वर्द्धन गरी आन्तरिक तथा बाह्य पर्यटकहरुको आकर्षक गन्तव्य स्थलको रुपमा विकास गर्ने ।
- जैविक विविधतासँग आवद्ध गर्दै पर्या–पर्यटन, धार्मिक पर्यटन र कृषि पर्यटनको एकीकृत रुपमा विकास गर्ने ।

### प्रमुख नतिजा सूचक

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १. | पर्यटनका बहुआयामहरुको पहिचान | संख्या | ४ | ६ | ७ | ८ |
| २. | आन्तरिक पर्यटक आगमन | संख्या | | २००० | ५००० | ६००० |
| ३. | बाह्य पर्यटक आगमन | संख्या | | १५० | २०० | २३० |
| ४. | पर्यटकीय सूचना केन्द्र | संख्या | ० | १ | १ | १ |
| ५. | पर्यटन मार्ग पूर्वाधार निर्माण | संख्या | ० | ० | १ | १ |
| ६. | पर्यटन एप्स/सफ्टवेयर निर्माण | संख्या | ० | १ | १ | १ |
| ७. | स्तरीय होटल, मोटल, रेष्टुरेण्ट, पर्यटक विश्राम स्थल | संख्या | ० | ५ | ७ | ८ |
| ८. | पर्यटन टुर गाइड र ट्राभल तालिम लिएको जनशक्ति | प्रतिशत | १ | ५ | ७ | ८ |
| ९. | होमस्टे सञ्चालन | संख्या | २ | ३ | ४ | ५ |
| १०. | राप्ती सोनारीमा जंगल सफारी सम्भावना अध्ययन | संख्या | ० | १ | १ | १ |
| ११. | स्थानीय श्रोत, साधन र सीपबाट उत्पादन गर्ने विशिष्ट पर्यटकीय सामाग्री उत्पादन उद्योग | संख्या | ० | ३ | ५ | ६ |

| क.सं. | सूचक/लक्ष्य | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १२. | प्रचार प्रसार भएका पर्यटक स्थल | संख्या | ५ | ८ | १० | १२ |
| १३. | पर्यटन प्रचार सामाग्री (अडियो, भिडियो, श्रव्यदृष्य, बुकलेट आदि) | प्रकाशन संख्या | ० | ३ | ५ | ६ |
| १४. | पर्यटन गुरुयोजना तर्जुमा | संख्या | ० | १ | १ | १ |

## प्रमुख कार्यक्रम

- खर्चे ताल–भुवरभवानी मन्दिर–बिनौना कचनापुर पुल–ढकेरीराष्ट्रिय वनस्पति उद्यान–बाँके राष्ट्रिय निकुञ्जमा जंगल सफारीको ट्र्याक–अगैयाको सिक्टा बाँधमा डुङ्गा सञ्चालन र फिसिङ्ग गर्न पर्यटकीय मार्गको पूर्वाधार निर्माण।
- पर्यटन योजना निर्माण कार्यक्रम।
- पर्यटन प्रवर्द्धनका लागि यातायात सञ्जाल निर्माण अध्ययन कार्यक्रम।
- बागवानी निर्माण तथा वनस्पती उद्यान संरक्षण कार्यक्रम।
- थारु संस्कृतिको संरक्षण र प्रवर्द्धन कार्यक्रम।
- होटल, मोटेल, रेष्टुरेण्ट र रिसोर्ट जस्ता पूर्वाधार निर्माणमा निजी क्षेत्रलाई आकर्षित गर्ने कार्यक्रम।
- वडा नं. २, ३, ४ र ५ मा एग्रो टुरिजम सञ्चालन पूर्वाधार निर्माण कार्यक्रम।
- वडा नं.८ को नयाँ गाउँमा सञ्चालित होमस्टे पर्यटन प्रवर्द्धन कार्यक्रम।
- वडा नं.१ को गाईलेकमा ट्र्याकिङ पर्यटन मार्गको लागि पूर्वाधार निर्माण कार्यक्रम।
- पर्यटन सूचना केन्द्रको स्थापना।
- कोशेली घर निर्माण तथा संचालन।
- पर्यटकीय स्थलको डकुमेन्ट्री निर्माण कार्यक्रम।

## ४.५ सहकारी विकास

### पृष्ठभूमी

राप्ती सोनारीको पाश्र्वचित्र बमोजिम बचत तथा ऋण सहकारी–१०, साना किसान सहकारी–३, कृषि तथा पशुपालन सहकारी–१०, कृषि तथा पशुपालन महिला उद्यमी सहकारी–१९, वन वातावरण सम्बन्धी सहकारी–१ गरी जम्मा ४३ वटा सहकारी दर्ता भएका छन् । कृषि, पशुपंक्षी, घरेलु तथा साना उद्योग, व्यापार र पर्यटन विकासका लागि सहकारी क्षेत्रले ठूलो योगदान पुर्‍याउन सक्छ । छरिएर रहेको पँुजीलाई सहकारी मार्फत बचत गरी सहुलियत दरमा ऋण र प्राविधिक सहयोग उपलब्ध गराई उत्पादन र उत्पादकत्व वृद्धि गर्दै सहकारीका सदस्यहरुको जीवनस्तर उकास्न सकिन्छ । जनतामा वित्तीय साक्षरताको कमी, सहकारी चेतनाको कमी, सदस्यहरुको सक्रीयतामा कमी, व्यवस्थापकीय र नेतृत्व क्षमताको कमी जस्ता कारणहरुले राप्ती सोनारी गाउँपालिकामा सहकारी क्षेत्रबाट अपेक्षित लाभ लिन सकिएको छैन । सहकारी विकासको लागि नागरिकहरुलाई सहकारी शिक्षा, सूचना र तालिममा पहुँच पुर्‍याई राप्ती सोनारीका जनताहरुको आन्तरिक रोजगारी मार्फत आर्थिक विकास गरी गरिबी निवारणमा योगदान पुर्‍याउन सकिन्छ । राप्ती सोनारी गाउँपालिकाले ‘‘टोल–टोलमा कृषक समूहस गाउँ–गाउँमा सहकारी’’ भन्ने कार्यक्रम विगतका योजनाहरुमा ल्याए पनि त्यसले साकार रुप लिन सकेको छैन । दीगो विकास लक्ष्य, पन्ध्रौ योजनाका लक्ष्य तथा प्रदेश योजनाको लक्ष्य पूरा गरी सहकारीलाई आर्थिक विकासको एक खम्बाको रुपमा उत्पादनमुखी बनाउँदै सहकारीको संख्या वृद्धि गरी एक सहकारी एक उत्पादनको नीति लागु गर्नु र उत्पादित सामाग्रीको बजारीकरण गर्नु आजको आवश्यकता हो ।

## चुनौती तथा अवसर

### चुनौती

- सहकारीले गर्ने लगानीलाई उत्पादनमूलक क्षेत्रमा लगाउने ।
- नियमनकारी निकायलाई प्रभावकारी बनाउने ।
- सहकारी शिक्षा मार्फत नेतृत्व क्षमताको विकास गर्ने ।
- वित्तीय अनुशासन र संस्थागत सुशासन कायम गर्ने
- संकलित पुँजीको सुरक्षा गर्ने ।
- महिलाहरुको क्षमता अभिवृद्धि गरी विशिष्ट महिला सहकारी स्थापना गर्ने ।

### अवसर

- सहकारी क्षेत्रलाई अर्थतन्त्रको तेस्रो खम्बाको रुपमा संविधानमै व्यवस्था गरिएको ।
- वर्तमान परिप्रेक्षमा सहकारी प्रतिको आकर्षण बढ्दै गएको ।
- कृषकहरु कृषि सहकारी तर्फ उत्प्रेरित भएकोले रोजगारीको अवसर सिर्जना भएको ।
  उद्यम सहकारी सञ्चालनको अभ्यासबाट सहकारीको पूँजी परिचालन गरी उद्यम गर्न उत्प्रेरणा वृद्धि भएको ।

## सोच

समृद्धिको आधार सहकारीस  हात–हातमा सीप, व्यक्ति–व्यक्तिलाई रोजगारी

### उद्देश्य

सहकारी संस्थाहरुलाई व्यवस्थित गरी उत्पादनमा अग्रसर बनाउनु ।

## रणनीति

- वित्तीय र संस्थागत सुशासनका लागि सुदृढ नीति र कार्यविधि निर्माण तथा सहकारीको पुँजीलाई उत्पादनमूलक क्षेत्रमा लगानी गरी रोजगार प्रवर्द्धनबाट जनताहरुलाई आत्मर्निभर बनाउने ।
- सामाजिक, आर्थिक र समावेशी अर्थतन्त्र निर्माण उन्मुख कार्यक्रम सहकारी मार्फत सञ्चालन गर्ने ।

## प्रमुख नतिजा सूचक

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १. | विभिन्न प्रकृतिका सहकारीमा प्रत्यक्ष रोजगारी | संख्या | ८५ | १०० | १२५ | १३० |
| २. | कृषि तथा पशुपालन महिला उद्यमी सहकारीमा आबद्ध सदस्य | संख्या | १५०० | २००० | २३०० | २४०० |
| ३. | साना किसान सहकारीमा आबद्धता | सख्या | ८०० | १००० | १२०० | १३०० |
| ४. | नेतृत्व र क्षमता विकास तालिम | संख्या | ० | २७० | ४५० | ५०० |
| ५. | सहकारी शिक्षा तथा वित्तीय साक्षरता तालिम | संख्या | ० | ४५० | ७५० | ७५० |
| ६. | सहकारीबाट उत्पादनमूलक समूह निर्माण | संख्या | ० | ९० | १५० | १५० |

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| ७. | सहकारी सुशासनका लागि नीति तर्जुमा | संख्या | ० | १ | १ | १ |
| ८. | सहकारीबाट उद्योग क्षेत्रमा लगानी | संख्या | ० | ५ | ८ | ९ |
| ९. | विभिन्न प्रकृतिका सहकारी | संख्या | ४३ | ४५ | ५० | ५२ |

**प्रमुख कार्यक्रम**

१. एक सहकारी एक उत्पादन कार्यक्रम।
२. एक घर एक सहकारी कार्यक्रम।
३. उत्पादनमा संलग्न सहकारीलाई प्रोत्साहन अनुदान कार्यक्रम।
४. सहकारी चेतना अभिवृद्धि, क्षमता विकास र वित्तीय सुशासन तालिम कार्यक्रम।
५. दुई वा दुई भन्दा बढी सहकारीहरुको संयुक्त लगानीबाट सञ्चालन गरिने नमूना उत्पादन कार्यक्रम (कृषि, पशुपंक्षी पालन, जडिबुटी, पर्यटन क्षेत्र)।
६. सामूहिक कृषि तथा पशुपालन सहकारी सञ्चालन र प्रोत्साहन कार्यक्रम।
७. उत्पादित सामाग्री र उपजहरुको ब्राण्डिङ, प्याकेजिङ, बजारीकरण र भण्डारण गर्ने पूर्वाधार निर्माण कार्यक्रम।
८. साना किसान कृषि सहकारी संस्था विस्तार कार्यक्रम (सबै वडामा)।
९. सहकारी संस्थाको एकीकरण र क्षमता विकास कार्यक्रम।
१०. सहकारीलाई उत्पादनसँग आवद्धताका लागि सहजीकरण कार्यक्रम।
११. सहकारीमा महिलाहरुको आबद्धता लक्षित सशक्तिकरण कार्यक्रम।

## ४.६ बाणिज्य तथा आपूर्ति

**पृष्ठभूमी**

जनचेतनाको अभिवृद्धिसँगै राप्ती सोनारी गाउँपालिकाको सबै वार्डका अधिकांश टोलहरुमा कच्ची सडकको पहूँच भएकोले यहाँका जनताहरुमा व्यवसायिक अवधारणाको विकास भएको छ। गाउँपालिकाको पाश्र्वचित्र अनुसार यहाँका ९५% जनताहरुले सडक सुविधा लिइरहेका छन्। यातायातको सुविधा र पालिकासँग नजिक रहेका कोहलपुर, नेपालगञ्ज, रुपहिडिया जस्ता व्यापारिक केन्द्र र नाकाहरुबाट राप्ती सोनारी गाउँपालिकाले वाणिज्य र आपूर्तिको क्षेत्रमा प्रयाप्त लाभ लिन सक्छ। पालिकामा ठूलो आन्तरिक आम्दानीको श्रोत नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी र बालुवाको व्यापार उच्च छ। यसको अलावा कृषि र पशुजन्य उत्पादनको बिक्री दोस्रो व्यापारको श्रोत हो। नदीजन्य पदार्थको अवैध उत्खनन्

तथा ओसार प्रसार नियन्त्रण गरी अवैध क्रेसर उद्योगलाई कानूनको दायरामा ल्याई नियमन गर्ने, अन्य व्यापार व्यवसायलाई स्वच्छ र प्रतिस्पर्धी बनाउने, नियमित बजार अनुगमन गर्ने, व्यापार पूर्वाधार तयार गरी कृषि तथा मत्स्यजन्य उपजको प्रदर्शनी र बिक्री स्थलको निर्माण गर्ने, पशु हाटबजार बिक्री केन्द्रको पूर्वाधार तयार गर्ने, उत्पादनमा गुणस्तर नीति निर्माण गरी उपभोक्ता हितको संरक्षण गर्ने, व्यापार, वाणिज्य र आपूर्तिको सञ्जाल निर्माण गरेमा यस पालिकाका वस्तु तथा सेवा उत्पादनकर्ता, बिक्रेता र उपभोक्ताहरुमा उत्प्रेरणा जागी रोजगार मार्फत आर्थिक समृद्धि हासिल गर्न सकिन्छ ।

**चुनौती तथा अवसर**

**चुनौती**

- सडक यातायात, उद्योग, पर्यटन क्षेत्रको पूर्वाधार निर्माणमा आवश्यक लगानीको व्यवस्थापन गरी व्यापार विस्तार गर्ने ।
- युवाहरुको विदेश पलायनले गर्दा सक्रीय जनसंख्यामा आएको न्यूनतालाई कृषि, उद्योग, व्यापार र पर्यटन प्रवर्द्धनको क्षेत्रमा व्यवस्थापन र परिपूर्ति गरी व्यापारको आयतन बढाउने ।
- बजारको माग बमोजिम विशिष्टिकृत वस्तुहरुको पहिचान गरी आधुनिक प्रविधिको प्रयोगद्वारा उत्पादन, वितरण र प्रचार प्रसार गरी व्यापार प्रवर्द्धन गर्ने ।
- कृषिजन्य उत्पादनमा आत्मनिर्भर भए पनि भारतबाट आयत विस्थापन गर्ने ।

**अवसर**

- सडक पहूँचको सुविधा भएकोले उत्पादित वस्तुहरुलाई आन्तरिक खपतको अलवा कोहलपुर, नेपालगञ्ज, रुपहिडिया जस्ता बजारहरुमा निर्यात गर्न सकिने ।
- जैविक विविधताले सम्पन्न गाउँपालिका भएकोले कृषि, जडिबुटी तथा वनपैदावार जस्ता उद्योगहरु सञ्चालन गरी निर्यात वृद्धि गर्दै व्यापार प्रवर्द्धन गर्न सकिने ।
- घरेलु तथा साना उद्योग सञ्चालन गरी विशिष्टिकृत वस्तुहरुको उत्पादन र निर्यातबाट व्यापार वृद्धि र आयात प्रतिस्थापन गर्न सकिने ।

**सोच**

राप्ती सोनारीको आर्थिक समृद्धिका लागि निर्यात प्रवर्द्धन, आयात प्रतिस्थापन र व्यापार सन्तुलन

**उद्देश्य**

खाद्यान्न, पशुपंक्षीजन्य उत्पादन, फलफूल, तरकारी, जडिबुटी जस्ता आधारभूत उपभोग्य वस्तुहरुको उत्पादन गरी वस्तु र सेवाको निर्यातबाट आय आर्जन गर्नु ।

**रणनीति**

- गुणस्तरीय वस्तुहरुको उत्पादन, संकलन, भण्डारण, ब्राण्डिङ्ग र बजारीकरण गरी त्यस्ता वस्तुहरुको आन्तरिक उपभोग र निर्यात गर्ने ।
- बजार अनुगमनलाई प्रभावकारी बनाई उपभोक्ताको हित संरक्षण गर्ने ।

**प्रमुख नतिजा सूचक**

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १. | व्यापार क्षेत्रमा संलग्न जनसंख्या | प्रतिशत | २.१ | ४ | ८ | १० |
| २. | व्यापार व्यवसाय मार्फत रोजगारी | संख्या | | ३०० | ५०० | ६०० |
| ३. | उत्पादन, माग तथा आपूर्तिको अध्ययन | संख्या | ० | १ | २ | ३ |
| ४. | कार्टेलिङ्ग तथा बिचौलीया निरुत्साहन नीति तर्जुमा | संख्या | ० | १ | १ | १ |
| ५. | मूल्य सूची व्यवस्थापन कार्यविधि तर्जुमा | संख्या | ० | १ | १ | १ |
| ६. | बजार अनुगमन | पटक | | ६ | १० | १० |

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| ७. | निगालो, बाँस, काठ र कृषि तथा पशुजन्य उत्पादनको प्रदर्शनी (वार्षिक) | संख्या | | ३ | ५ | ५ |
| ८. | प्रमुख बजारहरु | संख्या | २६ | २८ | २८ | २८ |
| ९. | कोशेली घर बिक्री कक्ष | संख्या | ० | ० | १ | १ |
| १०. | आयातित वस्तु र निर्यात भएका वस्तुहरुको तथ्यांक अभिलेखाकंन | पटक | ० | ३ | ३ | ३ |

**प्रमुख कार्यक्रम**

- एक वडा एक हाटबजार पूर्वाधार निर्माण तथा सञ्चालन कार्यक्रम।
- राप्ती सोनारीको पहिचान दिलाउने विशिष्टिकृत कृषि तथा औगोगिक उत्पादनका वस्तुहरुको प्रचार प्रसार कार्यक्रम।
- वाणिज्य तथा आपूर्ति क्षेत्रलाई अनुशासित र दीगो बनाउन आवश्यक नीति ÷ कार्यविधि तर्जुमा।
- कृषि उपज, जडिबुटी तथा स्थानीय श्रोत साधनबाट उत्पादित वस्तुहरुको प्रदर्शनी कार्यक्रम।
- कोशेली घर निर्माण कार्यक्रम।
- सूचना, प्रविधि र विद्युतीय व्यापार मार्फत स्थानीय उत्पादनको प्रचार प्रसार कार्यक्रम।
- उत्पादित वस्तुहरुको सुरक्षित भण्डारणका लागि शीत भण्डार निर्माण कार्यक्रम।
- निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापनको तथ्यांक अभिलेखीकरण कार्यक्रम।
- वस्तु उत्पादक कृषक तथा उद्योगीहरुलाई प्रत्यक्ष लाभ दिन विचौलिया निरुत्साहित गर्ने कार्यविधि निर्माण।
- वैज्ञानिक नापतौल प्रणालीको प्रयोग तथा बजार अनुगमन कार्यक्रम।

## ४.७ रोजगारी तथा गरिबी निवारण

**पृष्ठभूमी**

नेपालको संविधानले प्रत्येक नागरिकलाई रोजगारीको हकको व्यवस्था गर्नुका साथै सामाजिक सुरक्षा तथा रोजगारीलाई संघ र प्रदेशको साझा अधिकार सूचिमा राखेकोछ । स्थानीय तहलाई बेरोजगारीको तथ्यांक संकलनको जिम्मेवारी दिएको छ । राप्ती सोनारी गाउँपालिकाको २०७५ को घरधुरी सर्वेक्षण प्रतिबेदन अनुसार गाउँपालिकाको कूल जनसंख्याको ४.७ प्रतिशत बैदेशिक रोजगारमा रहेको, करिव ४.१ प्रतिशत नोकरीमा आवद्ध रहेको तथा १२.७ प्रतिशत जनसंख्या गैरसरकारी निकायमा, उद्योग तथा व्यापारमा २.१ प्रतिशत, व्यवसायिक तथा प्राविधिक कार्यमा ०.३ प्रतिशत आवद्ध रहेको देखिन्छ । प्राप्त तथ्यांकलाई विश्लेषण गर्दा ४४.२ प्रतिशत जनसंख्या कृषि व्यवसायमा आवद्ध भई रोजगार रहेको देखिन्छ । कृषि पेशालाई व्यवसायिकरण गर्न नसकिएका कारण हाल स्थानीय स्तरमा रोजगारीका अवसरहरु श्रृजना गर्न नसकिएको यर्थाथतालाई आत्मसात गर्दै आगामी दिनहरुमा कृषि तथा पशुपालनलाई निर्वाहमुखि प्रणालीबाट व्यवसायिकरण तर्फ उन्मुख बनाउनु पर्ने देखिन्छ ।

सामाजिक सुरक्षा र साामजिक न्याय प्रदान गर्दै सबै लिङ्ग, क्षेत्र र समुदाय भित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने नीति हाम्रो संविधानले अङ्गिकार गरेको छ । गरिबी निवारणलाई विकास प्रयासको प्राथमिकतामा राखी दशौं योजना देखि गरिबीलाई आय गरिबी, मानवीय गरिबी र सामाजिक बञ्चितीकरण गरी ३ आयममा विभाजन गरिएको छ । गरिब लक्षित कार्यक्रमहरु लक्षित वर्गमा पु¥याउन गरिब घरपरिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम पनि अगाडि बढेको छ । हाम्रा विगतका प्रयासले गर्दा नेपालको समग्र गरिबी र मानव विकास सूचकांकमा उल्लेख्य सुधार भएपनि गरिबी निवारण र आर्थिक असमानता न्यूनीकरणमा आशातित सफलता प्राप्त हुन सकेको छैन । दीगो विकासको लक्ष्यमा उल्लेख गरिए अनुसार सबै ठाउँबाट सबै प्रकारको गरिबी अन्त्य गर्नु हाम्रो अपेक्षा हो । गरिबी न्यूनीकरण अन्तर सम्बन्धित विषय भएकोले यस क्षेत्रमा सरकारी, सहकारी, सामुदायिक, निजी र गैर सरकारी क्षेत्र एवं विकास साझेदारहरुको समन्वयनात्मक भूमिका आवश्यक छ ।

**चुनौती तथा अवसर**

**चुनौती**

- बेरोजगारीको यथार्थ तथ्यांक नहुँदा जनशक्ति व्यवस्थापन योजना निर्माण गरी कार्यान्वयन गर्ने ।
- बेरोजगारहरुलाई व्यवसायिक तालिम, सीप र प्रविधि उपलब्ध गराई दक्षता अभिवृद्धि गर्ने ।
- गरिवीको रेखामुनीको जनसंख्या बढी भएकोले आवश्यक लगानीका लागि श्रोत, साधनको व्यवस्थापन गर्ने ।
- गरिवीको पहिचान गरी वास्तविक स्थितिको तथ्यपरक ढङ्गले कार्यान्वयन गर्ने ।
- स्रोत साधन र सेवा तथा विकास निर्माणमा गरिब परिवारको पहुँच र सहभागिता सुनिश्चित गर्ने ।
- पहिचान भएका गरिबहरुलाई रोजगारका अवसरहरु उपलब्ध गराउने ।

**अवसर**

- वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई उद्यमशील कार्यमा संलग्न गराई गाउँमा नै बस्ने बातावरण सिर्जना गर्न सकिने ।
- महिला उद्यमीहरुको संख्यामा वृद्धि र उत्प्रेरित भैरहेको अवस्था रहेको ।
- गरिब तथा बेरोजगार युवाहरुलाई सीपमूलक तालिम, प्रविधि र पुँजी उपलब्ध गराई उद्यमशील कार्यमा संलग्न गराई आत्मनिर्भर बनाउन  सकिने ।
- ठूला बजार क्षेत्र नजिक भएकोले उत्पादित बस्तुको विक्री वितरणमा सहज हुँदा रोजगारीको अवसर भएको ।
- आन्तरिक आर्थिक गतिविधिहरुमा वृद्धि भैरहेको ।
- गाउँपालिकाबाट गरिवी निवारण सम्बन्धी बिशेष कार्यक्रम सञ्चालन गरी कार्यान्वयन गर्न सकिने ।
- उपलब्ध स्रोत साधन र सुबिधामा गरिवको पहूँच सुनिश्चित एवं वृद्धि गरी गरिवी निवारण गर्ने ।

**सोच**

रोजगारीका अवसरहरु श्रृजना गरी दक्ष जनशक्तिको व्यवस्थापन मार्फत गरिबी निवारण

**उद्देश्य**

स्थानीयस्तरमा आवश्यक पर्ने जनशक्ति व्यवस्थापन सम्वन्धी योजना निर्माण गर्दै रोजगारीमार्फत गरिबी निवारण गर्नु

**रणनीति**

- श्रममूलक जनशक्तिको आंकलन तथा यस्तो जनशक्तिलाई उत्पादनमुखी बनाई उद्यमशीलता प्रबद्र्धनको माध्यमबाट स्वरोजगार तथा रोजगारीमा जोड दिने ।
- आवश्यक नीति तर्जुमा गरी गरिबी निवारणलाई विकास निर्माणका गतिविधिहरुसँग आवद्ध गर्ने र गाउँपालिका स्तरमा रोजगारीका अवसरहरुको वृद्धि गर्ने ।

**प्रमुख नतिजा सूचक**

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १. | गरिबीको रेखामुनीको जनसंख्या | प्रतिशत | १७८ | १४ | ११ | १० |
| २. | बैदेशिक रोजगारमा गएको जनसंख्या | प्रतिशत | ४.७ | ४ | ३.५ | ३.५ |

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| ३. | गरिबी निवारणसँग सम्बन्धित संस्थाहरु भएको वडा | संख्या | २ | ६ | ९ | ९ |
| ४. | अर्थतन्त्रका विभिन्न क्षेत्रमा रोजगारी सिर्जना वार्षिक) | संख्या | | ३००० | ५००० | ५००० |
| ५. | सीपमूलक तालिम प्राप्त | संख्या | | ४०० | ५०० | ६०० |
| ६. | प्राबिधिक जनशक्ति उत्पादन | संख्या | | १६० | २४० | २५० |
| ७. | निरपेक्ष गरिब परिवारको पहिचान संख्या | वडा | ० | ९ | ९ | ९ |
| ८. | व्यवसायिक कृषि पेशामा आवद्ध जनसंख्या | प्रतिशत | ५ | ८ | १० | १० |
| ९. | CTEVT मार्फत आधारभूत प्राविधिक जनशक्ति उत्पादन | संख्या | - | ३०० | ५०० | ६०० |
| १०. | गरिबी न्यूनीकरण योजना तर्जुमा | संख्या | ० | १ | १ | १ |
| ११. | विकास निर्माण कार्यमा रोजगारीलाई आबद्धता गर्ने नीति तर्जुमा | संख्या | ० | १ | १ | १ |

**प्रमुख कार्यक्रम**

- गाउँपालिकाको जनशक्ति योजना तर्जुमा।
- वडा नं. ६ मा लाइफ स्टकसँग सम्बन्धित प्राविधिक शिक्षा सञ्चालन कार्यक्रम।
- वडा नं.७ मा वन विज्ञानसँग सम्बन्धित प्रविधिक शिक्षा सञ्चालन कार्यक्रम।

- महिला तथा युवाहरुका लागि उद्यमशीलता तालिम सञ्चालन ।
- कृषि, वन तथा पर्यटन प्रबद्र्धनमा आधारित उद्योग स्थापनामा सहयोग तथा सहजीकरण कार्यक्रम ।
- गरिब परिवार लक्षित आय आर्जन कार्यक्रम ।
- बेरोजगार युवा तथा गरिब परिवारहरुको तथ्याङ्क अद्यावधिक कार्यक्रम ।
- गरिब परिवारले उत्पादन गरेका बस्तुहरु बिक्री वितरण सहजीकरण कार्यक्रम ।
- लघु उद्यम समूह सञ्चालन र प्रोत्साहन कार्यक्रम ।
- सामाजिक परिचालन मार्फत आय आर्जनका लागि बचत संकलन तथा परिचालन कार्यक्रम ।
- अति विपन्न परिवारलाई एक परिवार एक रोजगार कार्यक्रम ।

८. आर्थिक क्षेत्रको मध्यमकालीन बजेट खाका

रु. लाखमा

| आर्थिक वर्ष | विनियोजन तथा प्रक्षेपण | | |
|---|---|---|---|
| | कुल | चालु खर्च | पुंजीगत खर्च |
| **२०८०/८१** | ३७९८५ | २९०८५ | ८९०० |
| **२०८१/८२** | ३४०५६ | २८८६१ | ५१९५ |
| **२०८२/८३** | ३२९६३ | २७५५९ | ५४०५ |

## ८ जोखिम तथा अनुमान

आर्थिक क्षेत्रमा योजनाले लिएका लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि सार्वजनिक स्रोत पर्याप्त मात्रामा उपलब्ध हुनेछ । संघ र प्रदेशले गर्ने वित्त हस्तान्तरण तथा राजस्व बाँडफाँटबाट प्राप्त हने रकममा निरन्तरता रहनेछ । आर्थिक विकासमा यस गाउँपालिकामा रहेका निजी र गैर सरकारी क्षेत्र र समुदाय तथा गैरसरकारी क्षेत्रको सक्रीय सहभागिता रहनेछ । विपदका आकस्मिक घटनाहरुमा न्यूनता आउँनेछ । स्रोत साधन अपेक्षितरुपमा परिचालन हुनेछ र अन्तरसरकार साझेदारी तथा सहकार्य थप मजवुत भई गाउँपालिका नागरिकको आर्थिक समृद्धिमा सकारात्मक प्रभाव पर्ने अनुमान गरिएको छ ।

# परिच्छेद ५ – सामाजिक क्षेत्र

## ५.१ शिक्षा

**पृष्ठभूमी**

राप्ती सोनारी गाउँपालिकाको घरधुरी सर्वेक्षण २०७५ अनुसार पाँच बर्ष र सो भन्दा माथिको जनसंख्याको साक्षरता दर ८५.३० प्रतिशत मध्ये महिला साक्षरता ८१ प्रतिशत तथा पुरुष साक्षरता दर ८९.५० प्रतिशत रहेको थियो । गाउँपालिकाको शिक्षा शाखाका अनुसार हाल यस गाउँपालिकाको साक्षरता दर ९६.३४ प्रतिशत रहेको छ । हाल राप्ती सोनारी गाउँपालिकामा सामुदायिक तर्फ ५४ तथा संस्थागत तर्फ १८ गरी जम्मा ७२ वटा बिद्यालयहरु संचालनमा रहेका छन् । जसमध्ये माध्यमिक तहको पढाई हुने विद्यालय– २२ (११ वटामा +२), आधारभूत तहसम्मको पढाई हुने बिद्यालय– ५० र सामुदायिक तथा संस्थागत बाल विकास केन्द्र ७२ वटा रहेका छन् । त्यस्तै गाउँपालिकामा उच्च शिक्षा प्रदानगर्ने क्याम्पसहरुको संख्या २ रहेको छ । राप्तीसोनारी गाँउपालिकाको एक मात्र माध्यमिक बिद्यालयमा प्राविधिक शिक्षा तर्फको कृषि बिषयको पढाई भैरहेकोछ । हाल सम्म यस राप्तीसोनारी गाउँपालिकामा प्राविधिक शिक्षालय तथा सीप विकास केन्द्रहरु स्थापना भएका छैनन् ।

राप्ती सोनारी गाउँपालिका शिक्षा शाखाका अनुसार पाँच वर्षदेखि १५ वर्षसम्मका विद्यालय जाने उमेरका बालबालिकाहरु मध्ये हाल ३१९ जना बालवालिकाहरु बिद्यालयको पहुँच बाहिर रहेका छन् । बि.स २०७७ को बिवरण अनुसार पाँच वर्ष देखि १५ वर्षसम्मका (कक्षा १ देखि १० सम्म) बिद्यालय जाने बालबालिकाको संख्या १५४०३ रहेको छ । यसरी बिद्यालयको पहुँच बाहिर रहेका बालवालिकाहरुको सङ्ख्या अहिले पनि करिव २.०२ प्रतिशत रहेको छ । आगामी बर्षहरुमा गाउँपलिकाले बिशेष कार्यक्रम संचालन गरी बिद्यालय बाहिर रहेका सबै बालवालिकाहरुलाई शिक्षको मुलधारमा ल्याउनुपर्ने हुन्छ ।

**चुनौती तथा अवसर**

**चुनौती**

- गुणस्तर सुनिश्चितताकालागि उपयुक्त मानव संसाधन व्यवस्थापन गर्न ।
- बालमैत्री सिकाई वातावरण
- समन्यायीक श्रोत साधन वितरण
- समतामूलक पहुँच सुनिश्चितता
- अपाङ्गता भएका बालबालिकाका लागि शिक्षामा सहज पहुँच पु¥याउन
- सीमान्तकृत, विपन्न तथा पिछडिएका समुदायका बालबालिकाहरुलाई विद्यालयमा ल्याउने ।
- समावेशी तथा लैङ्गिकमैत्री शिक्षण तथा सिकाईको बातावरण कायम गर्ने ।

- नविनतम प्रविधि उपयोगका लागि अनुकूल भौतिक पूर्वाधार र सोही अनुरुपको जनशक्ति व्यवस्थापन गर्ने।
- विद्यालय छाड्ने दरमा कमी ल्याउने।
- शिक्षा क्षेत्रलाई राजनीतिमुक्त बनाउने।
- अनुगमन पद्धतिलाई प्रभावकारी बनाउदै कमजोर विद्यालय व्यवस्थापनलाई व्यवस्थित र सुदृढ गराउने।
- विद्यालयमा भौतिक पूर्वाधारका साथै न्यूनतम आधारभूत तहका सुविधाहरुको व्यवस्था मिलाउन।
- निशुल्क माध्यमिक तहको शिक्षा सुनिश्चितता

**अवसर**

- नेपालको संबिधानले शिक्षालाई मौलिक हकको रुपमा व्यवस्था गरेको।
- विद्यालय तहको शिक्षाको व्यवस्थापन स्थानीय तहलाई दिइएको तथा पालिकाको शिक्षामा लगानी बढ्दै गरुको।
- अभिभावकहरुमा शिक्षाको जागरण रहेको, व्यवसायिक शिक्षा तर्फ अभिभावक तथा विद्यार्थीको अभिरुचि बढ्दै गएको।
- गुणस्तरिय भौतिक पूर्वाधार विकासलाई प्राथमिकता
- शिक्षण सिकाई क्रियाकलापमा क्ष्ऋत् प्रयोग, नविनतम प्रविधिको प्रयोगले शिक्षालाई सहज बनाएको। नक्सांकनको आधारमा विद्यालय सञ्चालन गर्ने गरिएको।
- सामुदायिक सक्रियता र स्थानीय कानूनी सक्रियता
- सबै बिद्यालयहरुमा खेल मैदानको उपलब्धता, अतिरिक्त क्रियाकलापको नियमितता।
- हाल गाउँपालिकामा क्याम्पस–२, मा.वि.तहका बिद्यालयहरु–२२, आधारभूत तहका बिद्यालयहरु–५० तथा ७२ बालविकास केन्द्र सञ्चालनमा रहेका।

**सोच**

सामाजिक तथा आर्थिक रुपान्तरणका लागि गुणस्तरीय शिक्षा।

**उद्देश्य**

सबै तहको शिक्षामा बालबालिकाहरुको पहूँचमा वृद्धि गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्नु।

**रणनीति**

- सबै तहको शिक्षामा बालबालिकाहरुको पहूँचमा वृद्धि गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने ।
- शैक्षिक सुशासनका न्यूनतम मापदण्डहरु तर्जुमा गरी कार्यान्वयन गर्ने ।

**प्रमुख नतिजा सूचक**

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १. | साक्षरता दर | प्रतिशत | ९६.३४ | ९७.५० | ९८.५० | ९९ |
| २. | कक्षा १० को विद्यार्थी उतिर्ण दर | प्रतिशत | १०० | १०० | १०० | १०० |
| ३. | १०+२ मा अध्ययनरत बिद्यार्थीको उत्तिर्ण दर | प्रतिशत | | ७५ | ८५ | ९० |
| ४. | मध्यम स्तरको प्राविधिक जनशक्ति उत्पादन (वार्षिक) | संख्या | ० | १५० | २५० | ३०० |
| ५. | शिक्षक विद्यार्थी अनुपात (मा.वि.तह) | अनुपात | १:७१ | १:५५ | १:४० | १:३५ |
| ६. | बिद्यालय बाहिर रहेका ५ देखि १५ बर्ष उमेरका बालबालिका | प्रतिशत | २.०२ | ०० | ०० | ० |
| ७. | बालमैत्री शौचालय भएका बिद्यालय | संख्या | २२ | ५० | ७२ | ७५ |
| ८. | बिज्ञान प्रयोगशाला स्थापना भएका बिद्यालय | संख्या | ८ | १५ | २० | २१ |
| ९. | कम्प्युटर प्रयोगशाला भएका विद्यालय | संख्या | १० | १५ | २२ | २२ |

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १०. | इन्टरनेट सुबिधा उपयोग गर्ने बिद्यालय | संख्या | २७ | ३५ | ४५ | ४५ |
| ११. | खेल मैदान भएका बिद्यालयहरु | संख्या | ७२ | ७२ | ७२ | ७२ |
| १२. | अपाङ्गमैत्री पूर्वाधार भएका बिद्यालय | संख्या | ० | १० | २० | २५ |
| १३. | प्राविधिक धारका विद्यालय | संख्या | १ | २ | ३ | ३ |
| १४. | बिद्यालय स्तरमा गठन भएका बाल क्लब | संख्या | १३ | २३ | ४० | ४५ |
| १५. | उच्च शिक्षा प्रदान गर्ने क्याम्पस | संख्या | २ | २ | २ | २ |
| १६. | शिक्षा विकास योजना तर्जुमा | पटक | ० | १ | १ | १ |
| १७. | शिक्षा ऐन निर्माण | पटक | ० | १ | १ | १ |
| १८. | गाउँ शिक्षा सूचना प्रणाली अद्यावधिक (वार्षिक) | पटक | ३ | ९ | १५ | २० |

**प्रमुख कार्यक्रम**

- २५ विद्यालयमा ट्रष्ट भवन विस्थापन कार्यक्रम।
- थप १२ माध्यमिक विद्यालयमा क्ष्रूऋत् ल्याब स्थापना २ वटा श्रोत कक्षा स्थापना तथा सञ्चालन एक आवासिय माध्यमिक बिद्यालयको स्थापना।
- विद्यार्थी संख्याको आधारमा बिद्यालय नक्सांकन तथा विद्यालय कोटा वितरण कार्यक्रम थप ३ माध्यमिक बिद्यालयहरुमा प्राविधिक धारको कक्षा संचालन।

- ५ बर्षे गाउँ शिक्षा योजना निर्माण तथा कार्यान्वयन ।
- बिद्यालयहरुमा थप २०० कक्षा कोठा निर्माण ÷ मर्मत संभार ।
- बालविकास केन्द्रहरुलाई शैक्षिक सामाग्रीहरुको व्यवस्थापन कार्यक्रम ।
- सबै विद्यालयमाहरुमा स्वच्छ खानेपानी तथा लैङ्गिकमैत्री शौचालयको व्यवस्थापन ।
- विद्यालयमा कार्यरत शिक्षकहरुलाई मागमा आधारित आधारभुत तथा पुनर्ताजगी तालिम कार्यक्रम  शैक्षिक संस्थाहरुको नियमित अनुगमन तथा मूल्यांकन कार्यक्रम ।
- आधारभूत तहमा स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन
- शिक्षक तालिम सञ्चालनको लागि पालिका स्तरमा सुविधा सम्पन्न तालिम हलको व्यवस्था ।
- २ वटा बिद्यालयहरुमा सामुदायिक पुस्तकालय निर्माण तथा व्यवस्थापन ।
- साक्षरोत्तर तथा निरन्तर कार्यक्रम सञ्चालन ।
- स्थानीय शिक्षा नियमावली निर्माण तथा कार्यान्वयन ।
- शिक्षक तथा व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता विकास कार्यक्रम ।
- १० विद्यालयहरुका खेल मैदानको स्तरोन्नती तथा मर्मत संभार कार्यक्रम ।

## ५.२ स्वास्थ्य

### पृष्ठभूमी

राप्ती सोनारी गाउँपालिकाले १,२,४,५,७,९ नम्वर वडाहरुमा रहेका साविकका प्राथमिक स्वास्थ्य चौकीहरु र वडा नं ३ को सिसुवा, वडा नं ६ को शिदनवा तथा वडा नं ८ को शम्सेरगञ्जमा रहेका आधारभूत स्वास्थ्य केन्द्रहरु तथा वडा नं १ मा रहेको सामुदायिक स्वास्थ्य केन्द्रहरु बाट स्वास्थ्य सेवा प्रवाह गरिरहेको छ । त्यसैगरी गत बर्ष मात्र वडा नं ४ को बैजापुरमा रहेको स्वास्थ्य चौकीलाई स्तरोन्नती गरी १५ शैयाको अस्पतालमा स्तरोन्नती गरिएबाट जनतामा थप उर्जा मिलेको छ । गाउँपालिकाको बिभिन्न स्थानमा रहेका २० वटा गाउँघर क्लिनिक तथा ३४ वटा खोप केन्द्रहरु बाट समेत समय समयमा स्वास्थ्य सम्वन्धी सेवा प्रवाह भैरहेको छ । गाउँपालिकाको बिगत ३ आ.व कौ तथ्यांक अनुसार पालिकामा खोपको कभरेज संघीय तथा प्रादेशिक औसतसंघीय तथा प्रादेशिक औसत भन्दा कम रहेको छ ।  त्यसैगरी मातृ मृत्यु दर तथा शिशु मृत्यु दर समेत संघीय तथा प्रादेशिक भन्दा निकै कम देखिन्छ । पछिल्ला दिनहरुमा स्वास्थ्य चेतनामा आएको परिवर्तन तथा स्वास्थ्य सेवाका क्षेत्रमा भएको लगानी तथा सेवा विस्तारले जनताको स्वास्थ्य अवस्थामा सकारात्मक परिवर्तनहरु आइरहेको पाईन्छ ।  गाउँपालिकाको तथ्यांम अनुसार आ.व २०७७/७८ मा स्वास्थ्य संस्थामा सुत्केरी गराउने महिलाहरु ६२% रहेका छन् । हाल गाउँपालिकाका सवै छ वटा स्वास्थ्य चौकीहरुबाट प्रसुती सेवा प्रदान गरिदै आएको छ । गाउँपालिकाका सवै स्वास्थ्य संस्थाहरुको स्वीकृत स्थाई दरवन्दी ३६ जनाको रहेकोमा हाल स्थाई ४३ जना तथा करारमा २ जना चिकित्सक सहित ६ जना गरी जम्मा ४९ जना कर्मचारीहरु कार्यरत रहेको अवस्था छ । हाल

गाउँपालिकाको स्वास्थ्य अवस्थामा सकारात्मक परिवर्तन देखिएको छ । प्रत्येक बार्डहरुमा स्वास्थ्य चौकीहरुले सेवा प्रदान गरेका छन्, तर जटिल प्रकृतिका रोगको उपचारको लागि जिल्ला सदरमुकाम नेपालगञ्ज तथा कोहलपुर धाउनुपर्ने बाध्यता भने अहिले पनि  विद्यमान छ । हाल निर्माणाधिन रहेको १५ सैयाको अस्पतालले आफ्नो सेवा संचालनमा ल्याएपछि सो समेत कम हुने बिश्वास गरिएको छ ।

**चुनौती तथा अवसर**

**चुनौती**

- आवश्यक दक्ष जनशक्ति तथा आधुनिक उपकरण सहितको सेवा उपलव्ध गराउन अझै कठिन छ ।
- स्वास्थ्य क्षेत्रमा समातामूलक पहुँच स्थापित गर्न ।
- भौगोलिक विकटताका कारण बर्षातको समयमा स्वास्थ्य चौकीहरुबाट प्रसुती सेवा लगायतका अन्य सेवा सुलभ रुपमा प्रदान गर्ने ।
- स्वास्थ्य सूचना प्रणालीलाई व्यवस्थित बनाउन ।
- अन्धविश्वास तथा रुढीवादी परम्पराको अन्त्य गर्न ।
- निशुल्क वितरण गरिने औषधीहरु आवश्यकता अनुसार उपलव्ध गराउन ।
- स्वास्थ्य सेवा प्रवाह सम्वन्धी नियमन तथा अनुगमनमा प्रभावकारीता ल्याउन ।
- विपन्न तथा पछाडि परेका बर्गहरुमा सुरक्षित मातृत्व तथा परिवार नियोजन जस्ता कार्यक्रमको सेवा पुऱ्याउने ।

**अवसर**

- स्वास्थ्य चौकीहरुको व्यवस्थापनको जिम्मा स्थानीय सरकारलाई दिइएको तथा सबै वडाहरुमा स्वास्थ्य संस्थाहरु स्थापना भै सकेका ।
- वडा नं ४ को बैजापुरमा १५ शैयाको अस्पताल स्थापना गर्ने योजना कार्यान्वयन भैरहेको ।
- 
- जनताहरुमा स्वास्थ्य सम्वन्धी जनचेतना अभिवृद्धि हुदै गरेको ।
- स्वास्थ्य क्षेत्रमा सरकारको लगानी वृद्धि हुदै गएको ।
- स्थानीय स्तरमा समेत निजी क्षेत्रबाट दक्ष जनशक्ति सहितको सेवा उपलव्ध हुने गरेको ।
- स्थानीय स्तरमा रहेका विभिन्न संघ संस्थाहरुको सहयोगमा स्वास्थ्य सचेतना जस्ता प्रचार प्रसारका कार्यहरु सञ्चालन गर्ने गरेको ।

- स्थानीय क्षेत्रमा उपलब्ध जडिबुटीहरुको व्यवस्थापन गरी आयुर्वेद चिकित्सा प्रणालीलाई समेत विस्तार गर्न सकिने ड्ड समुदाय स्तरमा संस्थागत सञ्जाल व्यवस्थाले काममा सहजता भएको ।
- स्वास्थ्य तथ्यांक व्यवस्थापनमा क्ष्ऋत् को प्रयोगले तथ्यांक व्यवस्थापनमा सहज भएको छ ।

## सोच

समृद्ध समाजको लागि स्वास्थ्य नै पहिलो आधार ; स्वस्थ्य नागरिक राप्ती सोनारी को पूर्वाधार ।

## उद्देश्य

पालिकावासीलाई सवै खालका स्वास्थ्य सेवाहरु सहज तथा सर्वसुलभ रुपमा उपलव्ध गराउने ।

## रणनीति

- जनतालाई आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने ।
- गर्भवती तथा प्रसुती सेवालाई प्रभावकारी बनाउने ।

**प्रमुख नतिजा सूचक**

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १. | बाल मृत्युदर (प्रतिहजार जन्ममा) | संख्या | ४५८८ | ३० | २० | १६ |
| २. | स्वास्थ्य संस्थामा सुत्केरी गराउने गर्भवती | प्रतिशत | ६२ | ७० | ७९.६० | ८० |
| ३. | मातृ मृत्युदर (प्रति लाखमा) | संख्या | ७२८८ | ५८ | ५० | ५० |
| ४. | स्वास्थ्य संस्थामा पुग्न लाग्ने औषत समय | मिनेट | ४५ | ३० | ३० | २५ |
| ५. | एकीकृत बिशेषज्ञ सेवा मार्फत लाभान्वित जनसंख्या (बार्षिक) | संख्या | - | ७५० | १२५० | १३५० |

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| ६. | प्रति व्यक्ति/प्रति वर्ष स्वास्थ्यमा भएको खर्च | रु. | ७६० | १००० | १२०० | १३०० |
| ७. | हाल सञ्चालनमा रहेका एम्बुलेन्सहरु | संख्या | ५ | ६ | ७ | ९ |
| ८. | स्थायी दरबन्दी अनुसारको कर्मचारी पदपूर्ति | प्रतिशत | १०० | १०० | १०० | १०० |
| ९. | पालिकामा रहेका बर्थिङ सेन्टरहरु | संख्या | ९ | ९ | ९ | ९ |
| १०. | चारै पटक गर्भ जाँच गराउने गर्भबती | प्रतिशत | ७४ | ८० | ८५ | ८५ |

**प्रमुख कार्यक्रम**

- महादेवपुरी रखासकुश्मा स्वास्थ्य चौकीहरुको मापदण्ड अनुरुपको भवन निर्माण कार्यक्रम।
- पालिका भित्र रहेका गाउँघर क्लिनिक तथा खोप केन्द्रहरुको भौतिक संरचना विस्तार।
- गाउँपालिकाको वडा नं ४ मा निर्माणधिन १५ शैयाका राप्ती सोनारी अस्पताल निर्माण (क्रमागत)।
- कचनापुर स्वास्थ्य चौकीको स्तरोन्नती तथा सबै स्वास्थ्य चौकीमा रहेका वर्थिङ्ग सेन्टरहरुको स्तरोन्नती कार्यक्रम ड्ड गाउँपालिका केन्द्रमा औषधी भण्डारण केन्द्रको स्थापना तथा ऋयमिअजबष्ल च्ययm को व्यवस्थापन।
- थप एम्बुलेन्स सेवा सञ्चालन।
- प्रोटोकल अनुसार ब्ल्ऋरएल्ऋ सेवा लिने आमाहरुलाई यातायात तथा पोषण भत्ताका लागि सहयोग कार्यक्रम।
- आमा समूह तथा सामुदायिक महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई थप प्रोत्साहन र पुरस्कार।
- विभिन्न प्रकारका महामारी तथा सरुवाजन्य रोग नियन्त्रणकालागि सचेतनामूलक कार्यक्रम।
- विद्यालयहरुमा स्वास्थ्य शिक्षा सम्वन्धी अनुशिक्षण।
- स्वास्थ्य संस्थाहरुमा गुणस्तरीय, प्रविधिमैत्री ु प्रयोगशाला निर्माण तथा सञ्चालन।
- २ स्थानमा सामुदायिक योग/आरोग्य केन्द्रको स्थापना तथा सञ्चालन।

- जेष्ठ नागरिक, असहाय, शारीरिक असक्त तथा दीर्घ रोगीको उपचारका लागि निशुल्क स्वास्थ्य शिविर सञ्चालन।
- दीर्घ रोगीका लागि निशुल्क औषधीको व्यवस्था।
- गम्भिर खालका रोगको उपचारको लागि विपन्न वर्गलाई आर्थिक सहयोग कार्यक्रम।
- स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम।
- जनस्वास्थ्य तथा पोषण सम्बन्धी जनचेतना कार्यक्रम।
- स्वास्थ्यकर्मी तथा व्यवस्थापन समितिका पदाधिकारी बीच छलफल तथा अन्तरक्रिया कार्यक्रम।

## ५.३ महिला, जेष्ठ नागरिक तथा फरक क्षमता भएका व्यक्ति

## पृष्ठभूमी

राप्ती सोनारी गाउँपालिकाको घरधुरी सर्भेक्षण २०७५ अनुसार पालिकाको कूल जनसंख्या ६७२९४ मध्ये महिलाको जनसंख्या ३३१२६ रहेको छ, यो कूल जनसंख्याको ४९.२३ प्रतिशत हो। स्वही सर्भेक्षण अनुसार पाँच बर्ष र सो भन्दा माथिको जनसंख्याको साक्षरता दर ८५.३० प्रतिशत मध्ये महिला साक्षरता ८१.०० प्रतिशत तथा पुरुष साक्षरता दर ८९.५० प्रतिशत रहेको थियो। हाल यस गाउँपालिकाको साक्षरता दर ९६.३४ प्रतिशत रहेको छ।

महिलालाई संविधान प्रदत्त हक, अधिकारको प्रत्याभूति दिलाउन गाउँपालिकाले महिला सशक्तिकरणका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । बिगतमा महिला बिकास कार्यक्रम मार्फत गठन गरिएका ३ वटा महिला सहकारीहरुमा करिव ३६०० महिला आवद्ध भएकाछन् । गाउँपालिकाबाट आयोजना गर्ने विभिन्न कार्यक्रमहरुमा महिलाको उपस्थिति संख्यात्मक रुपमा उल्लेख्य देखिएता पनि निर्णय प्रक्रियामा महिलाहरुको सहभागीता अहिले पनि कमजोर छ। अर्थपूर्ण सहभागीता बिना केवल गणपूरक संख्या पु¥याउन महिलाहरुलाई विभिन्न कार्यक्रमहरुमा सहभागी गराउने गरिएकोले पनि महिला सशक्तिकरणको पाटोमा उल्लेख्य प्रगति हुन नसकेको यथार्थ हो। गाउँपालिकामा भएको छलफल अनुसार अझै पनि महिलाहरु विभिन्न प्रकारका हिंसाको सामना गर्न बाध्य भएको अवस्था बिध्यमान छ ।

यस राप्ती सोनारी गाउँपालिकामा ७० बर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुको संख्या २६०५.रहेको छ। नेपाल सरकारले वि.स.२०५२ देखि जेष्ठ नागरिकहरुको सम्मान स्वरुप सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ। शुरुमा रु. १५०।–बाट शुरु गरिएको सामाजिक सुरक्षाको रकमलाई हाल रु.४०००।– मा पु¥याइएको छ। अति विपन्न तथा पछाडि परेको समुदायका जेष्ठ नागरिकहरुलाई यो प्रावधानले जीविकोपार्जनमा अत्यन्तै सहयोग पु¥याएको छ। बदलिदो पारिवारिक परिवेशसँगै हिजोको संयुक्त परिवारको संस्कार हराउदै गएको र छोरा–छोरीहरुले जेष्ठ नागरिकहरुलाई रेखदेख तथा स्याहार सम्भार गर्ने प्रचलनमा कमी आएको देखिएको छ।

यस गाउँपालिकामा वर्तमानमा कूल शारीरिक असक्तहरुको संख्या ७३३ छ। नेपाल सरकारले बि.स २०५२ देखि अपाङ्गहरुलाई सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरी वितरण गर्दै आएको छ। अति विपन्न तथा पछाडि परेको

समुदायका अपाङ्गहरुलाई यो प्रावधानले जीविकोपार्जनमा अत्यन्तै सहयोग पुऱ्याएको छ । समाजमा अपाङ्गहरुले अहिले पनि अन्य नागरिक सरह सम्मानका साथ जीवनयापन गर्ने वातावरण छैन । आगामी दिनहरुमा अपाङ्गहरुलाई पनि अन्य नागरिक सरह सम्मानपूर्वकको जीवनयापन गर्ने वातावरणमा उनीहरुमा रहेको ज्ञान, सीप र अनुभवलाई पालिकाको विकासमा लगाउनु पर्दछ ।

## चुनौती तथा अवसर

### चुनौती

- सामाजिक क्षेत्रमा अन्धविश्वास, कुरिती, कुप्रथा, बिध्यमान हुदा महिला हिंसा तथा सामजिक बिभेदको अन्त्य गर्न ।
- विद्यमान अवस्थामा समेत महिला तथा पुरुष बीच विभेद बिद्यमान रहेको ।
- अति बिपन्न तथा सीमान्तकृत बर्गका महिलाहरुलाई शिक्षा, स्वास्थ्य तथा रोजगारीको क्षेत्रमा पहूँच अभिवृद्धि गरी विकासका गतिविधिहरुमा मूलप्रवाहीकरण गर्ने ।
- समस्याहरु पहिचान हुदा समेत यस क्षेत्रमा पालिकाको लगानी कम रहनु, विनियोजित बजेट समेत खर्च गर्न नसक्नु ।
- जेष्ठ नागरिकको हेरचाह, खानपिन, स्वास्थ्य उपचार, मनोरञ्जन र आश्रयको व्यवस्था गरी उनीहरुलाई सामाजिक सुरक्षा र संरक्षण प्रदान गर्ने ।
- अपाङ्गता भएका व्यक्तिलाई समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरुको जीवनयापनका लागि आवश्यक पर्ने ज्ञान तथा सीपमूलक तालिमको व्यवस्था गरी स्वरोजगार बनाउने ।
- अपाङ्गता भएका व्यक्तिलाई सपाङ्ग सरह समाजमा स्थापित गर्ने ।  ड्ड अपाङ्गगमैत्री भौतिक पूर्वाधारहरुको व्यवस्था गर्ने ।

### अवसर

- नेपालको संबिधानमा महिलाको हकलाई मौलिक हकको रुपमा स्थापित गरिएको ।
- कानूनी रुपमै स्थानीय तहदेखि केन्द्रसम्म महिला प्रतिनिधित्वको सुनिश्चित गरिएको ।
- स्थानीय स्तरमा महिलाका सवालहरुको बारेमा व्यापक छलफल हुने वातावरण बनेको ।
- महिलाहरुको नेतृत्वमा स्थानीय स्तरमा सामाजिक तथा आर्थिक गतिविधिहरु सञ्चालन हुने गरेका ।
- लैङ्गिक विकास, महिला सशक्तिकरण, समाबेशी र समतामूलक बिकास जस्ता बिषयहरु राष्ट्रिय नीतिको रुपमा कार्यान्वयन भैसकेको ।
- पालिकास्तरमा एकल महिला सुरक्षा कोष स्थापना भएको ।

- गाउँपालिकाले महिला लक्षित उद्यमशीलता सम्वन्धी तालिमहरु प्रदान गर्दै आएको
- शिक्षित तथा सम्पन्न परिवारमा समेत जेष्ठ नागरिकहरु प्रति देखाइने सद्भावमा कमी हुदै गएको ।
- जेष्ठ नागरिकहरुलाई प्रदान गरिने सामाजिक सुरक्षा भत्ताको सहजरुपमा उपलब्ध गराउने ।
- राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको प्रत्याभूति हुने गरी जेष्ठ नागरिकहरुको हकलाई मौलिक हकको रुपमा व्यवस्थित गरेको ।
- जेष्ठ नागरिकहरुमा भएको ज्ञान सीप तथा अनुभवलाई पालिकाको आर्थिक, सामाजिक रुपान्तरणमा उपयोग गर्न सकिने ।
- नेपालको संबिधानले अपाङ्गता भएका नागरिकहरुको हकलाई मौलिक हकको रुपमा व्यवस्थित गरेको ।
- राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको प्रत्याभूति हुनेगरी सामाजिक सुरक्षाको व्यवस्था गरिएको ।
- अपाङ्गता भएका नागरिकहरुमा भएको ज्ञान सीप तथा अनुभवलाई पालिकाको आर्थिक, सामाजिक रुपान्तरणमा उपयोग गर्न सकिने ।
- गाउँपालिकाको सवै वडाहरुमा अपाङ्गता सञ्जाल र गाउँपालिका स्तरी सञ्जाल समेत गठन भैसकेकोले आफ्ना मागहरु गाउँपालिकामा पुर्याउन सहज भएको ।

## सोच

- महिला तथा पुरुष वीचमा रहेका विभेदहरुको अन्त्य गरी समतामूलक समाजको स्थापना
- जेष्ठ नागरिकहरुको समाजमा सम्मानित जीवनयापनको अनुभूति
- अपाङ्गता भएका नागरिकहरुको समाजमा सम्मानित जीवनयापनको प्रत्याभूति ।

## उद्देश्य

- सशक्तिकरणको माध्यमबाट हरेक क्रियाकलापहरुमा महिलाहरुको अर्थपूर्ण सहभागीतालाई सुनिश्चित गर्नु ।
- जेष्ठ नागरिकको लागि समाजमा विभेदरहीत जीवनयापन गर्ने वातावरण तैयार गर्ने ।
- अपाङ्गता भएका नागरिकहरुको लागि आधारभूत सेवा सहित सम्मानित जीवनयापनको वातावरण तयार गर्ने ।

## रणनीति

- महिला सशक्तिकरणका लागि विभिन्न क्रियाकलापहरुमा महिलाको अर्थपूर्ण सहभागीता मार्फत क्षमता अभिवृद्धि गर्ने
- महिला हिंसा न्यूनिकरण गर्ने ।
- जेष्ठ नागरिकहरुलाई समाजमा सम्मानित जीवनयापन गर्न सामाजिक सुरक्षा सहितको संरक्षण प्रदान गर्ने ।

- अपाङ्गता भएका नागरिकहरुको जीवनयापनका लागि सहज वातावरण श्रृजना गर्ने ।

## प्रमुख नतिजा सूचक

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १. | निर्णय प्रक्रियामा महिला सहभागिता | प्रतिशत | ३३ | ३८ | ४० | ४२ |
| २. | महिला सशक्तिकरण तथा नेतृत्व विकास कार्यक्रममा महिलासहभागिता | संख्या | - | २०० | ३०० | ३०० |
| ३. | अति विपन्न तथा पछाडी पारिएका महिलाहरुको समूह गठन तथा परिचालन | संख्या | - | ६ | ९ | ९ |
| ४. | एकल महिला सुरक्षा कोष स्थापना तथा परिचालन | पटक | १ | ३ | ५ | ५ |
| ५. | सरकारी सेवा प्रवेश सम्बन्धी पक्षमा सहभागि महिला | जना | - | ७५ | १२५ | १३० |
| ६. | घरेलु हिंसा पीडित महिलाहरुका लागि आपत्कालीन आश्रय स्थल | संख्या | १ | १ | १ | १ |
| ७. | जेष्ठ नागरिकहरुको विभिन्न सेवामा पहुँच | प्रतिशत | ४० | ६० | ७५ | ८० |

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| ८. | पालिका स्तरमा जेष्ठ नागरिकहरुको सञ्जाल | संख्या | ० | १ | १ | १ |
| ९. | जेष्ठ नागरिक मिलनकेन्द्रको स्थापना तथा व्यबस्थापन | संख्या | ० | १ | २ | ३ |
| १०. | जेष्ठ नागरिकको सम्मान कार्यक्रम | पटक | १ | ३ | ५ | ६ |
| ११. | पालिकामा निर्माण गरिएका अपाङ्घ मैत्री भबन | संख्या | - | १० | २० | २१ |
| १२. | पालिका स्तरमा अपाङ्ग संजाल निर्माण तथा परिचालन | पटक | १ | १ | १ | १ |
| १३. | अपाङ्गता भएका व्यक्तिहरुबाट उद्यम स्थापना | संख्या | - | २० | ५० | ६० |
| १४. | अपाङ्गता भएका व्यक्तिहरुलाई सम्मान कार्यक्रम बार्षिक) | पटक | १ | ३ | ५ | ५ |

## प्रमुख कार्यक्रम

- विपन्न तथा पछाडि परेका महिलाहरुको समूह गठन, बचत संकलन तथा परिचालन कार्यक्रम।
- महिला अधिकार तथा कानूनी साक्षरता अभियान।
- महिला हिंसा न्यूनिकरणका लागि आपतकालीन कोष स्थापना।
- एकल महिला सुरक्षा कोष स्थापना तथा परिचालन।
- एकल महिलाका लागि स्वरोजगारमूलक कार्यक्रम संचालन।

- विपन्न महिलाहरुका लागि उद्यमशीलता तथा स्वरोजगार सम्वन्धी तालिम सञ्चालन ।
- महिलाहरुका लागि सरकारी सेवा प्रवेश सम्वन्धी कक्षा सञ्चालन ।
- महिलाहरुका लागि नेतृत्व विकास तालिम सञ्चालन ।
- ७५ बर्ष माथीका जेष्ठ नागरिक केन्द्रित स्वास्थ्यकर्मी सहितको घरदैलो कार्यक्रम ।
- २ स्थानमा सुविधायुक्त जेष्ठ नागरिक मिलन केन्द्रको स्थापना र सञ्चालन ।
- जेष्ठ नागरिक सम्मान कार्यक्रम ।
- असक्तता सञ्जाल निर्माण तथा क्षमता बिकास कार्यक्रम ।
- असक्त भएका व्यक्तिको पहिचान गरी परिचय पत्र वितरण ।
- असक्त नागरिकहरुलाई सम्मान कार्यक्रम ।
- असक्त नागरिकहरुका लागि विशेष सुरक्षा कार्यक्रम ।
- असक्त नागरिकहरुलाई मध्यनजर गरी स्वरोजगारमूलक व्यवसाय छनौट तथा उद्यमशीलता तालिम ।
- अति विपन्न असक्तता भएका व्यक्तिहरुलाई उद्यम स्थापनामा बिशेष सहयोग कार्यक्रम ।

## ५.४ दलित तथा उत्पिडित वर्ग उत्थान

### पृष्ठभूमी

गाउँपालिकाबाट बि.स २०७५ मा गरिएको घरधुरी सर्भेक्षण अनुसार राप्ती सोनारी गाउँपालिकामा जम्मा १२६७७ घरधुरी रहेकोमा दलित घरधुरी संख्या १०८९ रहेकाछन् । नौ वटै वडाहरु रहेको राप्ती सोनारी गाउँपालिकाका सबै वडाहरुमा दलितहरुको बसोबास देखिन्छ भने दलितहरुको बढी जनसंख्या भएका वडाहरुमा १,२ र ७ रहहेका छन् । यस गाउँपालिकामा शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रहरुमा अन्य जातजातीहरुको तुलनामा ब्राहमण, क्षेत्रीहरु त्था जनजातिहरुको पहुँच बढी देखिन्छ । यस अर्थमा गाउँपालिकामा बसोवास गर्ने दलित लगायतका अन्य जातजातिहरुको शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा लगायतका क्षेत्रहरुमा उनीहरुको पहूँच तुलनात्मक रुपमा कम रहेको छ । आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको क्षेत्र तथा बर्गको उत्थानका लागि गरिबी न्यूनीकरण सम्वन्धी विशेष कार्यक्रमहरु सञ्चालन गरी उनीहरुलाई विकासको मूलप्रवाहमा समाबेश गरी अगाडी बढ्नुपर्ने देखिन्छ ।

### चुनौती तथा अवसर

#### अवसर

- राज्यकै मूल कानूनले समावेशी सिद्धान्तलाई अंगिकार गरेको ।

- बर्तमानमा रहेका विभिन्न ऐन, नीति, नियम र कानूनहरु सामाजिक समावेशीताका आधारमा तर्जुमा भएको ।
- तीनै तहको सरकारमा सामाजिक समाबेशीताका आधारमा प्रतिनिधिहरुको व्यवस्था गरिएको ।
- सदियौंदेखिको सामाजिक सद्भाव र एकतालाई कायम गरी सामाजिक रुपान्तरण गर्न सकिने अवस्था रहेको ।
- दलित, उत्पीडित वर्गको उत्थानका लागि कार्यरत बिभिन्न संघ संस्थाको समन्वयमा सामाजिक सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गर्न सकिने ।
- राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको प्रत्याभूति हुनेगरी दलित, उत्पीडित वर्गका लागि सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरिएको ।
- दलित, उत्पीडित वर्गहरुमा भएको ज्ञान सीप तथा अनुभवलाई पालिकाको आर्थिक, सामाजिक रुपान्तरणमा उपयोग गर्न सकिने ।

## चुनौती

- समाजमा रहेको परम्परागत सोंच, चिन्तन सामाजिक बिकृति बिसंगतीहरुलाई एकै पटक निर्मुल गर्न ।
- विद्यमान आर्थिक तथा सामाजिक गरिवीलाई न्यूनीकरण गरी समतामूलक र समावेशी समाजको निर्माण गर्ने ।
- सामाजिक बिकृति, बिसंगती र बिभेदको अन्त्य गरी सभ्य समाजको निर्माण गर्ने ।
- एउटै जाती भित्र पनि हुनेखानेहरुबाट अति विपन्न तथा असहाय माथी हुने दमनलाई निरुत्साहित गर्ने ।

## सोच

जातीय विभेदको अन्त्य गरी सभ्य समाजको निर्माण

## उद्देश्य

राज्यका श्रोत, साधन, अवसर तथा लाभमा दलित वर्गको समतामुलक पहुँच सुनिश्चित गर्ने ।

## रणनीति

- बिशेष नीति तथा कार्यक्रमहरु मार्फत दलित समुदायहरुलाई विकासका गतिविधिहरुमा सहभागी गराउनुका साथै सशक्तिकरण गरिनेछ ।

## प्रमुख नतिजा सूचक

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १. | क्षमता अभिवृद्धि कार्यक्रमबाट लाभान्वीत | संख्या | | १५० | २५० | ३०० |
| २. | दलित, उत्पीडित वर्गको नेतृत्व तहमा सहभागिता | प्रतिशत | १० | १२ | १५ | १८ |
| ३. | पालिका स्तरमा दलित संजाल निर्माण तथा परिचालन | पटक | १ | १ | १ | १ |
| ४. | सरकारी सेवा प्रवेश सम्वन्धी कक्षामा सहभागि महिला (बार्षिक) | जना | ० | ७५ | १२५ | १५० |
| ५. | दलित, उत्पीडित वर्गले संचालन गरेको व्यवसायहरु | संख्या | | ४५ | ९० | १०० |

## प्रमुख कार्यक्रम

- सकारात्मक विभेद सहितको सामाजिक समाबेशीकरण सम्बन्धी स्थानीय नीति तर्जुमा तथा कार्यान्वयन।
- दलित सञ्जाल निर्माण तथा परिचालन।
- दलित बर्ग उत्थान बिशेष कोषको स्थापना तथा संचालन।
- परम्परागत सीप तथा व्यवसायहरुमा नया प्रविधि प्रयोग मार्फत संरक्षण तथा प्रवर्द्धन कार्यक्रम।
- दलित/उत्पीडित लक्षित सीपमूलक तथा व्यवसायिक तालिम सञ्चालन।
- क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन।
- दलित बर्ग लक्षित सेवा प्रबेश सम्वन्धी कक्षा सञ्चालन।

## ५.५ आदिवासी जनजाति विकास

## पृष्ठभूमी

राप्ती सोनारी गाउँपालिकाको बहुलतायुक्त सामाजिक स्वरुपलाई पुँजीको रुपमा स्थापित गरी विकासमा अत्यधिक लाभ उठाउन सामाजिक समावेशीकरणलाई प्रमुख माध्यमको रुपमा ग्रहण गर्न आवश्यक भएकोले आदिवासी जनजाती विकास योजनाका लक्ष्य, उद्देश्य र कार्यक्रम त्यसै तर्फ केन्द्रित गरिएको छ।

गाउँपालिकाको २०७५ को घरधुरी सर्वेक्षण अनुसार राप्ती सोनारी गाउँपालिकामा जम्मा १२६७७ घरधुरी रहेकोमा आदिवासी तथा जनजातीहरुको घरधुरी संख्या ६८७०.रहेको छ, जुन कुल घरधुरीको ५४.२० % हो। नौ वटा वडाहरु रहेको राप्ती सोनारीका सबै वडाहरुमा जनजातीहरुको बसोबास रहेकोछ। गाउँपालिकामा जनजातीहरुमा बिशेषत थारु जातीको बाहुल्यता छ। यस गाउँपालिकाका कुल घरधुरी मध्ये ४२.३ प्रतिशत थारु जातीका रहेका छन्। यस गाउँपालिकामा आगामी दिनहरुमा आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको क्षेत्र तथा बर्गको उत्थानका लागि गरिबी न्यूनीकरण सम्वन्धी विशेष कार्यक्रमहरु सञ्चालन गरी उनीहरुलाई विकासको मूलप्रवाहमा समाबेश गरी अगाडि बढ्नु पर्ने हुन्छ।

## चुनौती तथा अवसर

### चुनौती

- समाजमा रहेको परम्परागत सोंच, चिन्तन र बिचारलाई परिर्वतन गर्ने। ड्ड सामाजिक बिकृति, बिसंगति र बिभेदको अन्त्य गरी सभ्य समाजको निर्माण गर्ने।

### अवसर

- नेपालको संबिधानले समावेशी सिद्धान्तलाई अंगिकार गरेको र विभिन्न ऐन, नीति, नियमहरु समेत सामाजिक समावेशीताका आधारमा तर्जुमा भएको अवस्था रहेको।
- तीनै तहको सरकारमा सामाजिक समाबेशीताका आधारमा प्रतिनिधिहरुको व्यवस्था गरिएको।
- आदिवासी तथा जनजातीहरुको उत्थानका लागि कार्यरत बिभिन्न संघ संस्थाको समन्वयमा सामाजिक सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गर्न सकिने अवस्था रहेको।

### सोच

**समावेशी तथा समतामूलक विकास मार्फत राप्ती सोनारीलाई समृद्ध बनाउने ।**

**उद्देश्य**

- **राज्यका श्रोत, साधन, अवसर तथा लाभमा आदिवासी तथा जनजातीहरुको समान पहुँच सुनिश्चित गर्ने ।**

**रणनीति**

- **आवश्यक नीति तथा कार्यक्रमहरु मार्फत आदिवासी जनजातिहरुलाई विकासका विभिन्न गतिविधिहरुमा सहभागी गराउने ।**

## प्रमुख नतिजा सूचक

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १. | व्यवसाय छनौट तथा उद्यमशीलता तालिम बाट लाभान्वित व्यक्ति | संख्या | | १५० | २५० | ३०० |
| २. | संगठित नेतृत्व तहमा आदिवासी तथा जनजातीको | प्रतिशत | ५० | ५५ | ६० | ६५ |
| ३. | पालिकास्तरमा संजाल निर्माण तथा परिचालन | पटक | १ | १ | १ | १ |
| ४. | सरकारी सेवा प्रवेश सम्वन्धी कक्षामा सहभागि आदिवासी तथा जनजातिहरु (बार्षिक) | जना | १ | ७५ | १२५ | १५० |

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| ५. | आदिवासी तथा जनजातिहरुले संचालन गरेको ब्यवसायहरु –थप) | संख्या | | ४५ | ९० | १०० |

## प्रमुख कार्यक्रम

- वडा तहमा आदिवासी जनजाती संजाल तथा पालिका तहमा समन्वय समिति गठन तथा क्षमता अभिवृद्धि कार्यक्रम ।
- आदिवासी जनजाति संग्राहलय प्रवर्द्धन कार्यक्रम।
- स्वरोजगारमूलक व्यवसाय छनौट तथा उद्यमशीलता तालिम ।
- अति विपन्न आदिवासी जनजातीहरुलाई उद्यम स्थापनामा सहयोग ।
- आदिवासी जनजातिहरुका लागि सेवा प्रबेश कक्षा सञ्चालन ।

## ५.६ बालबालिका, बाल अधिकार तथा बाल संरक्षण

## पृष्ठभूमी

राप्ती सोनारी गाउँपालिकामा १९ बर्ष मुनिका बालबालिका तथा किशोर किशोरीहरुको जनसंख्या करिव ४० प्रतिशत रहेको छ। वालबालिका, युवा, किशोर किशोरीहरुलाई राज्यको तर्फवाट आवश्यक सुरक्षा र संरक्षण प्रदान गर्नु आवश्यक छ। उनीहरुलाई अन्य नागरिक सरह समाजमा स्थापित गर्न र उनीहरुको शारीरिक, मानसिक एवं भावनात्मक विकासको लागि विशेष कार्यक्रम मार्फत सम्वोधन गर्नुपर्दछ । बालबालिकाहरुलाई मनोवैज्ञानिक ढंगले व्यवहार गरेर उनीहरुको अधिकार र हीतको सुनिश्चितता गरिनु पर्दछ । गाउँपालिकाले बिद्यालय तह तथा समुदायस्तरमा बालबालिकाहरुलाई विभिन्न क्लवहरुमा आबद्ध गराई उनीहरुको क्षमता विकास गर्दै आएको छ। सबै वडाहरुमा बाल क्लवहरु गठन गरिएको र पालिका स्तरमा पालिकास्तरिय संजाल गठन गरी कृयाशिल रहेको अवस्था छ।

बालवालिकाहरुका हक, अधिकार र कर्तव्य प्रति सचेत रहि सवै वडाहरुमा बाल अधिकार संरक्षण समितिहरु ग्ठनको थालनि गरिएको र यसलाई पालिका तहमा समेत समिति बनाई अगाडी बढाउने सोचमा रहेको अवस्था छ। पालिकामा हाल २ वटा किशोरी क्लवहरु गठन भै कृयाशिल रहेका छन्। हाल पालिकामा २८ जना अभिभावक बिहिन बालबालिका

रहेका र उनिहरु व्डा नं ५ मा रहेको अनाथ बाल बालिका हेरचाह केन्द्रमा रहेका छन् । पालिकाका वडा नं ३, ६ र ७ नं वडाहरु बाल बिवाह मुक्त घोषणा भै सकेका तथा बाँकी वडाहरुमा यो प्रकृया अगाडी बढाइएको अवस्था रहेको छ । पालिकाले बालबालिका तथा किशो किशोरीहरुकालागि बिभिन्न कार्यक्रमहरु संचालन गरिरहेको भएता पनि यी गतिबिधिहरु प्रयाप्त भने छैनन् । आजका बालबालिका भोलीका राष्ट्रका कर्णधारका रुपमा रहेको हुँदा उनीहरुलाई उचित बाताबरण तथा अवसर प्रदान गर्नु गाउँपालिकाको कर्तव्य तथा दायित्व हुनेछ । यसैलाई मध्यनजर गरी गाउँपालिकाले आफ्ना गतिबिधिहरु संचालन गर्दै आइरहेको छ ।

## चुनौती तथा अवसर

- नेपालको संबिधानले बालबालिकाको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको ।
- गाउँपालिकाको नीति तथा कार्यक्रमहरुमा बालबालिकाको क्षेत्रमा विभिन्न कार्यक्रमहरु सञ्चालन भएको ।
- बिद्यालय तह लगायत वडा स्तरमा समेत बाल क्लवहरु गठन भई क्रियाशील रहेको । वडा तथा पालिका स्तरिय बाल संजाल गठन गरिएको ।
- वडातहमा हाल किशारी क्लवहरु गठन भै संचालनमा रहेका ।
- वडा नं ५ मा अनाथ बाल बालिका हेरचाह केन्द्र संचालनमा रहेको ।
- हालसम्म ३ वटा वडाहरु बालबिबाह मुक्त घोषण भै सकेका ।
- वडा स्तरिय तथा पालिका स्तरिय बाल अधिकार संरक्षण समितिहरु गठनको प्रकृयामा रहेका ।

## अवसर

- समाजमा बाल बिबाह, बालयौन दुव्र्यबहार तथा बाल श्रमको प्रयोग जस्ता विकृति विद्यमान रहेको ।
- अनाथ तथा असहाय एवं जोखिममा परेका बालबालिकाहरुको संरक्षण ।
- बलवालिकाहरुको हितमा संचालन हुने गतिविधीहरु (निर्णय प्रक्रिया देखी लाभ वितरण सम्मका कार्यक्रमहरु) मा बालबालिकाहरुको अर्थपूर्ण सहभागीताको सुनिश्चित गर्न ।
- बालमैत्री पूर्वाधारहरु निर्माण गरी सञ्चालनमा ल्याउने ।
- धुम्रपान तथा मध्यपान जस्ता विकृतिबाट बालबालिकालाई सुरक्षित राख्ने ।
- स्वास्थ्य, पोषण, शिक्षा, मनोरञ्जन लगायतका आधारभूत सुविधाहरुमा बालबालिकाको पहूँच सुनिश्चित गर्ने ।

## सोच

आजका बालबालिका भोलिका सक्षम र सवल नागरिक ।

## उद्देश्य

- बालअधिकारको पूर्ण प्रत्याभूति हुने गरी बाल विकास सम्वन्धी क्रियाकलापहरु सञ्चालन गर्ने ।

## रणनीति

- बालबालिकाहरुको हक हीत संरक्षणका लागि आवश्यक नीति, कानून तथा कार्यविधिहरुको तर्जुमा तथा कार्यान्वयन गर्ने ।
- ड्ड बालवालिका सम्वन्धी बिबिध गतिविधीहरु (निर्णय प्रक्रिया देखी लाभ वितरण सम्मका कार्यक्रमहरु) मा बालबालिकाहरुको अर्थपूर्ण सहभागीताको सुनिश्चित गर्ने ।

## प्रमुख नतिजा सूचक

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १. | बाल मैत्री शासन भएका बडाहरु | संख्या | ० | ६ | ९ | ९ |
| २. | बालश्रम मुक्त वडाहरु | संख्या | ३ | ९ | ९ | ९ |
| ३. | अनाथ बालबालिकाहरुकालागि संरक्षण सम्वन्धी | संख्या | ० | १ | १ | १ |
| ४. | बिद्यालय तहमा गठन भएका बालक्लव | स्ंख्या | ६ | १२ | १६ | १६ |
| ५. | समुदाय स्तरमा गठन भएका बाल क्लव | संख्या | ७ | १० | १४ | १६ |
| ६. | बाल क्लवमा सहभागी बालबालिका | संख्या | १३१६ | १७०० | २००० | २५०० |

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| ७. | अनाथ बाल बालिका हेरचाह केन्द्र संचालन | संख्या | १ | १ | १ | १ |

### प्रमुख कार्यक्रम

- बाल बिकास कोषको व्यवस्थापन।
- वडा तथा बिद्यालय तहमा बाल क्लबहरु तथा बाल सञ्जाल निर्माण, परिचालन तथा सुदृढीकरण।
- बाल हिंसा बिरुद्ध निशुल्क कानूनी उपचार।
- अनाथ बाल बालिका हेरचाह केन्द्र संचालनमा सहयोग।
- बाल अधिकार संरक्षण तथा सम्वद्र्धन कार्यक्रम।
- बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम।
- बालमैत्री पालिका घोषणा कार्यक्रम।
- बाल संरक्षण समितिको परिचालन तथा सुढृढिकरण।

## ५.७ युवा तथा खेलकुद र संस्कृति

### पृष्ठभूमी

राप्ती सोनारी गाउँपालिकाबाट बैदेशिक रोजगारीमा जाने युवाहरुको संख्या कूल जनसंख्याको ४.७ प्रतिशत छ भने स्वदेश भित्रै ज्याला मजदुरी गर्नेको संख्या करिव १३ प्रतिशत रहेको छ। बैदेशिक रोजगारी तथा ज्याला मजदुरीमा जानेहरु करिव सवै ६० बर्ष तलको जनसंख्या रहेको छ। गाँउमा रोजगारीको अवसर नहुँदा रोजगारीका लागि गाउँबाट पलायन हुने अवस्था अहिले पनि विद्यमान छ। युवाहरुमा रहेको सीप र लगनशीलताको उच्च कदर गर्दै उनीहरुलाई विभिन्न आर्थिक क्रियाकलापहरुमा सहभागी गराउन सके मात्र गाउँको सामाजिक, आर्थिक विकासका साथै युवाशक्ति गाउँबाट पलायन हुनबाट रोक्न सकिनेछ।

स्थानीय तह देखिनै खेलकूदको संस्थागत विकास एवं पूर्वाधार निर्माण गरी सबैका लागि खेलकूद अभियानलाई सार्थकता दिन आवश्यक छ । गाउँपालिकाले तय गरेको नारालाई सार्थक बनाउन थप लगानीको आवश्यक देखिन्छ । स्वस्थ्य, अनुशासित तथा सिर्जनशील नागरिक उत्पादन गर्नु तथा खेलकूदको माध्यमबाट प्रदेश तथा राष्ट्रिय स्तरमा गाउँपालिकालाई चिनाउन सक्ने अवसरको सदुपयोग गरिनु पर्दछ । गाउँपालिकामा स्तरीय खेल मैदानहरुको व्यवस्था गर्न सकिएको अवस्था छैन । खेलकूदलाई छुट्टै नहेरी स्वास्थ्य एवं पर्यटन प्रवर्द्धनसँग आबद्ध गरी लैजान सके अझ बढी प्रभावकारी हुनेछ ।

राप्ती सोनारी  गाउँपालिकाले समेत आफ्नो क्षेत्रभित्र बोलिने भाषा तथा संस्कृति एवं साँस्कृतिक सम्पदाहरुको संरक्षण तथा सम्बद्र्धनका कार्यक्रमहरु योजनामा समाबेश गरिनु पर्दछ । ऐतिहासिक र साँस्कृतिक धरोहरको रुपमा रहेका सम्पदाहरुको संरक्षण र सम्बद्र्धन गरी भावी पुस्ताहरुलाई हस्तान्तरण गरिनु पर्दछ । राप्ती सोनारी गाउँपालिकामा मुख्यतया थारु, क्षेत्री, मगर, विश्वकर्मा मुसलमान लगायतका जातजातीको बसोवास रहेको छ । यस गाउँपालिकामा करिव ४३ प्रतिशत थारु जातीको बसोवास रहेको छ । यहाँ बोलिने मुख्य भाषा नेपाली थारु, मगर भाषा हुन् । यस पालिकामा विभिन्न समुदायहरुको बसोवास रहेकाले आ–आफ्नै रहन सहन तथा संस्कृति रहेको छ । नेपालको संबिधानले पनि मौलिक हकको रुपमा भाषा र संस्कृति सम्बन्धी हकको ब्यवस्था गरेको छ । यहाँ मनाइने मुख्य चाडपर्वहरुमा हिन्दुहरुले दशै, तिहार, माघी, होली, श्रीपञ्चमी, शिवरात्री, रामनवमी, धुरीया पुजा मनाउने गर्दछन् भने कृश्चियनहरुले क्रिसमस डे तथा इस्लाम धर्मावलम्वीहरु मुहर्रम, रामजान, इद उल फित्र तथा बकर इद जस्ता चाड पर्वहरु मनाउने गरेको पाइन्छ । मेला पर्वहरुमा माघी मेला, शिवरात्री, गौशाला मेला, तिज महोत्सव तथा भरी माता मेला जस्ता प्रमुख मेलाहरु लाग्ने गरेका छन् ।

## चुनौती तथा अवसर

## चुनौती

- युवाहरुलाई गाउँमै बसी आर्थिक उपार्जन सहितको सम्मानित जीवन विताउन सकिन्छ भन्ने बिश्वासको वातावरण बनाउने ।
- युवा परिचालन, रोजगारी श्रृजना र बिकास गतिबिधिहरुलाई एकीकृत रुपमा कार्यान्वयन गर्ने ।
- खेलकूदलाई आयसँग लगायत अन्य क्षेत्रसँग आबद्ध गरी प्रवर्द्धन गर्न नसकिएको ।
- खेलकूदको लागि आवश्यक भौतिक पूर्वाधारको व्यवस्थापन गर्ने । ड्ड खेलकूदलाई पेशाको रुपमा लिने वातावरण तैयार नभएको ।
- ऐतिहासिक, साँस्कृतिक एवं धार्मिक सम्पदाहरुको संरक्षण र व्यवस्थापनका लागि आवश्यक साधन श्रोतको व्यवस्था गर्ने ।
- विभिन्न भाषा, संस्कृति तथा रहन सहनलाई साझा सम्पत्तिको रुपमा प्रवर्द्धन गर्ने ।

## अवसर

- बैदेशिक रोजगारबाट फर्किएका युवाहरुको अनुभव, ज्ञान र सीपलाई आर्थिक गतिविधिहरुमा सदुपयोग गर्न सक्ने ।
- विद्यमान युवा परिचालन नीति तथा सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा सहुलियतपूर्ण ऋणहरुबाट युवाहरुलाई आफ्नै गाउँ ठाउँको विकासमा परिचालित हुने अवस्था रहेको ।
- गाउँपालिकाबाट हाल बैदेशिक रोजगार वा ज्याला मजदुरीमा जाने युवा जनशक्तिलाई स्थानीय स्तरमा रोकी स्थानीय स्तरमा रोजगारीका अवसरहरु श्रृजनागर्न सक्ने अवसर रहेको ।
- खेलकूदमा बालबालिका तथा युवाको रुची बढ्दै गएको ।
- स्थानीय स्तरका युवाको जनसंख्या उल्लेख्य रहेको । ड्ड खेलकूदमा सरकारको लगानीमा क्रमश: वृद्धि भइरहेको ।
- राज्यकै मुल कानूनले समावेशी सिद्धान्तलाई अंगिकार गरेको ।
- बर्तमानमा विभिन्न ऐन, नीति, नियम र कानूनहरु सामाजिक समावेशिताका आधारमा तर्जुमा भएको ।
- तीनै तहको सरकारमा सामाजिक समाबेशीताका आधारमा जनप्रतिनिधिहरुको व्यवस्था गरिएको ।
- सामाजिक बिकृति, बिसंगती र बिभेदको अन्त्य गरी सामाजिक रुपान्तरण गर्ने कार्यमा गाउँपालिकाको प्रतिबद्धता हेको ।
- सदियौं देखिको सामाजिक सद्भाव र एकतालाई कायम गरी सामाजिक रुपान्तरण गर्न सकिने अवस्था विद्यमान रहेको ।
- बिभिन्न संघ संस्थाको समन्वयमा सामाजिक सशक्तिकरणका कार्यक्रमहरु संचालन गरी सामाजिक रुपान्तरण सम्वन्धी कार्य संचालन गर्न सकिने ।
- गाउँपालिका यसै आर्थिक बर्ष २०७८/७९ मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनिति तैयार भई सकेको छ ।

## सोच

- युवाको सर्वाङ्गीण विकास, समृद्ध राप्ती सोनारीको प्रमुख आधार ।
- युवाहरुको शान; खेलकूदको माध्यमबाट राप्ती सोनारी को पहिचान ।
- साँस्कृतिक विविधताको उत्कृष्ट पहिचान ।

## उद्देश्य

- युवाहरुको क्षमता विकास गरी स्वरोजगार बनाउने ।

- खेलकूद पुर्वाधारको विकासका साथै स्वस्थ्य तथा सिर्जनशील खेलाडी उत्पादन गरी खेलकूदको समग्र विकास गर्ने ।
- विभिन्न संस्कृति तथा ऐतिहासिक, धार्मिक, साँस्कृतिक सम्पदाहरुको पहिचान गरी संरक्षण गर्ने ।

## रणनीति

- प्राविधिक तथा व्यवसायिक शिक्षा मार्फत युवाहरुको सीप बिकास गरी विकास निर्माणका गतिबिधिहरुमा परिचालन गर्ने ।
- खेल विकासका लागि खेलकूद पूर्वाधारको निर्माण गरी प्रतियोगिताहरु सञ्चालन गर्ने ।
- खेलकूदलाई अन्य क्रियाकलापहरुसँग आबद्ध गर्ने ।
- स्थानीय भाषा, संस्कृतिको संरक्षण तथा सम्वर्द्धन गर्ने ।
- ऐतिहासिक, धार्मिक एवं साँस्कृतिक स्थल तथा सम्पदाहरुको पहिचान तथा संरक्षण गर्ने ।

## प्रमुख नतिजा सूचक

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १. | बैदेशिक रोजगारमा गएको युवा जनसंख्या | प्रतिशत | ४.७ | ४ | ३.५ | ४ |
| २. | युवा स्वरोजगार श्रृजनामा पालिकाको लगानी | रु.लाख मा | - | १८.०० | २०.०० | २५ |
| ३. | युवा द्वारा संचालित उद्यमहरु | संख्या | - | १५ | २५ | ३० |
| ४. | युवा क्लव तथा संजाल | संख्या | १२ | १४ | १८ | २० |
| ५. | व्यवसायिक तालिम प्राप्त युवा | संख्या | - | ७५ | १२५ | १३० |

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| ६. | खेलकूदमा पालिकाको लगानी | रु.लाख मा | - | १६.५ | २२.३० | २३ |
| ७. | पालिका स्तरीय खेलकुद प्रतियोगिता (वार्षिक रुपमा) | पटक | २ | ६ | १० | १२ |
| ८. | गाउँपालिकाबाट प्रशिक्षित खेलाडीहरु | संख्या | - | १५० | २५० | २७० |
| ९. | विद्यालय बाहिरका खेल मैदान | संख्या | ९ | ९ | ९ | ९ |
| १०. | पालिकामा रहेका कभर्डहल | संख्या | ० | ० | १ | १ |
| ११. | खेलकूद मैदान भएका विद्यालयहरु | संख्या | ७२ | ७२ | ७२ | ७५ |
| १२. | बहु–साँस्कृतिक संग्राहलयको स्थापना | संख्या | ० | १ | १ | १ |
| १३. | थारु संग्राहलय स्थापना तथा संरक्षण | संख्या | १ | १ | १ | १ |
| १४. | भाषा कला, संस्कृति र साहित्य सम्वन्धी तथ्यांक अभिलेखन | पटक | ० | १ | २ | २ |
| १५. | साँस्कृतिक प्रतियोगिता आयोजना | पटक | - | ३ | ५ | ६ |
| १६. | विद्यालय स्तरमा लोक नृत्य प्रतियोगिता | पटक | - | ३ | ५ | ६ |

### प्रमुख कार्यक्रम

- युवा स्वरोजगार कोष स्थापना तथा परिचालन।
- युवा साझेदारी कार्यक्रम।
- ग्रामीण युवा उद्यमशीलता तथा सीप बिकास तालिम कार्यक्रम।
- लागु औषध नियन्त्रण कार्यक्रम।
- कृयाशील युवा क्लवहरुको संरक्षण तथा सुदृढीकरण कार्यक्रम।
- खेलकुद बिकासकालागि आवश्यक संस्थागत संरचना निर्माण तथा क्षमता विकास।
- राष्ट्रपती रनिङ सिल्ड तथा अध्यक्ष कप प्रतियोगिता संचालन कार्यक्रम।
- बिभिन्न विधाका खेल प्रशिक्षक उत्पादन कार्यक्रम।
- विद्यालय खेलमैदान स्तरोन्नती कार्यक्रम।
- बहुउद्देश्यीय कभर्ड हल सहितको खेलमैदान निर्माण। ड्ड वडा स्तरीय खेल मैदान निर्माण।
- विभिन्न धार्मिक स्थल तथा मठ मन्दिरहरुको संरक्षण तथा सम्वद्र्धन कार्यक्रम।
- भाषा, संस्कृति सम्वद्र्धन कार्यक्रम।
- ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक सम्पदाहरुको पहिचान, अभिलेखीकरण तथा प्रचार प्रसार कार्यक्रम।
- लोक संस्कृतिको संरक्षण तथा सम्वद्र्धनका लागि साँस्कृतिक महोत्सव आयोजना।
- बहु–साँस्कृतिक संग्रहालयको स्थापना।
- विद्यालय तहमा लोक गीत तथा लोक नृत्य प्रतियोगिता कार्यक्रम। ड्ड घाट व्यवस्थापन कार्यक्रम।

## ५.८ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

### पृष्ठभूमी

राप्ती सोनारी गाउँपालिकामा मुख्यत: थारु, क्षेत्री, मगर, बिश्वकर्मा, मुसलमान परियार्र लगायतका जातजातिको बसोवास रहेको छ। शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रहरुमा अन्य जातजातिहरुको तुलनामा क्षेत्री तथा थारुहरुको पहँचु बढी भएका देखिन्छ। गाउँलिकामा बसोबास गर्ने दलित लगायतका अल्पसंख्यक जातजातिहरुको शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा लगायतका क्षेत्रहरुमा पहूँच तुलनात्मक रुपमा कम रहेको छ। यसरी पछाडी परेको वर्गको उत्थानका लागि विशेषत: उनीहरुको क्षमतामा अभिवृद्धि गरी शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा लगायतका क्षेत्रहरुमा उनीहरुको पहुँच अभिवृद्धि गनुपर्ने हुन्छ। आर्थिक तथा सामाजिक रुपमा पछाडी परेको क्षेत्र तथा वर्गको उत्थानका लागि गरिबी

न्युनीकरण सम्वन्धी विशेष कार्यक्रमहरु सञ्चालन गरी उनीहरुलाई समेत विकासको मूलप्रवाहमा समाबेश गर्न सके मात्र समाबेशीकरणको अर्थ रहने हुन्छ । यसैलाई ध्यानमा राखी तीनै तहका सरकारबाट ती बर्गहरुका लागि विभिन्न लक्षित कार्यक्रमहरु पनि सञ्चालनमा आएका छन् ।

संविधानत: नेपाल छुवाछुतमुक्त राज्य भएता पनि व्यवहारमा अझै पनि छुवाछुत प्रथा पूर्णरुपमा हटिसकेको अवस्था भने छैन । बर्तमान अवस्थामा यो समस्याबाट राप्ती सोनारी गाउँपालिका अछुतो रहन सक्ने स्थिति छैन । वास्तवमा छुवाछुत जस्तो सामाजिक कुरितीलाई हटाउनका लागि जनचेतना अभिवृद्धि गर्ने खालका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने हुन्छ ।

महिला, दलित अपाङ्गता भएका व्यक्ति र आर्थिक रुपले विपन्न, सामाजिक एवं आर्थिक रुपले पछाडि परेकाहरुलाई समावेशी सिद्धान्तका आधारमा गाउँपालिकाका विभिन्न निकाय र क्षेत्रहरुमा सहभागी हुन पाउने संवैधानिक हकलाई सुनिश्चित गर्नु राप्ती सोनारी गाउँपालिकाको प्रमुख दायित्व भित्र पर्दछ । गाउँपालिकाको बहुलतायुक्त सामाजिक स्वरुपलाई पुँजीको रुपमा स्थापित गरी विकासमा अत्याधिक लाभ उठाउन लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रमुख माध्यमको रुपमा ग्रहण गर्न आवश्यक छ ।

## चुनौती तथा अवसर

## चुनौती

- परम्परागत सोंच, चिन्तन र बिचारबाट उत्पन्न सामाजिक बिकृति र बिसंगतिलाई हटाउने ।
- आपसी सम्मान र सहयोगको वातावरण कायम गर्ने ।
- विद्यमान गरिवीलाई न्यूनीकरण गरी समतामूलक र समावेशी समाजको निर्माण गर्ने ।
- कानूनको प्रभावकारी कार्यान्वयन गरी बिधिको शासन कायम गर्ने ।
- सामाजिक बिकृति, बिसंगती र बिभेदको अन्त्य गरी सभ्य समाजको निर्माण गर्ने ।

## अवसर

- राज्यकै मुल कानूनले समावेशी सिद्धान्तलाई अंगिकार गरेको ।
- बर्तमानमा विभिन्न ऐन, नीति, नियम र कानूनहरु सामाजिक समावेशिताका आधारमा तर्जुमा भएको ।
- तीनै तहको सरकारमा सामाजिक समाबेशीताका आधारमा जनप्रतिनिधिहरुको व्यवस्था गरिएको ।
- सामाजिक बिकृति, बिसंगती र बिभेदको अन्त्य गरी सामाजिक रुपान्तरण गर्ने कार्यमा गाउँपालिकाको प्रतिबद्धता रहेको ।
- सदियौं देखिको सामाजिक सद्भाव र एकतालाई कायम गरी सामाजिक रुपान्तरण गर्न सकिने अवस्था विद्यमान रहेको ।

- बिभिन्न संघ संस्थाको समन्वयमा सामाजिक सशक्तिकरणका कार्यक्रमहरु संचालन गरी सामाजिक रुपान्तरण सम्वन्धी कार्य संचालन गर्न सकिने।
- गाउँपालिका यसै आर्थिक बर्ष २०७८/७९ मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनिति तैयार भई सकेको छ।

## सोच

समतामुलक तथा समावेशी विकास मार्फत राप्ती सोनारीलाई समृद्ध बनाउने।

## उद्देश्य

- उपलब्ध श्रोत, साधन, अवसर तथा लाभमा सवैको पहुँच सुनिश्चित गर्ने।

## रणनीति

- सामाजिक तथा आर्थिक रुपमा पछाडी परेका बर्गहरुको उत्थानकालागि सकारात्मक विभेदको नीति अबलम्वन गरी उपलब्ध साधन, श्रोतमा उनीहरुको पहूँच सुनिश्चित गर्ने।

## प्रमुख नतिजा सूचक

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १. | सकारात्मक विभेद नीति तर्जुमा | संख्या | ० | १ | १ | १ |
| २. | लैंगिक बजेट परीक्षण (वार्षिक) | पटक | ० | ३ | ५ | ६ |
| ३. | अति बिपन्न लक्षित नीति तथा कार्यबिधि निर्माण | संख्या | ० | १ | १ | १ |
| ४. | अतिबिपन्न घरधुरी पहिचान | पटक | ० | १ | १ | १ |

## प्रमुख कार्यक्रम

- लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धी स्थानीय नीति तर्जुमा तथा कार्यान्वयन ।
- लैङ्गिक उत्तरदायी बजेट परिक्षण कार्यक्रम ।

## ५.९ खानेपानी तथा सरसफाई

### पृष्ठभूमी

राप्ती सोनारी गाउँपालिकाले आफ्ना नागरिकहरुलाई शुद्ध खानेपानी उपलव्ध गराउन प्रयत्नशील छ । गाउँपालिकामा हाल खानेपानी सम्वन्धी एकिन तथ्यांक अभावका कारण त्यहाको वास्तबिक अवस्था चित्रण गर्न गाह्रो छ , तथापी २०७५ को घरधुरी सर्भेक्षणको तथ्यांकलाई आधारमान्दा करिव ७९ प्रतिशत घरधुरीहरुले निजी सतही टयूवेलको पानी प्रयोग गरेका छन् भने करिव १० प्रतिशत घरधुरीले मात्र पाइपबाट बितरण गरिएको पानी प्रयोग गरेको देखिन्छ । नेपालमा साधारणतया पाइपबाट बितरित धाराको पानीलाई सुरक्षित पिउने पानीको रुपमा लिइन्छ । यसरी घरधुरीको हिसावले हेर्दा करिब ९० प्रतिशत जनता अहिले पनि शुद्ध खानेपानीको सुविधाबाट बञ्चित रहेको अवस्था छ । आगामी दिनहरुमा गाउँपालिकाले हालको खानेपानी प्रणालीलाई थप व्यवस्थित गर्दै बाँकी रहेको जनसंख्यालाई समेत शुद्ध खानेपानीको आपूर्ति गर्नुपर्ने हुन्छ । हाल गाउँपालिकामा विभिन्न निकायहरु मार्फत निर्माण भइरहेका विभिन्न आयोजनाहरु सम्पन्न भए पछि मात्र यहाँका जनतालाई भरपर्दो रुपमा खानेपानीको आपूर्ति भएको हुनेछ । सरसफाईतर्फ गाउँपालिका खुल्ला दिशामुक्त गाउँपालिका घोषणा भै सकेको छ । तथापि यसको निरन्तरता तथा पूर्ण सरसफाईयुक्त गाउँपालिका बनाउने लक्ष्य भने त्यती सहज देखिदैन । शौचालयको विद्यमान स्थितिलाई हेर्दा करीव ४० प्रतिशत घरहरुमा पक्की शौचालय र ६० प्रतिशत घरमा सामान्य शौचालयहरु निर्माण भएका देखिन्छन् । पूर्ण सरसफाईको हिसावले यस गाउँपालिकामा उल्लेख्य कार्यक्रम सञ्चालन भएको पाइदैन । टोल–टोलमा फोहर संकलन गर्न बाल्टी, टोकरी तथा डोको वितरण गरिएको भएता पनि पालिकाका मुख्य बजार क्षेत्रहरुमा समेत ठोस फोहोर विर्सजन र नालीको राम्रो व्यवस्थापन भएको छैन । हाल पालिकाको केन्द्रमा रहेको अगैया बजारको फोहर संकलनको लागि एक थान अटो रिक्सा परिचालनमा ल्याएको छ । हाल गाउँपालिका तहको खानेपानी तथा सरसफाई सम्वन्धी क्षेत्रगत योजना निर्माणको प्रक्रियामा रहेको छ । तसर्थ गाउँपालिकाले बन्दै गरेका आवधिक तथा क्षेत्रगत योजनामा स्वास्थ्य, खानेपानी र सरसफाईलाई एकीकृत रुपमा हेरी योजना बनाउन सके मात्र यसको सार्थकता हुनेछ ।

### चुनौती तथा अवसर

### चुनौती

- करिव १० प्रतिशत घर धुरीहरुमा मात्र पाइपद्वारा पानी उपलब्ध भएको ।
- स्वच्छ खानेपानीबाट बञ्चित ९० प्रतिशत जनतालाई स्वच्छ खानेपानीको व्यवस्थापन गर्ने ।
- बिद्यालय तथा स्वास्थ्य चौकी जस्ता संबेदनशील संस्थाहरुमा खानेपानीको उचित प्रवन्ध गर्ने ।

- ठोस फोहर विसर्जनको लागि आवश्यक व्यवस्थापन गर्ने ।
- निर्माण भएर पनि प्रयोगमा नल्याइएका शौचालयहरुको व्यवस्थापन ।
- प्लाष्टिकजन्य वस्तुको प्रयोगमा निरुत्साहन गर्ने ।
- सार्वजनिक स्थलमा निर्माण हुने शौचालयको उचित व्यवस्थापन गर्ने ।

## अवसर

- करिव सबै घरधुरीहरुमा कच्ची/पक्की शौचालय बनिसकेको अवस्था ।
- प्रदेश सरकारको सहयोगमा पालिकाको खानेपानी तथा सरसफाई योजना बन्ने चरणमा रहेको ।
- पालिकामा लिफ्टीङ प्रबिधि मार्फत ओभरहेड टंकीमा पानी पठाई एक घर एक धाराको अवधारणामा आधारित खानेपानी योजनाहरुको निर्माण कार्य  भैरहेको ।
- सड्ने खालका फोहरबाट अर्गानिक मल उत्पादन गरी कृषि क्षेत्रमा उत्पादकत्व बढाउन सकिने ।
- सड्ने फोहरबाट वायोग्यास उत्पादन गरी उर्जाको रुपमा प्रयोग गर्न सकिने ।
- प्लाष्टिकजन्य वस्तुहरुको संकलनबाट च्भअथअष्लिन गरी प्लाष्टिकका अन्य सामानहरु बनाउन सकिने ।
- नसड्ने फोहर, बोत्तल, सीशा, प्लाष्टिकजन्य वस्तुहरु बिक्री गरी आय आर्जन गर्न सकिने ।
- मानव वस्तीबाट टाढाको अनुत्पादक स्थानमा फोहरको अन्तिम विसर्जन स्थल ९ीबलमाष्ि ि क्षतभ० बनाउन सकिने ।

## सोच

‘‘राप्ती सोनारीको कार्यतालिका,स्वच्छ खानेपानी सहितको पूर्ण सरसफाईयुक्त पालिका’’ ।

## उद्देश्य

- आधारभूतस्तरको खानेपानी तथा सरसफाईका सेवामा सबैको पहूँच सुनिश्चित गर्ने ।

## रणनीति

- सबै जनतामा आधारभूतस्तरको खानेपानीको सेवा पुऱ्याउने ।
- सबै जनतामा आधारभूतस्तरको सरसफाई सेवा पुऱ्याउने ।

## प्रमुख नतिजा सूचक

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १. | आधारभुत तहको खानेपानी उपलब्ध घरधुरी | प्रतिशत | ९.७ | ५० | ७० | ७५ |
| २. | खानेपानी तथा सरसफाई सम्वन्धी जनचेतना कार्यक्रमबाट लाभान्वित जनसंख्या | संख्या | - | ३००० | ५००० | ६००० |
| ३. | एक घर एक धारा अन्र्तगत धारा बितरण गरिएको घरधुरी | प्रतिशत | २.७ | ४५ | ६० | ६५ |
| ४. | पक्की शौचालय भएका घरघुरी | प्रतिशत | ४० | ६० | ७५ | ८० |
| ५. | बालमैत्री शौचालय धएका बिद्यालयहरु | संख्या | २२ | ५२ | ७२ | ७५ |
| ६. | फोहोर विसर्जन केन्द स्थापना तथा संचालन | संख्या | ० | १ | २ | ३ |
| ७. | पक्की शौचालय भएका बिद्यालय | संख्या | ७२ | ७२ | ७२ | ७२ |

## प्रमुख कार्यक्रम

- पुराना खानेपानी योजनाहरुको मर्मत सम्भार कार्यक्रम ।
- एक घर एक धारा कार्यक्रम संचालनका लागि नयाँ ओभरहेड टंकी निर्माण तथा पाइपलाइन बिस्तार कार्यक्रम ।
- पालिकास्तरमा खानेपानी मर्मत संभार कोष स्थापना ।
- प्रत्येक वडामा फोहरमैला संकलन केन्द्रको स्थापना ।
  फोहरमैला व्यवस्थापनको लागि ट्र्याक्टर खरिद कार्यक्रम ।
- हाल प्रयोगमा रहेका कच्ची शौचालयहरुको स्तरोन्नती कार्यक्रम ।

- मुख्य बजार केन्द्र तथा सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण।
- खानेपानी तथा सरसफाई सम्बन्धी जनचेतना कार्यक्रम।
- फोहरमैलाको अन्तिम विसर्जनका लागि अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयारी
- पूर्ण सरसफाइयुक्त पालिका घोषणा कार्यक्रम।

## ८ सामाजिक क्षेत्रको मध्यमकालीन बजेट खाका

रु. लाखमा

| आर्थिक वर्ष | विनियोजन तथा प्रक्षेपण | | |
|---|---|---|---|
| | चालु खर्च | पुँजीगत खर्च | जम्मा |
| **२०८०/८१** | ४२०२४१ | ३४८५४ | ४५५०९५ |
| **२०८१/८२** | ४४२८८० | ३३३८२ | ४७६२६२ |
| **२०८२/८३** | ४४३३८९ | ३२५७३ | ४७५९६२ |

## ८ जोखिम तथा अनुमान

सामाजिक क्षेत्रमा योजनाले लिएका लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि सार्वजनिक स्रोत पर्याप्त मात्रामा उपलव्ध हुनेछ। संघ र प्रदेशले गर्ने वित्त हस्तान्तरण तथा राजस्व बाँडफाँटबाट प्राप्त हने रकममा निरन्तरता रहनेछ। सामाजिक विकासमा यस गाउँपालिकामा रहेका निजी र गैर सरकारी क्षेत्रको सक्रीय सहभागिता रहनेछ। स्रोत साधन अपेक्षितरुपमा परिचालन हुनेछ र अन्तरसरकार साझेदारी तथा सहकार्य थप मजवुत भई गाउँपालिको सन्तुलित विकासका लागि पूर्वाधार निर्माणमा तिव्रता आउँने अनुमान गरिएको छ।

# परिच्छेद ६: पूर्वाधार क्षेत्र

## ६.१ सडक तथा यातायात

### पृष्ठभूमी

‘‘हाम्रो सडक हाम्रै लगानी’’ भन्ने राप्ती सोनारी गाउँपालिकाको नारा रहेको छ । आर्थिक वर्ष २०७६/०७७ को वार्षिक विकास योजनामा गाउँपालिका भित्रका सडकको विद्यमान अवस्थाको पहिचान गरी सडक सञ्जाल गुरुयोजना तयार गर्ने र भौतिक निर्माण अन्तरगत साना स्थानीय सडक ग्राभेल गर्ने, नाला निर्माण एवं स्तरोन्नती भइसकेका सडकलाई कालो पत्रे गर्ने नीति लिने भन्ने थियो तर हालसम्म सडक यातायात गुरुयोजना तयार भएको छैन । योजनाबद्ध र वातावरणमैत्री पूर्वाधार दीगो विकासको पहिलो आधार भन्ने नारालाई मूर्त रुप दिन रणनैतिक महत्वका सडकहरुको क्रमागत आयोजनालाई उच्च प्राथमिकता दिई वातावरणमैत्री संरचनाको निर्माणमा जोड दिइनेछ भन्ने यस राप्ती सोनारी गाउँपालिकाको नीति रहेको छ । यसै नीति अन्तरगत राप्ती किनारा वारीपारीका गाउँहरुमा सडक पूर्वाधार विकासलाई दीगो एवं भरपर्दो बनाउन उच्च प्राथमिकता दिइएको छ ।

राप्ती सोनारी गाउँपालिकामा सबै स्तरका सडकको जम्मा लम्बाई करिब २७६ कि.मी. (राष्ट्रिय राजमार्ग बाहेक) छ । यी सडकहरु प्राय:ग्राभेल र कच्ची अवस्थामा छन्, यस्ता सडकहरुको आवश्यक मापदण्ड तोकिएको छैन र सडकको चौडाई आवश्यकता भन्दा निकै कम छ । पूर्व पश्चिम लोकमार्ग (महेन्द्र राजमार्ग) ६१.५ कि.मी.र पूर्व पश्चिम हुलाकी सडक १८ कि.मी. यस गाउँपालिका भित्र पर्ने राष्ट्रिय राजमार्गहरु हुन् ।वडा नं.६ र ७ हुँदै जाने हुलाकी लोकमार्गस्थानीय वडावासीहरुको लागि, स्थानीय विकासका लागि र नेपालगञ्ज बजारसँगको सम्पर्कका लागि वरदान सावित भएको छ । त्यस बाहेक वडा नं.७ मा १० कि.मी. कृषि सडकले सडक सञ्जालमा थप उपलब्धी र सहज गराएको छ । अगैया–बैजापुर–फत्तेपुर सडक (२५ कि.मी. उत्तर दक्षिण हुलाकी मार्ग समेत) र माछेबार जिरो देखि शम्शेरगञ्जसम्म १७ कि.मी. सडक मध्ये १४ कि.मी. सडक हालसम्म कालो पत्रे भइसकको र बाँकी ३ कि.मी. सडक पनि कालो पत्र हुने क्रममा रहेकोछ । भविष्यमा शम्शेरगञ्ज देखि राझा विमानस्थलसम्म १४ कि.मी. सडक निर्माण गरी अगैयादेखि सिधै विमानस्थल जाने ३१ कि.मी. सडक डि.पि.आर. गरी निर्माण गर्न सकेमा रणनैतिक महत्वको हुनेछ । माथि उल्लेखित दुई वटा रणनैतिक सडकहरु राप्ती सोनारी गाउँपालिकाको लागि अति महत्वपूर्ण सडकको रुपमा लिइएको छ ।

### चुनौती तथा अवसर

### अवसर

- राप्ती सोनारी गाउँपालिकाको मध्य भाग भएर राष्ट्रिय राजमार्गहरु (पूर्व पश्चिम र हुलाकी) गएकोले यी राजमार्गहरु यस गाउँपालिकाको आर्थिक विकासमा मेरुदण्डको रुपमा रहेको ।
- ९ वटै वडामा सडक यातायाता पुगेको हुनाले यातायातको पहुँच भएको ।

- महत्वपूर्ण सडकलाई जोड्ने पक्की पूल निर्माणको लागि केन्द्र सरकार र प्रदेश सरकारको सहयोग उपलब्ध भएको,
- केन्द्र र प्रदेश सरकारको लागतमा पुलहरु निर्माण भइरहेको । (सिक्टा ब्यारेज, मदुवाको पुल, सिधनिया पुल, मोरङ्गा पुल आदी)

## चुनौति

- महत्वपूर्ण सडकको स्तरोन्नती सहित कालोपत्रे गर्न आवश्यक श्रोतको व्यवस्थापन गर्ने ।
- आधुनिक बसपार्कको निर्माण सहित यातायातको साधनलाई व्यवस्थित गर्ने ।
- प्रकोप व्यवस्थापन र वातावरण संरक्षणका मापदण्ड पालना गरी सडक पुल निर्माण गर्ने ।
- छरिएर रहेको वस्ती जोड्नलाई सडक निर्माण गर्न बढी लगानी गर्नुपर्ने ।
- खोलानाला बढी भएकोले धैरै पुलहरु निर्माण गर्नुपर्ने र कटानको समस्या भएको ।

## सोच

सडक पूर्वाधारको विकास; शुलभ, सुरक्षित र भरपर्दो यातायात ।

## उद्देश्य

- दीगो भरपर्दो सुरक्षित र वातावरणमैत्री सडक सञ्जालको विस्तार गर्दै आर्थिक लाभ तथा सामाजिक विकाससँग आवद्ध गर्ने ।

## रणनीति

- गाउँपालिका भित्र पर्ने रणनैतिक तथा रिङ्गरोड सडकहरुको स्तरोन्नतीका लागि केन्द्र तथा प्रदेश सरकारसँग समन्वय गर्दै गाउँपालिका स्तरीय सडक तथा पक्की पुलहरु निर्माण गरी विकास गर्ने ।

## प्रमुख नतिजा सूचक

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १. | सडकमा पहूँच भएको जनसंख्या | प्रतिशत | ९५ | ९७ | १०० | १०० |
| २. | बाह्रै महिना यातायात सुचारु सडक | प्रतिशत | ५० | ८० | १०० | १०० |
| ३. | सडक सञ्जाल योजना निर्माण | संख्या | ० | १ | १ | १ |
| ४. | नाली सहित सडक कालो पत्रे | कि.मी | २० | ७० | १११ | १२० |
| ५. | नयाँ कच्ची सडक निर्माण गर्ने (नयाँ निर्माण ५० कि.मी.) | कि.मी. | ० | २५ | ५० | ७० |
| ६. | सडकको साल बसाली मर्मत सम्भार | कि.मी. | २५५.५ | २५५.५ | २५५.५ | २६० |
| ७. | बसपार्क अध्ययन तथा निर्माण | संख्या | ० | १ | २ | २ |
| ८. | सुविधायुक्त प्रतिक्षालय | संख्या | ० | २ | ४ | ५ |
| ९. | पक्की पुल निर्माण | संख्या | ७ | ९ | ११ | ११ |
| १०. | झोलुङ्गे पुल निर्माण सम्पन्न | संख्या | ७ | ९ | ९ | ९ |

## प्रमुख कार्यक्रम

- गाउँपालिका स्तरीय रोड ट्रान्सपोर्ट मास्टर प्लान तयार गर्ने ।
- नाली सहित मापदण्ड अनुसारको ९१ कि.मी. सडक कालो पत्रे कार्यक्रम ।
  प्रथम प्राथमिकता प्राप्त ८० कि.मी. सडक कालो पत्रे कार्यक्रम ।
- माछेबार जिरो–कचनापुर–शम्शेरगञ्ज १७ कि.मि. (वडा नं.२) मध्ये ६ कि.मी.

- अगैया–नारायणपुर सडक ४.५ कि.मि. (वडा नं.३)
- नारायणपुर–बैजापुर–बिनौना–फत्तेपुर (कुण्डा) हुलाकी लोकमार्ग २०.५ कि.मी (वडा नं.३, ४, ५, ६)
- कुसुम–बैरिया–भवानीयापुर रिङ्गरोड १० कि.मि. (वडा नं.१)
- बालापुर रिङ्गरोड ३ कि.मि. (वडा नं.८)
- सोहनपुर देखि भर्था हुँदै नरैनापुर जोड्ने कृषि सडक १० कि.मि. (वडा नं.९)
- रिङ्गरोड १४ कि.मि. (वडा नं.९)
- कुसुम–भवानीयापुर देखि दाङ्गको भौवा नाका जोड्ने सडक १२ कि.मी. (वडा नं.१)
  दोश्रो प्राथमिकता प्राप्त ११ कि.मी. सडक कालो पत्रे कार्यक्रम।
- खोकरी देखी धमका जोड्ने सडक ९ कि.मि. (वडा नं.१)
- ससस्त्र प्रहरी कार्यालय देखि बाँके राष्ट्रिय निकुञ्ज कार्यालय जोड्ने भित्री सडक २ कि.मि. (वडा नं.८) तेश्रो प्राथमिकता प्राप्त १७४ कि.मी. लिंकरोड ग्राभेल स्तर निर्माण गर्ने कार्यक्रम (बजेटको स्थिति अनुसार क्रमश कालो पत्रे गर्दै जाने)।
- मधुई गाउँदेखी मधुवा जोड्ने सडक १.५ कि.मि. (वडा नं.२)
- हरियापुर गाउँ जोड्ने सडक १.५ कि.मि. (वडा नं.२)
- नारायणपुर–ठूलोखैरी–गणेश ओलीको घरसम्म सडक कालो पत्रे गर्ने २ कि.मि. (वडा नं.३)
- बुद्धचोक–सूर्यलालपुर हुँदै धरमपुर जोड्ने सडक कालो पत्रे गर्ने ३ कि.मि. (वडा नं.४)
- हुलाकी सडक देखी जुरतानी, सन्तपुर सडक कालो पत्रे गर्ने ३ कि.मि. (वडा नं.५)
- चिनरीचोक देखी ललहीसम्म सडक कालो पत्र गर्ने ३ कि.मि. (वडा नं.५)
- मैदानपुरदेखी आधारभूत स्वास्थ्य केन्द्रसम्म सडक कालो पत्र गर्ने ३ कि.मि. (वडा नं.६)
- पद्माहादेखी गाउँ भरीसम्म सडक कालो पत्रे गर्नुपर्ने २.५ कि.मि. (वडा नं.६)
- हुलाकी सडक निगुवाटार देखी नयाँवस्ती डिसम्बरपुरसम्म सडक कालो पत्र गर्ने १.५ कि.मि. (वडा नं.७)
- पोखराथान चोक देखी पिपलचौतारा हुँदै हुलाकी सडकसम्म सडक कालो पत्र गर्ने २.५ कि.मि. (वडा नं.७)
- हुलाकीसडक देखी झगरीया हुँदै कृषि सडकसम्म सडक कलो पत्रे गर्ने २ कि.मि. (वडा नं.७)
- पालिकाभित्र पर्ने टोल वस्तीहरु जोड्ने अन्य सबै सडक (अनुसूचीमा भएका) ग्राभेल गर्ने १४८.५ कि.मि.
  प्राथमिकता प्राप्त पक्की पुलहरु
- वडा नं.१ को कुसुम देखी राप्ती पारी जोड्ने राप्ती नदीमा पुल–१ (१८० मीटर)
- महादेवा गाउँ जोड्ने झिझरी खोलामा पक्की पुल ८० मीटर (वडा नं.९)

- पञ्चैया खोलामा पक्की पुल–१, वडा नं.५ (४० मीटर)
- बेदुवा नालामा पक्की पुल निर्माण–१, वडा नं.४ (२० मीटर) झोलुङ्गे पुल निर्माण २ वटा
- चप्परगौरी देखि चुना राप्ती नदी झोलुङ्गे पुल (वडा नं.१)
- वडा नं.९ को खोलामा झोलुङ्गे पुल  नयाँ ट्र्याक खोल्ने ५० कि.मी.
- भारतको सीमासम्म जोडिएका गाउँहरु (महेशपुर, गुर्दनगौरी, बासखोली, खैरभट्टीसम्म बाटोको ट्र्याक खोल्ने ५० कि.मि. (वडा नं.४)

  सडक मर्मत सम्भार
- गाउँपालिका स्तरीय २५५.५ कि.मि. सडकहरु बाह्रै महिना सञ्चालन योग्य बनाउनका लागि मर्मत सम्भार कार्यक्रम।

  सुविधा सम्पन्न बस पार्क निर्माण
- वडा नं.३ को उपयुक्त स्थानमा जग्गा प्राप्त गरी बस टर्मिनल निर्माण कार्यक्रम।
- वडा नं.८ को राजमार्ग छेउँमा सुविधा सम्पन्न मिनि बस पार्क निर्माण कार्यक्रम।
- कुसुम, अगैया, शम्शेरगञ्ज, ढकेरीमा स्तरयुक्त सेड सहितको बस प्रतिक्षालय निर्माण कार्यक्रम।

## ६.२ सञ्चार तथा  सूचना प्रविधि

### पृष्ठभूमी

वर्तमान समयलाई सूचना प्रविधिको युगको रुपमा लिइन्छ ।तसर्थ सूचना प्रविधिलाई अर्थतन्त्रको महत्वपूर्ण अंगको रुपमा विकास गर्ने र पालिकावासीहरुलाई सूचना प्रविधिको उपयोगमा सहजता ल्याउने गाउँपालिकाको प्रमुख दायित्व हो । सञ्चार तथा सूचना प्रविधिको प्रयोगले विभिन्न तथ्यांक/सूचनाहरुको सहज उपलब्धताको साथै गाउँपालिका र वडा कार्यालयहरु, विद्यालय, स्वास्थ्य संस्था लगायत अन्य सरकारी र गैर सरकारी क्षेत्रको कामलाई छिटो छरितो र चुस्त, दुरुस्त रुपमा सम्पादन गर्न मद्दत गर्दछ। विभिन्न एप्सहरुको निर्माण गरी अनलाइन सेवाहरु प्रदान गर्ने, विभिन्न सफ्टवेयरको प्रयोगबाट जटिल विषयवस्तुलाई सामान्य रुपमा रेकर्ड गरी भण्डारण गर्ने, प्रतिवेदन गर्ने, ठूला–ठूला फाईलहरु सुरक्षित राख्ने जस्ता कार्यबाट कागजरहीत कार्यालय सञ्चालन प्रणालीलाई व्यवहारमा उतार्न सकिन्छ।  यस गाउँपालिका भित्र सञ्चार सुविधा तथा टेलिभिजन, रेडियो जस्ता साधनहरुको राष्ट्रिय, क्षेत्रीय प्रसारणबाट आंशिक रुपमा उपयोग गरिएको छ। मोबाइल र इन्टरनेटको सुविधा भए पनि आवश्यक टावर र केवल लाइनहरु नहुँदा सेवा सहज छैन । समृद्ध राप्ती सोनारीको वार्षिक बुलेटीन प्रकाशित हुँदै आएको छ । उक्त बुलेटीनमा गाउँपालिकाका विभिन्न गतिविधिका साथै बजेट, नीति, योजना र कार्यक्रम सम्बन्धी जानकारी तथा वडा भित्रका विविध समस्या र सम्भावनाहरु

बारे जन धारणा समेत समावेश गर्ने गरिएको छ। गाउँपालिकाको आफ्नै वेवसाइट रहेको तथा नियमित अद्यावधिक गरी उपयोगी सामाग्री राख्ने गरिएको छ। यस पालिकामा अतिरिक्त हुलाक ३ सहित ६ वटा हुलाक केन्द्रहरु छन्।

## चुनौती तथा अवसर

### अवसर

- नेपालको संबिधानमा नागरिकहरुलाई सञ्चारको हक र सूचनाको हक सम्बन्धी व्यवस्था रहेको।
- सूचना तथा सञ्चार सम्बन्धी विद्यमान नीति तथा कानूनहरु सूचनामैत्री रहेको।
- एक ठाउँमा विकास/उत्पादन भएको सूचना प्रविधिलाई अर्को स्थानमा किफायती ढङ्गमा सजिलैसँग उपयोग गर्न सक्ने अवस्था रहेको।
- पालिकाका कामहरु डिजिटल रुपमा व्यवस्थित हुँदै गएको।
- डिजिटल साक्षरता बढ्दै गएको, युवाहरु सूचना प्रविधि प्रति उत्साहका साथ आकर्षित भइरहेको।

### चुनौति

- पालिकाका सम्पूर्ण विद्यालय तथा स्वास्थ्य संस्थामा इन्टरनेट सुविधा विस्तार गरी प्रविधिमैत्री शिक्षण सिकाई र प्रविधिमैत्री उपचारको व्यवस्थापन गर्ने।
- गाउँपालिका एवं यसका शाखाहरु र वडा कार्यालयहरुका बीच नेटवर्किङ गर्ने र यी कार्यालयहरुको काम डिजिटल रुपमा सञ्चालन गर्ने।
- गाउँपालिकाभित्र सञ्चालित कार्यक्रमहरुलाई रेडियो लगायत अन्य सञ्चार माध्यमद्धारा प्रचार प्रसार गरी स्थानीय जनतालाई सुसूचित गराउने।
- इन्टरनेट सेवालाई सहज बनाई विभिन्न एप्स, सफ्टवेयर, वेवसाइट जस्ता प्रविधि मार्फत सेवा ग्राहीलाई अनलाइन सेवा उपलब्ध गराउने।

### सोच

सूचना प्रविधिको विकास, गाउँपालिकाको समृद्धिको आधार।

### उद्देश्य

- सूचना तथा सञ्चार प्रविधिलाई सुरक्षित, भरपर्दो र आकर्षण क्षेत्रको रुपमा विकास गर्ने।

### रणनीति

- सूचना तथा सञ्चार प्रविधिलाई सबैको पहूँचमा पुऱ्याउने

## प्रमुख नतिजा सूचक

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १. | मोबाइल प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ९२ | ९५ | १०० | १०० |
| २. | जनतामा डिजिटल साक्षरता तथा सूचना प्रवाहको अवस्था (१६–५० वर्ष उमेर समूह) | प्रतिशत | ०.५ | २० | ५० | ६० |
| ३. | गाउँपालिकाका कामहरु डिजिटल रुपमा व्यवस्थापन | कार्यालय संख्या | १० | १० | १० | १० |
| ४. | इन्टरनेट सेवामा पहुँच परिवार | प्रतिशत | ४९.४८८ | ७० | ८५ | १०० |
| ५. | ल्याण्डलाइन विस्तार/जडान | संख्या | ० | १०० | १०० | १०० |
| ६. | टेलिफोन टावर स्थापना | गोटा | ० | २ | २ | २ |
| ७. | मोबाइल टावर | गोटा | - | ३ | ३ | ३ |
| ८. | दक्षता अभिवृद्धि तालिम | संख्या | ० | ७५ | १२५ | १५० |

## प्रमुख कार्यक्रम

- इन्टरनेट सेवा विस्तार तथा सुदृढीकरण सामाग्री खरिद तथा वितरण
- ल्याण्डलाइन विस्तार/जडान
- राप्ती वारी र पारी २ वटा टेलिफोन टावर स्थापना
- वडा नं.८ को बालापुरमा मोबाइल टावर स्थापना

- लालपुर गाउँमा सञ्चारको क्षमता अभिवृद्धिको लागि टावर निर्माण
- दक्षता अभिवृद्धि स्वरोजगार तालिम

## ६.३ विद्युत तथा उर्जा

### पृष्ठभूमी

राप्ती सोनारी गाउँपालिकाको भारतको सीमानामा पर्ने वडा नं.१ र ४ का जनतालाई पालिकाको उज्यालो कार्यक्रममा पहूँच पुऱ्याउन गाउँपालिकाले अनुदान दिने नीति बनाई वैकल्पिक उर्जाको व्यवस्थापन गर्नुपर्दछ।

विद्युत तथा उर्जाको उपयोग वर्तमान युगमा हरेक क्रियाकलापको लागि अपरिहार्य छ। नविकरणीय उर्जाको विकास राम्ररी नभएको परिप्रेक्षमा राप्ती सोनारी गाउँपालिकामा जलविद्युत शक्ति नै उर्जाको महत्वपूर्ण श्रोत हो ।यस पालिकामा ९०% घरपरिवारले बत्तीको रुपमा विद्युतको प्रयोग गरेका छन्। बाँकी घरपरिवारले मट्टितेल, सोलार तथा बायो ग्याँसबाट वैकल्पिक उर्जाको प्रयोग गरेको देखिन्छ।

यस गाउँपालिकामा ११४८६ घरपरिवार (९१.३%) ले खाना पकाउनको लागि इन्धनको रुपमा काठ दाउराको प्रयोग गरेका छन् भने ६५६ घरपरिवार (५.२%) ले एल.पि.ग्यास तथा अन्यले मट्टितेल र बायो ग्याँस प्रयोग गरेका छन्। वर्तमानमा लोड सेडिङ्ग हटे पनि यस पालिकामा नियमित र गुणस्तरीय विद्युत आपूर्ति हुन सकेको छैन ।आगामी ५ वर्ष भित्र राप्ती सोनारी गाउँपालिकाई उज्यालो गाउँपालिकाको रुपमा घोषणा गर्ने गरी आर्थिक रुपमा सम्पन्न र समृद्ध गाउँपालिकाको रुपमा विकास गर्नको लागि विद्युत खपतलाई बढाई हरेक आर्थिक क्रियाकलापमा विद्युतको प्रयोगबाट उत्पादन बढाउनु पर्दछ।

### चुनौती तथा अवसर

### अवसर

- विद्युत खपत बढाएर परनिर्भरता र कार्बन उत्सर्जन कम गर्ने अवसर रहेको।
- विद्युत उर्जाको प्रयोगबाट सिँचाई, खानेपानी, चिस्यान केन्द्रको निर्माण गरी सेवा तथा उत्पादन बढाउने।

### चुनौति

- पालिकावासी सबैलाई भरपर्दो र गुणस्तरीय विद्युत सेवा उपलब्ध गराउने।
- पुराना पोलहरुको विस्थापन गर्ने तथा नयाँ ट्रान्सफर्मर जडान गर्ने।

- विद्युत खपतलाई बढाई उत्पादनशील कार्यमा लगाउने ।

**सोच**

विद्युतको अधिकतम सदुपयोग र प्रयोगबाट आर्थिक समृद्धि ।

**उद्देश्य**

- सबै जनताको पहूँचमा विद्युत सेवा पुऱ्याई नविकरणीय उर्जा समेतबाट प्रकाश, उर्जा र विभिन्न आर्थिक गतिविधिहरु सञ्चालन गरी उत्पादन तथा रोजगारी वृद्धि गर्ने ।

**रणनीति**

- गुणस्तरीय विद्युत सेवाको विस्तार र नविकरणीय उर्जाको व्यवस्थापन गर्ने

**प्रमुख नतिजा सूचक**

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १. | विद्युत सेवा उपलब्ध घरधुरी | प्रतिशत | ९० | ९७ | १०० | १०० |
| २. | दाउरा प्रयोग गर्ने घरपरिवार संख्या | प्रतिशत | ९१.३ | ७० | ५० | ४५ |
| ३. | विद्युत उर्जाको खपतका लागि विद्युत चुल्हो अनुदान | परिवार संख्या | ० | १०० | ३५० | ४०० |
| ४. | विद्युत जडान तथा मर्मत तालिम | जना | ० | ४० | ७० | ७५ |

**प्रमुख कार्यक्रम**

- विद्युत विस्तार/विद्युत पोल सुधार तथा वितरण कार्यक्रम
- मुख्य चोकमा सोलार लाईटको स्थापना
- विद्युत उपयोगको खपतको लागि विद्युत चुल्हो अनुदान
- विद्युत जडान तथा मर्मत सम्भार तालिम/स्वरोजगार

## ६.४ आवास तथा वस्ति विकास

### पृष्ठभूमी

राप्ती सोनारी गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक विकास कार्यक्रममा आफ्नो भवन नभएका वडालाई भवन निर्माण गरी आफ्नै भवनबाट कार्यालय सञ्चालन गर्ने भनि कार्यक्रम समावेश गरिएको छ। त्यस्तै आर्थिक वर्ष २०७७/०७८ को वार्षिक विकास कार्यक्रममा आधुनिक सुविधा सम्पन्न गाउँपालिका कार्यालयको प्रशासनिक भवन निर्माण गर्ने भनि समावेश गरिएको छ।

भू–उपयोग सम्बन्धी योजना नहुँदा वस्ती वृद्धि हुँदै जाँदा जनतालाई भौतिक, आर्थिक र सामायिजक पूर्वाधार जुटाउन गाह्रो पर्दछ। दीर्घकालीन सोँचका आधारमा गाउँ क्षेत्रको भू–उपयोगका लागिआवास क्षेत्र, बजार क्षेत्र, चउर, पार्क, खेलमैदान, बालउद्यान, कृषि क्षेत्र र हरित क्षेत्र छुट्याई शहरी योजना तयार गर्ने यस गाउँपालिकाको नीति रहेको छ। यही नीतिको आधारमा भवन निर्माण तथा वस्ती विकास गरिनुपर्दछ। गाउँपालिकाको वर्तमान अवस्थालाई हेर्दा बैजापुर (वडा नं.४) मा गाउँपालिकाकै गौरवको आयोजनाको रुपमा १६ करोड रुपैयाको लागतमा १५ शैयाको अस्पताल निर्माण हुँदै छ। वडा नं.५ को बिनौनामा ढल निकासको काम भएको छ, पक्की स्वास्थ्य चौकी भवन निर्माण भएको छ, ३ वटा वर्थिङ सेन्टर तयार भएका छन्। वडा नं.६ को फत्तेपुरमा बाँके शहीद स्मृति पार्क भवन तयार भएको र पर्यटन सभागृह निर्माण भएको छ, थारु संग्रहालय निर्माणको चरणमा रहेको छ। त्यस्तै वडा नं.७ मा वर्थिङ सेन्टर निर्माण भएको छ भने वडा नं.८ मा ४ वटा सामुदायिक विद्यालय भवन र १ वटा थारु संग्रहालय निर्माण भएको छ। यस बाहेक सबैभन्दा महत्वपूर्ण कार्य वडा नं.६ र ७ मा जनता आवास कार्यक्रम अन्तरगत ६८ वटा

भवन निर्माण भई विपन्न, दलित र मुस्लिम समुदायमा हस्तान्तरण भएको छ। वडा नं.४ को साइपुरमा नवनिर्मित बहुउद्देश्यीय आश्रय केन्द्र भवन निर्माण भई सम्पन्न भएको छ। हरेक नागरिकको आवास, सामुदायिक भवनहरु तथा सरकारी भवनहरु सुरक्षित, स्वास्थ्यकर, वातावरणमैत्री, भूकम्प प्रतिरोधी तथा किफायती हुनुपर्दछ। त्यस्तै स्थानीय भवनहरु परम्परागत शैली झल्कने पहिचान सहितको हुनु पनि महत्वपूर्ण मानिन्छ। गाउँपालिकाले राष्ट्रिय

भवन निर्माण संहितालाई ध्यानमा राखेर भवन निर्माण कार्यविधि बनाई कार्यान्वयन गर्नुपर्दछ । छरिएर रहेका घरवस्ती र बाढी, नदी कटानबाट जोखिममा रहेका वस्तीहरुलाई स्थानान्तरण गरी एकीकृत वस्ती निर्माण गर्न उत्तिकै आवश्यक छ ।राप्ती सोनारी गाउँपालिका घरधुरी सर्भेक्षण–२०७५ अनुसार पालिका भित्र जम्मा घरधुरी १२५८७ रहेकोमा फुसको छानो भएका ३१२७, टायर झिंगटीको छाना ३८९३, जस्ता पाताका ३५६५ र पक्की ढलान भएका २००२ घरहरु रहेका छन् । यस गाउँपालिका भित्र ३५२२ पक्की घर र ९६५ कच्ची घरहरु रहेका छन् ।

## चुनौती तथा अवसर

### अवसर

- सरकारी र सामुदायिक भवन निर्माणमा केन्द्र तथा प्रदेश सरकारसँगको समन्वयबाट श्रोत उपलब्ध हुने अवस्था रहेको ।
- राप्ती सोनारी गाउँपालिकाको बीच भागबाट पूर्व पश्चिम लोकमार्ग जाने र निर्माण सामाग्रीको प्रसस्त उपलब्धता भएकोले निर्माण कार्यमा सहजता हुने ।
- जोखिमयुक्त वस्ती बारे जनतामा जागरण आएको ।

### चुनौति

- जोखिमयुक्त र छरिएका वस्तीहरुलाई स्थानान्तरण गराई एकीकृत वस्ती निर्माण गर्ने ।
- राप्ती नदी कटानबाट विद्यमान वस्ती सुरक्षित गर्ने ।
- राष्ट्रिय भवन निर्माण आचार संहिता अनुरुप भवन निर्माण मापदण्ड लागु गर्ने ।
- गरिबी र न्यून आयले गर्दा सुरक्षित र सुविधायुक्त घर बनाई आवास व्यवस्थापन गर्ने ।

### सोच

सबैको लागि सुरक्षित र व्यवस्थित आवासको सुविधा ।

### उद्देश्य

- जोखिमयुक्त र छरिएर रहेका वस्तीहरुलाई स्थानान्तरण गरी एकीकृत वस्ती विकासको योजना तयार गर्ने ।

### रणनीति

- भवन मापदण्ड तयार गरी सुलभ सुरक्षित भवन/आवास निर्माण गर्ने र सुविधायुक्त प्रर्वद्र्धित बजार क्षेत्रका साथै एकीकृत वस्तीको योजना बनाई कार्यान्वयन गर्ने ।

## प्रमुख नतिजा सूचक

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १. | भवन मापदण्ड/संहिता निर्माण | संख्या | ० | १ | १ | १ |
| २. | १५ शैयाको हस्पिटल निर्माण | संख्या | ० | १ | १ | १ |
| ३. | कक्षा कोठा निर्माण | संख्या | - | १०० | २०० | २५० |
| ४. | स्वास्थ्य चौकी निर्माण | संख्या | ८ | ९ | ९ | ९ |
| ५. | गाउँपालिकाको प्रशासकीय भवन निर्माण | संख्या | ० | १ | १ | १ |
| ६. | बहुउद्देश्ीय सामुदायिक भवन (आश्रय स्थल) निर्माण | संख्या | १ | २ | ३ | ४ |
| ७. | अतिथि सत्कार भवन निर्माण | संख्या | ० | १ | १ | १ |
| ८. | शीत भण्डार निर्माण | संख्या | ० | १ | १ | १ |
| ९. | प्रहरी चौकी निर्माण | संख्या | ४ | ६ | ६ | ७ |

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १०. | डकर्मी, सिकर्मी दक्षता अभिवृद्धि तालिम | संख्या | - | ५० | १०० | १२० |

**प्रमुख कार्यक्रम**

- सार्वजनिक, सामुदायिक तथा निजी भवन निर्माणको लागि भवन निर्माण मापदण्ड/संहिता तर्जुमा
- १५ शैयाको राप्ती सोनारी हस्पिटल निर्माण
- २०० वटा कक्षा कोठा निर्माण
- महादेवपुरी स्वास्थ्य चौकी भवन निर्माण (वडा नं.९)
- गाउँपालिकाको प्रशासनिक भवन निर्माण
- अतिथि सत्कार भवन निर्माण
- मिनि कोल्ड स्टोर निर्माण (आलु भण्डारण) वडा नं.८
- वडा नं.२, ८ र ९ लाई समेट्ने गरी वडा नं.२ को टिकुलीपुरमा तथा वडा नं.६ को खल्लाटपरीमा बहुउद्देश्यीय सामुदायिक भवन निर्माण।
- वडा नं.७ र अगैयामा प्रहरी चौकी निर्माण
- नमूना शहर विकास (वडा नं.४ को वडा कार्यालय बैजापुर चोक देखि सूर्यलालपुर चोक सम्म हुलाकी लोकमार्गको दाँया बाँया १.८ किलोमिटर)
- एकीकृत वस्ती र अमरुवा वस्ती स्थानान्तरण सम्बन्धी सम्भाव्यता अध्ययन
- प्रवद्र्धित बजार तथा वस्ती विकास सम्भाव्यता अध्ययन ड्ड निर्माण कर्मीहरुको दक्षता अभिवद्धि तालिम

## ६.५ जलस्रोत तथा सिचाई

**पृष्ठभूमी**

आधुनिक र व्यवसायिक कृषिको विस्तार एवं उत्पादकत्व वृद्धिको लागि अन्य कुराको अतिरिक्त भरपर्दो सिँचाई सुविधाको आवश्यकता पर्दछ ।राप्ती सोनारी गाउँपालिकाको कूल क्षेत्रफलको ९% अर्थात १०४१८२ हेक्टर मध्ये ९५८२ हेक्टर मात्र खेतीयोग्य जमित रहेको छ। यो गाउँपालिका प्राय तराईको समथर भागमा पर्ने र राप्ती नदी जस्ता ठूला नदीको किनारका फाँटहरु भएकोले यहाँ धान, गहुँ, आलु जस्ता अन्नवालीहरु प्रसस्त उत्पादन हुन्छन्। माथि उल्लेखित अन्नवालीको लागि बाह्रै महिना सिँचाईको अत्यन्त जरुरी पर्दछ । सौभाग्यवस यस गाउँपालिकाको अगैयामा सिक्टा सिँचाईको राष्ट्रिय गौरवको योजनारहेको छ । यो योजनाबाट बाँके जिल्लामा जम्मा ४२७६६ हेक्टर जमिनमा सिँचाई सुविधा पुऱ्याउने लक्ष्य रहेको छ। सिक्टा सिँचाई पश्चिमी नहर लगभग निर्माण भईसकेको छ र यो नहर, राप्ती सोनारी गाउँपालिकाको वडा नं.२, ८ र ९ हुँदै पश्चिम बाँके तर्फ लगिएको छ तर यो नहर राप्ती सोनारी गाउँपालिका भित्र गहिरो गरी लगिएको कारणले यसबाट यी वडामा सिँचाई सुविधा उपलब्ध छैन ।तैपनि लिफ्टिङ प्रविधिबाट सिँचाईको सुविधा प्राप्त गर्न सकिने लक्ष्य भने कायमै रहेको छ। हाल वडा नं.२, ८ र ९ मा विभिन्न ठाडा खोला र स्यालो ट्यूबेल तथा आकाशे पानीबाट सिँचाई हुँदै आएको अवस्था छ। सिक्टा सिँचाईको पूर्वी नहर भने राप्ती सोनारी गाउँपालिकाको वडा नं.३, ४, ५, ६ र ७ हुँदै नरैनापुर तर्फ लगिएको छ। यो नहर हाल निर्माणकै चरणमा रहेकोले पानी वितरण नभएपनि निकट भविष्यमा माथि उल्लेखित ५ वटा वडाको लागि यो बरदान सावित हुनेछ। हाल वडा नं.३ र ४ मा गुरुवा खोला, बड्का खोला र मोरङ्गा खोलाबाट सिँचाई हुने गरेको छ । वडा नं.१ मा सिँचाईको लागि बोरिङ वितरण गरिनुका साथै खोकरी मझौला सिँचाई आयोजना तथा खासकुश्मा सिँचाई उप–योजना सञ्चालित छन् । वडा नं.२ को लागि सिक्टा पश्चिमी नहरबाट लिफ्ट सिँचाई योजनाको लक्ष्य रहेको भएता पनि हाल स्यालो ट्यूबेल मार्फत सिँचाई गरिदै आएको छ । त्यस बाहेक खैरी खोलाबाट कूलो बनाई ४५० हेक्टर जमिनमा सिँचाई हुँदै आएको छ। वडा नं.४ को खेतीयोग्य जमिनमा भलैया, पथरहिया सिँचाई प्रणाली, बैजापुर सिँचाई योजना र रिहार सिँचाई योजना बैजापुरबाट सिञ्चित हुँदै आएको छ। वडा नं.५ को लागि बल्छिया सिँचाई योजना बिनौना (२०० हेक्टर), घुमैया सिँचाई उप–आयोजना बिनौना (२०० हेक्टर), बनथुरिया खोला (२०–३० बिगाह), चौधरीया खोला (२०–३० बिगाह), चिलरिया खोला (५० बिगाह) तथा टडुवा सिँचाई (२० बिगाह) बाट सिँचाई हुँदै आएको छ। वडा नं.६ को हकमा इन्टेकबाट २५० बिगाह (वडा नं.७ समेत) सिञ्चित हुँदै आएको छ भने अन्य ठाउँमा भूमिगत जलउपयोग गरी बोरिङ र स्यालो ट्यूबेलबाट सिँचाई हुँदै आएको छ। वडा नं.७ को लागि इन्टेकबाट सिँचाई सुविधा बाहेक अन्य नहर नभएको अवस्था छ। वडा नं.७ को सबै खेतीयोग्य जमिनमा लालपुर, देउपुरा र पिपरहवा बाहेक अन्य सबै ठाउँमा सिक्टा सिँचाईको शाखा कूलोहरुबाट सिञ्चित हुने अवस्था छ । यस वडामा सिँचाईको अन्य माध्यममा बोरिङ सिँचाई प्रणाली रहेको छ। वडा नं.८ मा सिक्टा सिँचाईको शाखा कूलो बाँडफाँड गरी लिफ्ट सिँचाई गर्ने कार्यक्रम रहेको छ। वडा नं. ८ कै पेरानी र धर्मौतीमा २ वटा डिप बोरिङ गरिएको छ। वडा नं.९ को हकमा जम्मा घरधुरी मध्ये ३७८ घरधुरीले सिँचाईको लागि कूलो प्रयोग गर्दछन्, ९०२ घरधुरीले आकाशे पानीको भरमा खेती गर्दछन् भने ३९३ घरधुरीले पम्पसेट प्रयोग गर्दछन्।

राप्ती सोनारी गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को विकास कार्यक्रममा स्यालो ट्यूबेल, डिप बोरिङ माध्यमलाई सिँचाईको प्राथमिकतामा राखिएको थियो । घरधुरी सर्भेक्षण–२०७५ अनुसार राप्ती सोनारी गाउँपालिकामा सिँचाई सुविधा भएका घरधुरी ४४% र सिँचाई सुविधा नभएका घरधुरी ५६% रहेको तथ्यांक रहेको छ । सिँचाईका माध्यम कूलो, नहर, बोरिङ र मौसमी सिँचाई भएता पनि वडा नं.१ मा सिँचाईको सुविधा धेरै कम भएको देखिन्छ भने वडा नं. ५, ६ र ७ मा ५०% भन्दा बढी सिँचाई सुविधा रहेको छ । नहरको सुविधा भएका यस गाउँपालिकाका वडाहरु ३, ६ र ७ हुन् भने गाउँपालिकाको उत्तरी भागका वस्तीहरुमा विभिन्न साना र ठूला खोला तथा भूमिगत पानीले सिँचाई गर्न सकिन्छ । खासगरी यस गाउँपालिका भित्रको सिँचाईको माध्यमहरु सिक्टा सिँचाई आयोजना मूल शाखा, पुरै राप्ती सोनारी शाखा र नहरका अन्य शाखाहरु, कूलो, नाला र जंगली खोलाहरु तथा राप्ती नदीको पानी हो । सिँचाई मन्त्रालयको केन्द्रीय नीतिमा तराईको सिँचाईको लागि सौर्य उर्जाको प्रयोग गरी लिफ्टिङ गर्ने र स्यालो ट्यूबेल तथा डिप बोरिङबाट जमिन सिञ्चित गर्ने रहेको छ ।

## चुनौती तथा अवसर

### अवसर

- सिँचाईको उपयुक्त व्यवस्थापनबाट कृषिमा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।
- सिँचाईका लागि राष्ट्रिय सिक्टा सिँचाई योजना यसै गाउँपालिका भित्र रहेको ।
- प्रसस्त कृषियोग्य जमिन विद्यमान रहेको ।
- कृषिमा आश्रित जनसंख्याको बाहुल्यता रहेको ।

### चुनौती

- ठाडा खोला नालाहरुमा हिउँदमा पानी कम हुँदा वडा नं. १, २, ८ र ९ मा वर्षैभरी सिँचाई सुविधा उपलब्ध गराउने ।
- सिक्टा योजनाको पश्चिमी नहर गहिरो हुँदा स्थानीय स्तरमा सिँचाई सुविधा उपलब्ध गराउने ।
- निर्माण भइसेकका योजनाहरुको प्रभावकारी व्यवस्थापन गर्ने ।

### सोच

भरपर्दो सिँचाई प्रणालीबाट उत्पादन र उत्पादकत्वमा वृद्धि ।

## उद्देश्य

- कृषियोग्य जमिनमा सिँचाईको विस्तार गरी बाह्रै महिना सिँचाई सुविधा पुऱ्याउने तथा सिँचाई प्रणालीको व्यवस्थापनलाई सुदृढ बनाउने ।

## रणनीति

- खेतीयोग्य जमिनमा सिँचाई सुविधाको विकास गर्दै सिँचाई प्रणालीको मर्मत सम्भार सहित दीगो व्यवस्थापन गर्ने ।

## प्रमुख नतिजा सूचक

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १. | बाह्रै महिना सिँचाई हुने क्षेत्र | प्रतिशत | ४४ | ७० | ९४ | १०० |
| २. | सिँचाई प्रणाली व्यवस्थापन सुदृढीकरण | संख्या | २ | ७ | ९ | १० |
| ३. | सिँचाई योजना निर्माण | संख्या | ४ | ७ | ११ | १२ |
| ४. | कूलो/नहरको मर्मत सम्भार | प्रतिशत | १० | ७० | ९५ | १०० |
| ५. | वैकल्पिक सिँचाई प्राणालीको अध्ययन, अनुसन्धान तथा डि.पि.आर. निर्माण । | संख्या | ० | १ | १ | १ |
| ६. | सिँचाई व्यवस्थापन तालिम | पटक | ० | ३ | ५ | ६ |

**प्रमुख कार्यक्रम**

- फत्तेपुर सिंचाई नहरको बाँध निर्माण।
- सिक्टा पश्चिमी नहरबाट लिफ्ट सिँचाई योजना कार्यान्वयन गर्ने (वडा नं.२, ८ र ९)।
- स्यालो ट्यूबेल/बोरिङबाट सिँचाई गर्ने कार्यक्रमलाई निरन्तरता दिने (वडा नं.१, २, ६, ७ र ८)।
- हाल चालु रहेका ७ वटा सिँचाई योजनालाई सुधार गर्ने।
    - खोकरी सिँचाई योजनालाई विस्तार गर्ने (वडा नं.१)।
    - राप्ती नदीको पानी बिद्युत उर्जाबाट लिफ्टगरी वडा नं.१ र वडा नं ४ को विभिन्न फाँटहरुमा वितरण गर्ने।
    - खैरी खोला सिँचाई आयोजनालाई विस्तारित र व्यवस्थित गर्ने(वड नं.२)।
    - बल्छिया सिँचाई योजना (वडा नं.५)।
    - घूमैया सिँचाई योजना (वडा नं.५)।
    - बनौरिया सिंचाई योजना वडा नं ५
    - छरछरुवा सिंचाई योजना वडा नं ५
- कूलो/नहरको मर्मत सम्भार।
- वैकल्पिक सिँचाई प्रणालीको अध्ययन अनुसन्धान तथा डि.पि.आर. निर्माण। ड्ड सिँचाई व्यवस्थापन तालिम।

## ६.६ नदी नियन्त्रण

### पृष्ठभूमी

राप्ती नदीबाट वर्षेनी हुने नदी कटान तथा बाढीको कारणबाट यो पालिका बढी जोखिममा रहेको छ। पालिकाको उत्तर पूर्वी भाग चुरे भू–धरातलीय स्वरुप र केही भिरालो भएको कारणले पहिरोको जोखिम भएपनि मानव वस्तीहरुमा पहिरोको जोखिम न्यून छ ।यस गाउँपालिकाको बीच भागबाट बग्ने राप्ती नदीबाट हुने कटान र डुबान यहाँको प्रमुखसमस्याको रुपमा रहेको छ भने अन्य ठाडा खोलाहरुबाट पनि वर्षेनी कटानर वस्ती डुबान हुने समस्या रहँदा यस गाउँपालिमा नदी नियन्त्रण र वस्ती संरक्षण गर्ने कार्य प्रमुख चुनौतीको रुपमा रहेको छ।

खासगरी राप्ती नदीबाट डुबान तथा कटान हुन्छ भने खहरे खोलाहरुबाट धैरै विनास भएको देखिन्छ। राप्ती सोनारी गाउँपालिकाको वडा नं.२, ३, ४, ५, ६ र ७ को तटीय क्षेत्र बाढी र डुबानको क्षेत्र हो। वडा नं.२ को कचनापुर गाउँमा नागरिक सचेतता तथा बाढीको सूचनाको लागि साइरन टावर निर्माण गरी सञ्चालनमा आएको अवस्था

छ। वडा नं.७ को डुबान क्षेत्र हुने ठाउँ सर्रा, भवानीयापुर, वसन्तपुर, पहाडीपुर, गेजुवाको भर्था, खल्ला झगडिया, पिपरहवा, देउपुरा हुन्। राप्ती नदीको वडा नं.१, २, ३, को विभिन्न स्थानमा तटबन्ध निर्माण गरिएको छ। त्यस्तै सिक्टा सिँचाईको सहयोगमा ठाडो खोलाहरुमा पनि (वडा नं.२) मा तटबन्ध गरिएको छ। वडा नं.२ मा मात्र प्रत्येक वर्ष करिब २० बिगाह जमिन कटान हुँदै आएको स्थानीयहरुको भनाई रहेको छ। वडा नं.२ को कचनापुरको पूर्वी बेल्टको राप्ती नदीमा (खैरी खोला, मधुवा, बिनौना जोड्ने पुलसम्म) ब्म्द्य को सहयोगमा जनताको तटबन्ध कार्यक्रम अन्तरगत ८ किलोमिटर तटबन्ध निर्माण भएको छ। बाँकी ४ किलोमिटर राजापुर गाउँसम्म त्यहि प्रकारको तटबन्ध गर्नुपर्ने देखिन्छ। त्यस्तै वडा नं.१ अन्तरगत प्रेमनगर–सिक्टा तटबन्ध गरिएको छ, बैरिया खोलामा तटबन्ध तथा भम्का वस्ती संरक्षणको लागि भम्का खोलामा तारजाली लगाइएको छ। बाढी,डुबान तथा नदी कटान समेतबाट हुने विपद्मा उद्धार तथा राहतका लागि पालिका स्तरमा र प्रत्येक वडामा विपद् व्यवस्थापन कोष स्थापना गरी रकम विनियोजन गरिएको छ। गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिबाट उद्धार, राहत तथा पुनर्संस्थापना सम्बन्धी कार्यमा नागरिकलाई सहायता उपलब्ध गराउने गरिएकोछ।

## चुनौती तथा अवसर

### अवसर

- सम्भावित विपद्हरुमा जनताहरु अभ्यस्त भइसकेकोले विपद् व्यवस्थापनमा सहज हुने।
- वातावरणमैत्री संरचना बनाई प्रकृतिलाई बचाउनु पर्छ भन्ने सोँचको विकास हुँदै गरेको।

## चुनौति

- राप्ती नदीको बहावको तीब्रता।
- बाढी नियन्त्रण संरचना निर्माणका लागि आवश्यक बजेटको व्यवस्थापन गर्ने।
- विपद् व्यवस्थापनलाई प्राथमिकतामा नराख्ने प्रवृत्ति रहेको।
- बिना अध्ययन नदीजन्य पदार्थको उत्खनन् र ओसार पसारलाई नियन्त्रण गर्ने।

## सोच

बाढीबाट सुरक्षित गाउँवस्ती, हाम्रो समृद्धि।

## उद्देश्य

- बाढीबाट उत्पन्न विपद्को समुचित व्यवस्थापन गर्ने।

## रणनीति

- राप्ती सोनारी गाउँपालिका भित्र बाढी न्यूनीकरणका लागि जनचेतना एवं संस्थागत क्षमताको विकास गर्ने र बाढीबाट हुने प्रकोपको रोकथाम तथा नियन्त्रणका कार्यक्रमहरु सञ्चालन गर्ने ।

## प्रमुख नतिजा सूचक

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १. | जनचेतना अभिवृद्धि | प्रतिशत | | ५० | ९० | १०० |
| २. | नदी कटानबाट संरक्षित क्षेत्र | लम्बाई कि.मी. | १० | २० | ३० | ३५ |
| ३. | अनुसूचीमा रहेका १५ स्थानको बाढी नियन्त्रणको लागि अध्ययन तथा तटबन्ध निर्माण | कि.मी. | १० | २० | ३० | ३५ |
| ४. | जोखिमयुक्त स्थान र सुरक्षित स्थानको पहिचान र नक्सांकन | पटक | ० | १ | १ | १ |
| ५. | सचेतता तालिम | पटक | ० | ३ | ३ | ३ |
| ६. | स्वयम सेवक तालिम प्राप्त जनशक्ति | संख्या | | ५० | ५० | ५० |
| ७. | प्राकृतिक प्रकोप सम्बन्धी स्थानीय पाठ्यक्रम तर्जुमा र कार्यान्वयन | प्रतिशत | ० | १०० | १०० | १०० |

**प्रमुख कार्यक्रम**

- जोखिमयुक्त स्थानको पहिचान सहित सुरक्षित स्थानको नक्सांकन/सम्भाव्यता अध्ययन तथा अमरुवा बस्ती स्थानान्तरणको अध्ययन समेत।
- बाढी नियन्त्रणको अध्ययन डि.पि.आर. तयार गरी तटबन्ध निर्माण।
- लालपुर र नरैनापुरको सीमानामा हुलाकी सडक रहेको पुल निर पानीको निकास नभएकोले तटबन्ध गरी सिंघैया नालामा पुऱ्याउनु पर्ने (वडा नं.७)।
- सिंघैया नालालाई गहिरो बनाएर फरेन्दा नयाँ वस्ती र ननकपुर गाउँलाई जोगाउन २ किलोमिटर तटबन्ध गर्नुपर्ने
- सचेतनामूलक तालिम
- स्वयम सेवक तालिम/उद्धार सामाग्री खरिद
- विद्यालयको पाठ्पुस्तकमा प्राकृतिक प्रकोप सचेतता सम्बन्धी विषय समावेश गर्ने।

## ९. पूर्वाधार क्षेत्रको मध्यमकालीन बजेट खाका

रु. लाखमा

| आर्थिक वर्ष | विनियोजन तथा प्रक्षेपण | | |
|---|---|---|---|
| | चालु खर्च | पुँजीगत खर्च | जम्मा |
| **२०८०/८१** | ५०० | ७२००० | ७२५०० |
| **२०८१/८२** | ५०० | ६४३४८ | ६४८४८ |
| **२०८२/८३** | ५०० | ६६७८२ | ६७२८२ |

## जोखिम तथा अनुमान

पूर्वाधार क्षेत्रमा योजनाले लिएका लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि सार्वजनिक स्रोतको पर्याप्त उपलव्ध हुनेछ । वित्त हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हने रकममा निरन्तरता रहनेछ। सार्वजनिक निकाय लगायत यस

गाउँपालिकामा रहेका निजी र गैर सरकारी क्षेत्रको सक्रीय सहभागिता रहनेछ । निर्माण व्यावसायी र उपभोक्ता समूहको प्रभावकारी उपस्थिति रही रहनेछ। स्रोत साधन अपेक्षितरुपमा परिचालन हुनेछ र अन्तरसरकार साझेदारी तथा सहकार्य थप मजवुत भई गाउँपालिको सन्तुलित विकासका लागि पूर्वाधार निर्माणमा तिव्रता आउँने अनुमान गरिएको छ।

# परिच्छेद ७: वन, वातावरण संरक्षण एवं विपद् व्यवस्थापन

## ७.१ वन विकास

### पृष्ठभूमी

राप्ती सोनारी गाउँपालिकाको पूर्व देखि पश्चिमसम्मको उत्तरी क्षेत्रदेशकै गौरबको रुपमा रहेको बाँके राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रले ढाकिएको छ । यी ठूला वन क्षेत्रहरुका अतिरिक्त अन्य ठूला साना सामुदायिक वनहरु पनि यस पालिकामा रहेका छन् । पालिकाको कूल भू–भागको ७९.७९% जमिन घना वन क्षेत्रले ओगटेको छ । गाउँपालिकाका ९ वटा वडाहरुमा ७४ वटा सामुदायिक वन उपभोक्ता समितिहरु गठन भै क्रियाशीलरहेका छन् । त्यसैगरी यस पालिकाको ५.८७% झाडी तथा घासे मैदान क्षेत्रको रुपमा रहेको छ।वन संरक्षण र प्रवर्द्धनका लागि नेपाल पक्षबाट गरिएका सम्झौता, नेपालले संयुक्त राष्ट्र संघ समक्ष गरेको प्रतिबद्धता र वन तथा वनजन्य सम्पदाहरुबाट आय आर्जन गरी समृद्धि ल्याउन पनि राप्ती सोनारी गाउँपालिकाले वन क्षेत्रको विस्तार,विकास, संरक्षण र सम्वद्र्धन गर्न जरुरी छ । प्राकृतिक सौन्दर्यताले भरिपूर्ण र राप्ती सोनारी गाउँपालिकाको गहनाको रुपमा रहेको बाँके राष्ट्रिय निकुञ्ज नेपाल सरकार मातहत रहेको छ । यस निकुञ्जको संरक्षण तथा प्रवर्द्धनमा स्थानीय पालिकाको पनि महत्वपूर्ण योगदान रहने हुँदा नेपाल सरकारबाट आवश्यक कार्यक्रमहरु तय गरी गा.पा.सँग समन्वयात्मक रुपमा कार्यान्वयन गर्नुपर्ने देखिएको छ ।

### चुनौती तथा अवसर

### चुनौती

- वन्यजन्य उत्पादनको चोरी निकासी र वन्यजन्तुको अवैध शिकार नियन्त्रण गर्ने ।
- वन्यजन्तु र मानव बीचको सम्बन्धमा दरार उत्पन्न भई वर्षेनी हुने मानवीय क्षतीलाई नियन्त्रण गर्ने ।
- वर्षेनी लाग्ने डढेलो तथा आगलागी नियन्त्रण गर्ने ।
- महत्वपूर्ण जडिबुटीको पहिचान गरी संरक्षण गर्ने ।
- नजिकै अन्तर्राष्ट्रिय खुला सीमाना रहेको कारणले महत्वपूर्ण जडिबुटी, काठ, वन्यजन्तु समेतको चोरी निकासीलाई नियन्त्रण गर्ने ।

- सामुदायिक वनहरु बीच बेलाबखत देखिने आन्तरिक विवाद र समुदाय एवं राष्ट्रिय निकुञ्ज बीच देखिने विवादको निराकरण गर्ने ।
- वर्षेनी लाग्ने डढेलो तथा आगलागी नियन्त्रण गर्ने ।
- अनियन्त्रित डोजरको प्रयोगबाट वन संरक्षणमा परेको चापलाई व्यवस्थापन गर्ने ।
- वन र वातावरण सम्बन्धी व्यापक चेतनाको विकास गर्ने ।

**अवसर**

- वन जंगलको विस्तार र संरक्षण गरी जडिबुटीको संकलन, प्रशोधन र बजारीकरण गर्न सकेमा समृद्धिमा मद्दत पुग्ने ।
- यस पालिकामा हाल विद्यमान सामुदायिक वन उपभोक्ता समितिको संख्या ७४ रहेको र वन क्षेत्रविस्तार गरी सामुदायिकीकरण गरिएमा स्थानीय जन समुदायको आय स्तरमा वृद्धि हुने ।
- खाली जग्गा नाङ्गा डाँडाँहरुमा जडिबुटी खेती तथा वृक्षारोपण गरी लाभ लिन सकिने र वातावरणमा सकारात्मक प्रभाव पर्ने ।
- यस पालिकाको पूर्व उत्तर देखि पश्चिम उत्तर तर्फको सम्पूर्ण भागमा राष्ट्रिय निकुञ्ज रहेको हुँदा यसबाट वातावरणमा सकारात्मक प्रभाव पर्नुका साथै अन्य विविध लाभ लिन सकिने अवस्था रहेको ।
- यस पालिकाको ५.८७% झाडी तथा घासे मैदान क्षेत्र भएकोले उक्त भू–भागमा वृक्षारोपण गरी १५ औं योजनाले राखेको परिणाममुखी लक्ष्य बमोजिम प्रति हेक्टर ४५० रुखहरु हुर्काउन सकिने ।
- वनजंगलको विस्तार र संरक्षण गरी जडिबुटीको प्रशोधन र बजारीकरण गर्न सकेमा समृद्धि हासिल हुनसक्ने ।
- वन्यजन्यमा आधारित उद्योगहरु सञ्चालन गरी रोजगारी र आय आर्जन गर्न सकिने ।

**सोच**

हरियो वन राम्री सोनारीको दीगो धन

**उद्देश्य**

- वन क्षेत्रलाई आय आर्जनको दीगो श्रोतको रुपमा विकास गर्ने ।

**रणनीति**

- वनको विकास र संरक्षण गरी वनमा आधारित उद्योग मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरी रोजगारी सिर्जना गर्ने।

## प्रमुख नतिजा सूचक

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ८३२०८२/८३ |
| १. | विद्यमान जंगल क्षेत्र प्रवर्द्धन | हेक्टर | ८३१३० | ८३१५२ | ८३१६० | ८३१९० |
| २. | बुट्यान तथाखुल्ला चउर क्षेत्रमा वृक्षारोपण गर्ने | हेक्टर | - | २२ | ३० | ३५ |
| ३. | सामुदायिक वन उपभोक्ता समिति | संख्या | ७४ | ७८ | ८० | ८५ |
| ४. | वन विस्तार र संरक्षण सम्बन्धी कार्यविधि तर्जुमा | संख्या | ० | १ | १ | १ |
| ५. | महत्वपूर्ण जडिबुटीहरुको अध्ययन, अनुसन्धान र अभिलेखांकन | संख्या | ० | १ | २ | ३ |

## प्रमुख कार्यक्रम

- नदी कटान तथा भू–क्षय नियन्त्रणको लागि वृक्षारोपण कार्यक्रम (वायो इन्जिनियरिङ्ग) (वडा नं.१,२,४,५,६,७)
- नर्सरी निर्माण कार्यक्रम (५ ठाउँमा)
- वन विस्तार र संरक्षण सम्बन्धी कार्यविधि तर्जुमा।
- पानीको मुहान सुकाउने बिरुवाहरूको क्रमागत प्रतिस्थापन कार्यक्रम।
- सामुदायिक वन उपभोक्ता समितिलाई क्षमता विकास कार्यक्रम
- डढेलो नियन्त्रण तथा जनचेतना कार्यक्रम

- निजी जग्गामा वृक्षारोपण गर्ने व्यक्ति तथा समूहलाई प्रोत्साहन कार्यक्रम
- निकुञ्ज संरक्षित वन क्षेत्रको प्रबद्र्धनका लागि समन्वय र सहकार्य गरी सह–आयोजना संचालन कार्यक्रम
- नाँगा डाँडाँ, खाली चउर र बुट्यान क्षेत्रमा वृक्षारोपण कार्यक्रम
- पालिका भित्र उपलब्ध हुने महत्वपूर्ण जडिबुटीहरुको अध्ययन, अनुसन्धान र अभिलेखांकन कार्यक्रम।

## ७.२ वातावरण संरक्षण

### पृष्ठभूमि

राप्ती सोनारी गाउँपालिकाको ९.३२% जमिन कृषि र आवादी क्षेत्रले ढाकेको छ भने बाँकी क्षेत्रमा वन, घाँसे मैदान, पोखरी, खोला नालाहरु छन्। यस पालिकाको कूल जनसंख्या ६७२९४ छ। चप्परगौरी, गाभर, कुसुम, सिक्टा, अगैया, गोबरपुर, कचनापुर, बेलासपुर, भवानीयापुर, नारायणपुर, नवलपुर, उज्यालो बजार, बैजापुर, बिनौना, मोहनपुर, शान्तिपुर, बसन्तपुर, पिप्रहवा, सिसमघारी, बालापुर, ओभरी, ढकेरी, महादेवा, खैरानी जस्ता घनावस्ती भएका क्षेत्रहरु यस पालिकामा पर्दछन्। गाउँपालिकामा रहेका ७४ वटा सामुदायिक वनहरु यी वस्तीहरुको नजिक छन् र समुदाय स्तरबाटै यी वनहरुको संरक्षण गरिएको अवस्था एकातर्फ छ भने अर्को तर्फ राष्ट्रिय गौरबकै रुपमा रहेको बाँके राष्ट्रिय निकुञ्जका अधिकांश भाग यस पालिकामा पर्ने हुँदा यसबाट वातावरण संरक्षणमा राम्रो प्रभाव परेको छ। तर मुख्य वस्ती तथा बजारहरुको बीचबाट आवात जावत गर्ने कच्ची बाटाहरु र निर्माणाधीन पूर्व पश्चिम हुलाकी लोकमार्गबाट समेत निस्कने धुलो धुवाँले वायु प्रदुषण भै वातावरणमा केही असर परेको देखिन्छ।

राप्ती सोनारी गाउँपालिकाको अधिकांश भागमा ग्रामीण पातलो वस्ती भएको हुनाले फोहरमैलाको प्रदुषणबाट वर्तमान अवस्थामा ठूलो चुनौती त छैन, तैपनि घनावस्ती र स–साना बजार क्षेत्रमा फोहरमैलाको उचित व्यवस्थापन तथा ढल निकासको व्यवस्थित विकास गर्न सकिएको छैन। विभिन्न बजार क्षेत्र, पार्क तथा मनोरञ्जन क्षेत्र, विभिन्न मठ–मन्दिर तथा साँस्कृतिक स्थलहरुमा फ्याकिने सीशाका बोतलहरु तथा फुटेका टुक्राहरु र अन्य थुप्रै प्लाष्टिकजन्य वस्तुहरुको व्यवस्थापन गर्न र नियमन गर्न सकिएकोछैन। मेला लाग्ने स्थलहरु र मानिसको भेला हुने अन्य सार्वजनिक स्थानमा सार्वजनिक शौचालयहरु पनि व्यवस्थापन गर्न सकिएको छैन। बजार केन्द्रहरुको विस्तार र विभिन्न आर्थिक गतिविधिहरुको विस्तारबाट उत्सर्जन हुने फोहरमैलाको उचित व्यवस्थापन गरी गाउँपालिकालाई फोहरमुक्त बनाउने सन्दर्भमा आवश्यक पर्ने लैण्डफिल्ड साइट तोकी व्यवस्थापन हुन आवश्यक छ। स्वस्थ, स्वच्छ वातावरण बनाई सभ्य, सुसंस्कृत राप्ती सोनारीका जनताको परिचय दिन पनि वातावरण संरक्षण र फोहरमैलाको उचित व्यवस्थापन गरिनु पर्दछ।

### अवसर तथा चुनौती अवसर

## अवसर

- पालिकाको उत्तर पूर्व देखि पश्चिम उत्तरको अधिकांश भू–भाग राष्ट्रिय निकुञ्ज क्षेत्रले ढाकिएको र ७४ वटा सामुदायिक वन क्षेत्रबाट समेत हरियाली प्रवर्द्धन गरी वातावरण संरक्षणमा सघाउ पुगेको ।
- राप्ती नदीको दुबै किनार (वडा नं.१–९ सम्म) मा जनपरिचालनबाट व्यापक वृक्षारोपण गरी नदी कटान नियन्त्रण गर्ने ।
- सबै सामुदायिक वन उपभोक्ता समितिहरु वन वातावरण संरक्षणमा परिचालित भइरहेको ।
- वन जंगल क्षेत्रमा डढेलो नियन्त्रण गर्ने संयन्त्र निर्माण गरी व्यवस्थापन गर्ने ।
- चरन क्षेत्र छुट्टाएका ठाउँहरु, नाङ्गा डाँडाहरु र हरेक मोटर बाटोको छेउँमा वृक्षारोपण गर्दा प्रदुषण कम भै स्वच्छ वातावरण कायम राख्न सकिने ।
- आयोजना सञ्चालन गर्नुपूर्व वातावरणीय प्रभावको मूल्यांकन गरी त्यसको प्रतिवेदन कार्यान्वयनबाट वातावरण सन्तुलनको दीगो व्यवस्थापन हुने ।
- सड्ने खालका फोहरबाट अर्गानिक मल उत्पादन गरी कृषि क्षेत्रमा उत्पादकत्व बढाउन सकिने ।
- मानव वस्तीबाट टाढाको अनुत्पादक स्थानमा फोहरको अन्तिम विसर्जन स्थल ९ीबलमाष्ि ि क्षतभ० बनाउन सकिने ।

## चुनौती

- डोजर प्रयोग गरी अव्यवस्थित बाटो निर्माण गर्ने कार्यलाई व्यवस्थित गर्ने ।
- वातावरण संरक्षणमा चेतना स्तर बृद्धि गर्ने ।
- प्लाष्टिकजन्य पदार्थको अत्याधिक प्रयोगलाई नियन्त्रण र व्यवस्थापन गर्ने ।
- सार्वजनिक स्थलमा निर्माण हुने शौचालयको उचित व्यवस्थापन गर्ने ।
- फोहरमैला व्यवस्थापनमा व्यापक जनचेतनाको विकास गर्ने ।

## सोच

राप्ती सोनारीको सान; स्वच्छ, सफार हरित वातावरण मार्फत दीगो विकासको अभियान

## उद्देश्य

- वातावरण संरक्षण र विकास व्यवस्थापनलाई आन्तरिकीकरण गर्ने

**रणनीति**

- वातावरण संरक्षण मापदण्ड बमोजिम प्रदुषण न्यूनीकरण गरी स्वस्थ नागरिक मार्फत आर्थिक र सामाजिक क्षेत्रमा सकारात्मक परिणाम प्राप्त गर्ने ।

## प्रमुख नतिजा सूचक

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ८३२०८२/ ८३ |
| १. | खुल्ला चउर, बुट्यान, नदी किनार र चरन क्षेत्रमा वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गर्ने | हेक्टर | | २२ | ३० | ३५ |
| २. | सन्तुलित तथा दीगो विकासमा जनचेतना स्तर अभिवृद्धि | प्रतिशत | ५० | ७० | ९० | १०० |
| ३. | वातावरण संरक्षणसँग सम्बन्धित स्थानीय कानून | संख्या | ० | १ | १ | १ |
| ४. | वातावरणमैत्री योजना तर्जुमा तथा कार्यान्वयनमा अन्तर निकाय समन्वय | संख्या | ० | १ | १ | १ |
| ५. | प्रदुषकले तिर्नुपर्छ भन्ने नीति | संख्या | ० | १ | १ | १ |
| ६. | वातावरण संरक्षणसँग सम्बन्धित सन्देशमूलक प्रचार सामाग्री प्रकाशन | पटक | ० | ३ | ५ | ६ |
| ७. | हरियाली प्रवर्द्धनका लागि पार्क निर्माण | संख्या | २ | १० | १६ | २० |

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ८३२०८२/ ८३ |
| ८. | पोखरी, ताल, जलाशयको संरक्षण र निर्माण | संख्या | ५ | ७ | १० | ११ |
| ९. | फोहरमैला व्यवस्थापन योजना/नीति निर्माण | संख्या | ० | १ | १ | १ |
| १०. | निरन्तर सरसफाई अभियान कार्यक्रम (मासिक) | संख्या | ० | ३६ | ६० | ६५ |
| ११. | फोहरमैला व्यवस्थापन समिति | संख्या | १ | ७ | ७ | ७ |
| १२. | फोहरमैला व्यवस्थापनको लागि ल्याण्ड फिल्ड साइट छनौट र अध्ययन | संख्या | ० | १ | १ | १ |

**प्रमुख कार्यक्रम**

- भू–उपयोग नीति/योजना तर्जुमा कार्यक्रमा।
- हरियाली प्रवर्द्धन तथा पार्क निर्माण कार्यक्रम (सबै वडाहरुमा)।
- प्लास्टिकजन्य वस्तुहरूको प्रयोग न्यूनीकरण गर्ने तथा प्लाष्टिकजन्य फोहरमुक्त क्षेत्र घोषणा कार्यक्रम।
- विषादी एवं रासायनिक पदार्थ प्रयोगमा न्यूनीकरण कार्यक्रम।
- वातावरण संरक्षण नीति तथा कार्यविधि निर्माण।
- डोजर संचालन तथा व्यवस्थापन कार्यविधि तर्जुमा।
- नदीजन्य पदार्थको उत्खनन र प्रयोग सम्बन्धी कार्यको लागि नीति तथा कार्यविधि निर्माण।
- प्रत्येक मोटर बाटोको छेउँमा वृक्षारोपण गरी हरियाली पथ निर्माण कार्यक्रम।
- डढेलो नियन्त्रणका लागि जनशक्ति निर्माण कार्यक्रम।

- आगजनी र वायु प्रदुषणले वातावरणमा पार्ने प्रभाव रोक्न सचेतना कार्यक्रम ।
- सार्वजनिक स्थान तथा नदी किनारामा वृक्षारोपण कार्यक्रम ।
- फोहरमैला व्यवस्थापन योजना तथा नीति निर्माण ।
- फोहरमैला व्यवस्थापन सचेतना कार्यक्रम ।
- फोहरमैला व्यवस्थापन संकलन केन्द्रहरु तोक्ने र उपकरण खरिद कार्यक्रम ।
- ल्याण्ड फिल्ड साइट अध्ययन–डि.पि.आर. ।
- साँस्कृतिक तथा धार्मिक केन्द्र, बजार केन्द्र तथा बस स्टेशन (बस बिसौनी, जीपपार्क) मा सार्वजनिक शौचालय निर्माण कार्यक्रम ।
- प्रत्येक घर घरमा एक घर एक टोकरी कार्यक्रम । ड्ड निरन्तर सरसफाई अभियान कार्यक्रम ।

## ७.३ जैविक विविधता

राप्ती सोनारीगाउँपालिका समुन्द्र सतहबाट १२३६ मीटरको उचाइसम्म रहेको र क्षेत्रफलको हिसाबमा १०४१.८२ वर्ग किलोमिटर क्षेत्रफल भित्र फैलिएको कारणबाट हावापानी, वनस्पती, वन्यजन्तु तथा चराचुरुङ्गीहरुमा विविधता रहेको छ । समशीतोष्ण हावापानी भएको राप्ती सोनारी गाउँपालिकामा वार्षिक औषत वर्षा १३१७ मि.लि.र वार्षिक औषत तापक्रम २५ डिग्री सेल्सीयस रहन्छ ।यस पालिकाको बीच भागबाट बाह्रै महिना अबिरल रुपमा बहने राप्ती नदीले उष्णयाममा पनि स्थानीयवासीलाई केही शीतलता प्रदान गर्दछ । राप्ती र बबई नदी बिचको चुरे पहाड, नदी तटीय स–सना उपत्यकाहरु र भावर तथा तराईको समथर भू बनोटमा फैलिएको र यस पालिकाको अधिकांश भाग ओगटेको बाँके राष्ट्रिय निकुञ्ज जैविक विविधताको दृष्टिले अत्यन्त महत्वपूर्ण छ । यस निकुञ्जमा आठवटा पारिस्थितिकीय प्रणाली, १२४ वनस्पति प्रजाति, ३०० भन्दा बढी प्रजातिका पन्छी, ५८ प्रजातिका माछा, ३२ प्रजातिका स्तनधारी, २२ प्रजातिका सरीसृप तथा छ प्रजातिका उभयचरहरु पाइन्छन् । सालक, हुँडार, चौका, जङ्गली हात्ती र पाटेबाघ जस्ता संरक्षित स्तनधारी वन्यजन्तु, कालो गरुड र राजधनेशजस्ता पन्छी र अजिङ्गर, सुनगोहोरो जस्ता संरक्षित घस्रने वन्यजन्तु यस निकुञ्जमा रहेका छन् । जिकुञ्जमा बाघ र हात्ती सहित चित्तल, जरायो, लगुना, बँदेल, नीलगाई, चितुवा, भालु लगायतका जनावर छन् । यस क्षेत्रमा ११ प्रजातिका दुर्लभ तथा सङ्कटापन्न स्तनधारी र ५० प्रजातिका अन्तर्राष्ट्रिय स्तरमै दुर्लभ मानिएका पन्छी अभिलेख गरिएका छन् । बर्दिया राष्ट्रिय निकुञ्जसँग पनि जोडिएको हुँदा ठूला वन्यजन्तुका लागि यो महत्वपूर्ण वासस्थान पनि हो । जंगल क्षेत्रको ९० प्रतिशत भाग साल, कर्मा, खयर र सिसौ जातका रुखहरुले भरिएको छ । वातारण संरक्षणमा एक महत्वपूर्ण कोसेढुङ्गा मानिएको बाँके राष्ट्रिय निकुञ्जको अद्वितीय र अनुपम जैविक विविधता संरक्षण गर्ने मूल उद्देश्य रहेको छ ।राष्ट्रिय निकुञ्ज तथा आसपासका अन्य सामुदायिक क्षेत्रमा पनि विभिन्न प्रजातीका वन्यजन्तु र चराहरु पाइन्छन् ।

।

यस पालिकाको वडा नं.९ ढकेरीमा संघीय सरकार मातहत वनस्पति उद्यान सञ्चालनमा रहेको छ। ५ हेक्टर क्षेत्रफलमा फैलिएको यस उद्यानमा करिब ४०० प्रजातिका वनस्पति रहेका छन्। यी मध्ये १२१ प्रजातिका झार वनस्पति, बुट्यान प्रजातिका ८३, रुख प्रजातिका ५६ र २९ प्रजातिका लहराहरु संरक्षण गरिएको छ।

## अवसर र चुनौति

### अवसर

- बाँके राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र (विभिन्न प्रजातीका वन वनस्पति, चराचुरुङ्गी तथा जीवजन्तुहरु) ड्ड विभिन्न ७४ वटा सामुदायिक वन (विभिन्न प्रजातीका वन वनस्पति, चराचुरुङ्गी तथा जीवजन्तुहरु)
- राष्ट्रिय वनस्पति उद्यान तथा अनुसन्धान केन्द्र (विभिन्न प्रजातीका जडिबुटी तथा विरुवाहरु)।
- राप्ती नदी (विभिन्न प्रजातीका माछा, सरिसृप तथा उभयचर प्राणीहरु)।
- तीन वर्ग किलोमिटरमा फैलिएको र सीमसार क्षेत्रको रुपमा रहेको खर्चे तालमा अजिंगर, गोही र माछाको वासस्थान छ।
- सिक्टा सिँचाई बाँधमा गोही लगायतका जलचर प्राणी तथा जीवजन्तुहरु छन्।
- अन्य तालहरु (कुण्डा ताल, पोखरा ताल आदिमा विभिन्न प्रजातीका माछा तथा जीवजन्तुहरु छन्)। अवसर
- जलवायु तथा जैविक विविधताले भरिपूर्ण यस पालिकामा वन्यजन्तु, चराचुरुङ्गी,वन वनस्पति एवं औषधीजन्य जडिबुटीको संरक्षण र प्रवर्द्धन गर्न सकेमा पालिकावासीहरुको जीवनस्तरमा सुधार आउने।
- पर्या–पर्यटनको माध्यमबाट आय–आर्जन गर्न सकिने।
- जैविक विविधताको संरक्षण एवं प्रवर्द्धनबाट रोजगारी सिर्जनाका साथै वातावरण सन्तुलन कायम गर्न सकिने।

### चुनौती

- जल तथा जलाधार क्षेत्रको योजनाबद्ध संरक्षण र प्रवर्द्धन गर्ने।
- वन्यजन्तु र चराचुरुङ्गीहरुको अबैध चोरी शिकारी नियन्त्रण गर्ने।
- मानव र वन्यजन्तु बीच पारस्परिक सह–अस्तित्वको सम्बन्ध कायम गर्ने।
- वन्यजन्तुबाट हुने मानवीय क्षति र बालीनालीको नोक्सानी नियन्त्रण गर्ने।
- वन्यजन्तुहरु उपर मानवीय पक्षबाट हुने हानी नोक्सानी नियन्त्रण गर्ने।

- वनजन्य वनस्पती र जडिबुटीहरुहरुको अवैध चोरी नियन्त्रण गर्ने ।

**सोच**

वातावरण सन्तुलनका लागि जैविक विविधताको संरक्षण र प्रवर्द्धन ।

**उद्देश्य**

- जैविक विविधताको संरक्षण गर्दै उत्पादन र उत्पादकत्व बढाई समन्यायिक वितरण गर्ने ।

**रणनीति**

- वनस्पति, वृक्ष, जडिबुटी, लोपोन्मुख र अन्य प्रजातीका चरा तथा जनावरको सुरक्षित आश्रय स्थल बनाउने र संरक्षण गर्ने ।
- विद्यमान मानव तथा वन्यजन्तु बीचको असहज सम्बन्धमागम्भिर भई पारस्परिक सह–अस्तित्वको रुपमा पुनस्थापित गर्न प्रयत्नशील रहने ।

**प्रमुख नतिजा सूचक**

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ८३२०८२/८३ |
| १. | जोखिममा रहेका दुर्लभ वनस्पति कार्य योजना निर्माण | संख्या | ० | १ | १ | १ |
| २. | जैविक विविधता संरक्षण सम्बन्धी स्थानीय नीति तर्जुमा | संख्या | ० | १ | १ | १ |
| ३. | वन्य–जन्तुबाट आक्रमण भई मानव मृत्यु वार्षिक | संख्या | ४ | ० | ० | ० |

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ८३२०८२/८३ |
| ४. | वन्य–जन्तुबाट आक्रमण भई मानव घाइते वार्षिक | संख्या | ३० | २० | १० | ५ |
| ५. | सडकमा गुड्ने गाडी तथा मानिसद्वारा प्रत्याक्रमण हुँदा मारिने जनावर (वार्षिक औषत ) | संख्या | ४७ | ३० | २० | १० |
| ६. | पोखरी, ताल, जलाशयको संरक्षण र निर्माण | संख्या | ५ | ७ | १० | १२ |
| ७. | वन्यजन्तु, चराचुरुङ्गी र जडिबुटीको तथ्यांक संकलन र अभिलेखीकरण | संख्या | ० | १ | २ | २ |
| ८. | मानव र जंगली जनावर बीचको द्धन्द निराकरण नीति निर्माण | संख्या | ० | १ | १ | १ |
| ९. | मानव–वन्यजन्तु द्वन्द्व भएका स्थानहरुमा पूर्वसूचना प्रणाली जडान | संख्या | ० | १ | १ | १ |

**प्रमुख कार्यक्रमहरु**

- जैविक विविधता झल्काउने वनस्पति उद्यान निर्माण कार्यक्रम (वडा नं.५)।
- विद्यमान पोखरीहरुको संरक्षण कार्यक्रम
- विद्यमान जडिबुटी तथा वन्यजन्तु एवं पंक्षी प्रजातीको अध्ययन अनुसन्धान तथा अभिलेखीकरण कार्यक्रम।
- जडिबुटी पहिचान तथा संरक्षण कार्यक्रम।

- वन्यजन्तु तथा पंक्षी संरक्षण कार्यक्रम ।
- वन उपभोक्ता समितिलाई जैविक विविधता संरक्षण र प्रवर्द्धन गर्न जनचेतना/अभिमुखीकरण कार्यक्रम ।
- जैविक विविधता संरक्षण र प्रवर्द्धनका लागि कानून, कार्यविधि निर्माण ।
- पर्या–पर्यटनको पूर्वाधार तयार गर्न पर्यटन योजना निर्माण कार्यक्रम ।
- खर्चे ताल संरक्षण कार्यक्रम ।
- कम्दी करिडोर जोड्ने जैविक मार्गमा सामुदायमा आधारित कृषि वन सम्भाव्यता अध्ययन कार्यक्रम ।

## ७.४ पार्क तथा खुल्ला क्षेत्र

### पृष्ठभूमि

पोखरी, चौतारी, खुला चउर, पार्क तथा पिकनीक स्थल बालबालिका, युवा तथा जेष्ठ नागरिकका लागि खाली समय व्यतित गर्ने, मनोरञ्जन गर्ने सामाजिक मिलन केन्द्रहरु हुन् । पार्क तथा यस्ता खुला क्षेत्रहरु आकर्षक बनाउन सके वातावरण सन्तुलनमा सघाउ पुग्नुका साथै पर्यटकहरुको मनोरञ्जन ९च्भअचअबतष्यलब०ि गर्ने स्थल भई उनीहरुको यस तर्फ आकर्षण हुन सक्दछ । यसको अतिरिक्त प्राकृतिक प्रकोपको बेला यस्ता क्षेत्रहरु तत्कालका लागि मानवीय आश्रय स्थलको रुपमा प्रयोगमा ल्याइने हुँदा योजनामा यस्ता क्षेत्रको महत्व हुनु स्वभाविकै हो ।

राप्ती सोनारी गाउँपालिकाको वडा नं.९ स्थित ढकेरीमाराष्ट्रिय वनस्पति उद्यान तथा अनुसन्धान केन्द्र रहेको छ । यस उद्यानका अतिरिक्त वडा नं.३ को बैसानामा थारु संग्रहालय तथा पिकनिक पार्क, वडा नं.६ मा शहीद स्मृती पार्क, वडा नं.८ को शम्शेरगञ्जमा पर्यटकीय पार्क, वडा नं.९ को ढकेरीमा रिम्ना पिकनिक पार्क लगायतका पार्कहरु निर्माण भई सञ्चालनमा रहेका छन् ।गाउँपालिकाको कूल भू–भागको ५.८७% घासे मैदान तथा बुट्यान क्षेत्र मध्ये उक्त क्षेत्रको २०% क्षेत्रमा पोखरी, चौतारी, पार्क र पिकनिक स्थलहरु निर्माण गर्दा बालबालिका, युवा, प्रौढहरु र पर्यटकहरुका लागि यस्ता स्थानहरु मनोरञ्जनका केन्द्र हुन सक्दछन् । यसका साथै यस्ता पार्कहरु प्रकोपको बेला मानवीय क्षति हुनबाट बचाउने आश्रय स्थल हुनुका साथै वातावरण सन्तुलनमा समेत कामयावी हुन सक्दछन् ।

### अवसर र चुनौति

#### अवसर

- खाली चौर र खुल्ला भू–भाग उल्लेख्य हुँदा यस्ता खुला क्षेत्र व्यवस्थित गरी बालबालिका, युवा तथा ज्येष्ठ नागरिकका लागि मनोरञ्जन केन्द्र बनाउन सकिने ।
- वातावरण सन्तुलनका लागि सहयोगी हुने ।

- प्राकृतिक प्रकोप को बेला आश्रय स्थल बनाई मानवीय क्षति कम गर्न सकिने ।
- मनोरञ्जन स्थल भै पर्यटक समेत आकर्षित हुने ।

## चुनौती

- सार्वजनिक जमिनहरुको अतिक्रमण रोक्ने ।
- व्यवस्थित पार्कहरु निर्माणका लागि आवश्यक साधन श्रोतको व्यवस्थापन गर्ने ।

## सोच

स्वच्छ वातावरण, आकर्षक पार्क; विपद् व्यवस्थापन तथा पर्यटनको पूर्वाधार ।

## उद्देश्य

- राप्ती सोनारीलाई स्वच्छ वातावरण र मनोरम केन्द्रको रुपमा विकास गर्ने ।

## रणनीति

- पार्क तथा खुला क्षेत्रको निर्माण तथा व्यवस्थापन गरी प्रत्येक वस्तीलाई मनोरम बनाउने र आपत्कालीन अवस्थामा आश्रय केन्द्रको रुपमा स्थापित गर्ने ।
- प्रत्येक वार्डमा कम्तिमा एक वडा एक पार्क निर्माणको नीति लिइनेछ ।

## प्रमुख नतिजा सूचक

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ८३२०८२/८३ |
| १. | पार्क तथा खुल्ला क्षेत्र संरक्षण तथा प्रवर्द्धन | हेक्टर | - | ५०० | ७०० | ८०० |

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ८३२०८२/ ८३ |
| २. | वनस्पति उद्यान | संख्या | १ | २ | २ | २ |
| ३. | पिकनिक स्थल | संख्या | ३ | ५ | ६ | ७ |
| ४. | सार्वजनिक जग्गा संरक्षण नीति तर्जुमा | संख्या | ० | १ | १ | १ |
| ५. | पार्क निर्माण | संख्या | २ | १० | १६ | १८ |
| ६. | बाल उद्यान | संख्या | ० | १ | १ | १ |

**प्रमुख कार्यक्रम**

- सतिभवानी मन्दिर परिसरमा पार्क निर्माण कार्यक्रम (वडा नं.१)।
- बाँके शहीद स्मृती पार्क स्तरोन्नती कार्यक्रम (वडा नं.६)।
- अमुवा खोला झरनाको दृष्य देखिने पिकनिक स्थल निर्माण कार्यक्रम (वडा नं.६)।
- पोखरा माता मन्दिर परिसर भित्र पार्क निर्माण कार्यक्रम (वडा नं.७)।
- पर्यटकीय पार्क स्तरोन्नती कार्यक्रम (वडा नं.८, शम्शेरगञ्ज)
- हात्तीसार पार्क निर्माण कार्यक्रम (वडा नं.९)।
- बैसा पार्कमा पिकनिक स्थल सेड र अन्य पूर्वाधार निर्माण कार्यक्रम।
- वडा नं.१ मा पिकनिक स्थल सेड र अन्य पूर्वाधार निर्माण कार्यक्रम।
- बालमैत्री बाल–उद्यान निर्माण (वडा नं.४ मा)।
- पार्क निर्माण कार्यक्रम (वडा नम्बर १–९ सम्म)।
- वनस्पति उद्यान निर्माण कार्यक्रम (वडा नम्बर ५ मा)।

## ७.५ सीमसार तथा जलाधार क्षेत्र

## पृष्ठभूमि

राप्ती सोनारी गाउँपालिका समशीतोष्ण हावापानी क्षेत्रमा पर्दछ। चुरे तथा भावरमा समशीतोष्ण प्रजातिका रुख विरुवाहरु भएको कारणले यस क्षेत्रमा उल्लेख्य पानीका श्रोत तथा मूलहरु छैनन्। त्यसैले चुर भावर जलाधार क्षेत्रबाट उत्तर दक्षिण तिर बग्ने खोलाहरु बर्खायाममा मात्र पानीले भरिन्छन् र सुख्खायाममा प्रायश: सुख्खा नै रहन्छन्। पालिकाको बीच भागबाट बग्ने राप्ती नदी प्यूठान जिल्लाको झिमरुक र माडी जस्ता ठूला खोलाहरुको संगमबाट दक्षिण पश्चिम बहदै आएकोछ। यसको जलाधार क्षेत्रमा नदीका दुबै तर्फका भिराला धरातल तथा चुरे एवं होचा पहाडहरु पर्दछन्। यस गाउँपालिकाका अधिकांश मानिस तथा घरपालुवा जनावरहरुलाई भूमिगत पानीको श्रोत (ट्युबेल) बाट पिउने पानीको व्यवस्थापन गरिएको छ भने सिँचाई सुविधा तर्फ बोरिङ तथा स्यालो ट्युबेल अधिकतम रुपमा प्रयोग हुनका साथै हाल राप्ती सतह सिँचाई तथा लिफ्टीङ प्रणालीबाट समेत सिँचाई सुविधा उपलब्ध भइरहेकोछ। यस पालिकामा विभिन्न सीमसार क्षेत्रहरु समेत रहेका छन् तरयस्ता महत्वपूर्ण जलाधार तथा सीमसार क्षेत्रहरुको उचित संरक्षण गरी पानीको उचित व्यवस्थापन र जैविक विविधताको संरक्षण गर्न सकिएको अवस्था छैन। यस पालिकामा निम्नानुसारका सीमसार तथा जलाधार क्षेत्रहरु छन्।

## अवसर तथा चुनौति

### अवसरहरु

- जंगल क्षेत्रको भूभाग उल्लेख्य हुँदा सीमसार/जलाधार क्षेत्रलाई टेवा पुगेको।
- सीमसार क्षेत्रमा पानी दिगो रुपमा रहने पोखरीहरु बनाई थुप्रै प्रजातिका जीवजन्तुको बसाईसराई र लुप्तता रोक्न सकिने।
- सीमसार र जलाधार क्षेत्रको संरक्षण गरी ठूला ताल पोखरी निर्माण गरी पिउने पानी र सिंचाई प्रणाली व्यवस्थित गर्न सकिने।
- पानीका मूल फुटाउने खालका विरुवाहरुको पहिचान गर्दै वृक्षारोपण गरी श्रोत बढाउन सकिने अवस्था रहेको।

## चुनौती

- सडक निर्माण गर्दा सीमसार तथा जलाधार क्षेत्रमा पर्ने प्रभाव सम्वन्धी वातावरणीय प्रभाव मूल्याङ्कनलाई कार्यान्वयन गर्ने।
- जलवायु परिवर्तनमा अनुकूलन कायम गर्ने।
- सीमसार तथा जलाधार क्षेत्र सम्बद्ध सार्वजनिक जग्गा संरक्षण गर्ने।

**सोच**

संरक्षित मूल, सीमसार तथा जलाधार;जलवायु अनुकूलनको आधार।

**उद्देश्य**

- सीमसार तथा जलाधार क्षेत्रको संरक्षण र व्यवस्थापन गरी पानीका श्रोतहरुको संरक्षण तथा प्रवर्द्धन गर्ने।

**रणनीति**

- वातावरणमैत्री सीमसार र जलाधार क्षेत्र संरक्षण गरी पारिस्थितिक प्रणाली मा सन्तुलन कायम गर्दै यस्ता श्रोतको समुचित उपयोग गर्ने।

**प्रमुख नतिजा सूचक**

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ८३२०८२/८३ |
| १. | सीमसार क्षेत्रको संरक्षण तथा प्रवर्द्धन | संख्या | - | ४ | ६ | ७ |
| २. | जलाधार क्षेत्रहरुको संवेदनशीलता मापदण्ड र सूचक तर्जुमा | संख्या | ० | १ | १ | १ |
| ३. | पोखरी, ताल, जलाशयको संरक्षण र निर्माण | संख्या | ५ | ७ | १० | ११ |
| ४. | विद्यमान सीमसार क्षेत्रमा जलभण्डार अध्ययन | संख्या | ० | १ | १ | १ |

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ८३२०८२/ ८३ |
| ५. | संवेदनशील र संरक्षित जलाधार क्षेत्रको व्यवस्थापकीय योजना तर्जुमा | संख्या | ० | १ | १ | १ |

**प्रमुख कार्यक्रम**

- विभिन्न स्थानहरुमा पोखरी निर्माण कार्यक्रम ।
- पानीका मूल भएका स्थानहरुमा वृक्षारोपण कार्यक्रम ।
- जलाधार क्षेत्र संरक्षण कार्यक्रम ।
- विद्यमान सीमसार क्षेत्रमा जलभण्डार अध्ययन तथा निर्माण कार्यक्रम ।
- अन्य तालहरुको संरक्षण कार्यक्रम ।

## ७.६ जलवायु परिवर्तन तथा अनुकूलन

### पृष्ठभूमि

वन अतिक्रमण गरी काठहरुको चोरी निकासी, चुरे विनास, जैविक विविधताको विनास, प्राकृतिक प्रकोप, शहरीकरण, औद्योगीकरण तथा जलाधार क्षेत्रको संरक्षण नहुनाले जलवायु परिर्वतन र अनुकूलनमा प्रभाव पारी अतिवृष्टि, अनावृष्टि हुने, तापक्रम बढ्ने, मौसम परिवर्तन हुने, हावापानी प्राणी र वनस्पतीको जीवनमैत्री नहुने हुन्छ । हावापानी अनुकूलन नभए प्राणी, वनस्पती, कृषि उत्पादनलाई असर गर्छ ।

राप्ती सोनारी गाउँपालिकामा जलवायु परिवर्तनको प्रभाव स्पष्ट रुपमा देखा नपरे पनि यसका केही संकेतहरु देखा पर्न थालेका छन् । तापक्रम र वर्षामा आएको भिन्नता, नयाँ–नयाँ किटाणुहरुको उत्पत्ति, लामखुट्टेको उत्पत्ति, पानीका श्रोतहरुमा कमि, रैथाने जातको विउहरुबाट खेती नहुनु आदि जलवायु परिवर्तनका सूचकहरु हुन् । जलवायु परिवर्तनका

यी सूचकहरुले कृषि, वन, वन्यजन्तु तथा चराचुरुङ्गी, मानव वस्ती तथा अन्य क्षेत्रमा पारेको प्रभाव वारे अध्ययन, अनुसन्धान गरी जलवायु अनुकूलन रणनीतिलाई कार्यान्वयन गर्न जरुरी छ।

## अवसर र चुनौती

### अवसर

- जलवायु परिवर्तन सम्बन्धी जनचेतना अभिवृद्धि गरी अनुकूलन कार्यक्रम सञ्चालन गर्न सकिने।
- जलवायु अनुकूलन कार्यक्रम सञ्चालनबाट जैविक विविधता र जलाधार संरक्षण सम्बन्धी कार्य प्रभावकारी बनाउन सकिने।

### चुनौती

- जलवायु परिवर्तनबाट प्राणी, वनस्पती र मानव जातीलाई पार्ने प्रभावका बारेमा अध्ययन गरी वास्तविक स्थिति उजागर गर्ने।
- जलवायु परिवर्तन सम्बन्धी तथ्यांक संकलन गरी अनुकूलन कार्यक्रम सञ्चालन गर्ने।

## सोच

जलवायु अनुकूलन; स्वच्छ वातावरणमा दीगो विकास व्यवस्थापन।

## उद्देश्य

- बढ्दो तापक्रम र जलवायु परिवर्तन न्यूनीकरणका लागि हरियाली प्रवर्द्धन, जैविक विविधता एवं जलाधार क्षेत्रको संरक्षण गरी जलवायु अनुकूलनका लागि टेवा पुऱ्याउने।

## रणनीति

- जलवायु परिवर्तनमा अनुकूलनताप्रवर्द्धन गरी वातावरणमैत्री पालिका बनाउने।

## प्रमुख नतिजा सूचक

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ८३२०८२/८३ |
| १. | हरियाली प्रवर्द्धन | हेक्टर | ८३१३० | ८३१५२ | ८३१६० | |
| २. | पोखरी, ताल, जलाशयको संरक्षण र प्रवर्द्धन | संख्या | ५ | ७ | १० | |
| ३. | जलवायु अनुकूलनका लागि चेतना अभिवृद्धि | प्रतिशत | ५० | ७० | ९० | |
| ४. | परम्परागत उर्जा प्रयोग गर्ने घरधुरी | प्रतिशत | ९१.३ | ७० | ५० | |
| ५. | धुवाँ रहित चुलो प्रयोग गर्ने घरधुरी | प्रतिशत | २० | ५० | ६० | |
| ६. | ठूला आयोजनामा वायो इञ्जिनियरिङ्ग प्रविधिको प्रयोग | संख्या | | २ | २ | २ |
| ७. | जलवायुमैत्री कृषि प्रणाली सम्बन्धी नीति निर्माण | संख्या | ० | १ | १ | १ |
| ८. | जोखिममा रहेका दुर्लभ वनस्पति र वन्यजन्तुहरु संरक्षण गर्न इकोलोजिकल कार्ययोजना निर्माण र कार्यान्वयन | संख्या | ० | १ | १ | १ |
| ९. | जलवायु अनुकूलन घर निर्माण मापदण्ड नीति | संख्या | ० | १ | १ | १ |
| १०. | मौसमी घटनाहरुको अभिलेखीकरण | संख्या | ० | ३ | ५ | ६ |

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ८३२०८२/ ८३ |
| ११. | जलवायु परिवर्तन र अनुकूलन नीति तर्जुमा | संख्या | ० | १ | १ | १ |
| १२. | जलवायु परिवर्तन र अनुकूलन सचेतना कार्यक्रम | संख्या | ० | ३ | ५ | ६ |

**प्रमुख कार्यक्रम**

- जलवायु परिवर्तन र अनुकूलन सम्बन्धी सचेतना कार्यक्रम।
- इकोलोजिकल कार्ययोजना निर्माण र कार्यान्वयन।
- जैविक विविधता र जलाधार क्षेत्रको संरक्षण कार्यक्रम। ड्ड जलवायु तथा मौसम केन्द्रको स्थापना।
- वातावरण प्रभाव मूल्यांकनको प्रभावकारी कार्यान्वयन।
- प्राकृतिक र मानव निर्मित ताल तथा जलाधार क्षेत्र संरक्षण र प्रवर्द्धन कार्यक्रम।
- सुधारिएको चुलो, वायो ग्यास वितरण तथा जडान कार्यक्रम।
- डढेलो नियन्त्रण कार्यक्रम।
- जलवायु अनुकूलन पूर्वाधार निर्माण मापदण्ड/नीति।

## ७.७ विपद् व्यवस्थापन

### पृष्ठभूमि

राप्ती सोनारी गाउँपालिका चुरे र भावर क्षेत्रको काखमा अवस्थित समथर क्षेत्र भएको पालिका हो। यस पालिकाको पूर्व उत्तर सीमाना दाङ्ग तथा सल्यान जिल्लासँग जोडिएको छ र उत्तरी क्षेत्र सम्पूर्ण रुपमा जंगलले ढाकिएको र केही भिरालो पनि छ। बाँके राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र लगायतका विभिन्न वनजंगलहरु, पालिकाको बीच भागबाट अविरल

बगिरहने राप्ती नदी र विशेष गरी उत्तरबाट दक्षिण तिर बग्ने मोराङ्गवा, तीन मुहान, सिघाइया, भैंसा बुडवा, इमालिया, छोटा, उल्टो, बैरिया, गबर, अमृता, गेरुवा, मिमरी, चगाई, परुवा सोता, तरुवा, चिलरिया जस्ता खोलाहरुर यी नदी खोलाका जलाधार क्षेत्रहरु भएको यस पालिकाको हावापानीमा केही विविधता पनि छ। राप्ती नदीमा आउने बाढीबाट डुबान तथा कटान, वर्षायाममा ठाडा खोलाहरुको बाढीबाट हुने क्षति, सडक दुर्घटनाबाट निरन्तर भइरहने धनजनकोक्षति, आगलागीबाट हुने वन, वनस्पति, वन्यजन्तु तथा धनजनको क्षति, जंगली जनावरहरुको आक्रमणबाट हुने धनजनको क्षति, हावाहुरी, चट्याङ,लु जस्ता प्रकोपबाट हुने क्षति, महामारी तथा फैलिने रोगहरुबाट हुने विभिन्न प्रकोपहरुबाट यो पालिका समस्याग्रस्त छ। बाढी तथा डुबानबाट अति जोखिमयुक्त यो पालिकामा २०७१ साल, २०७४ साल र २०७८ सालको बाढी तथा कटानबाटबढी क्षति भएको अवस्था छ। विशेष गरी वडा नं.२, ४, ५, ६ र ७ का अमरुवा, चाचरफर्का, चिलिया, राजपुर, बुद्धचोक, लटकनीया, फत्तेपुर समेतका गाउँहरु कटान डुबानमा पर्दछन्। वर्षायाममाम ठाडा खोलाहरुमा आउँने बाढीबाट पनियस पालिकाका विभिन्न वडाका वस्तीहरु डुबान कटानमा पर्दछन्।

हाल संघीय सरकार, प्रदेश सरकार र स्थानीय स्तरबाट समेत नदी कटान तथा बाढी पस्ने क्षेत्रमा तटबन्ध निर्माण सम्बन्धी कार्यहरु पनि भइरहेको छ रयो कार्य प्रभावकारी रुपमा अगाडी बढाउन जरुरी छ।मध्यवर्ती क्षेत्रको सीमान्त क्षेत्रमा रहेका वडा वस्तीहरु, वडा नं.४ को भाटा क्षेत्र र वडा नं.६ मा समेत विभिन्न जंगली जनावरहरुबाट मानवीय क्षति (घाइते तथा मृत्यु) हुनका साथै बालीनालीको पनि उत्तिकै नोक्सानी हुने गर्दछ। यद्यपी उपलब्ध साधन श्रोतको आधारमा जंगल किनारहरुमा तारजाली घेरावार निर्माण सम्बन्धी कार्य अगाढी बढाइएको छ तर श्रोत न्यून रहँदा यो कार्यलाई प्रभावकारी बनाउन सकिएको छैन। यस पृष्ठभूमिमा पालिकाले विपद् व्यवस्थापन योजना निर्माण गरी विपद् प्रतिकार्य, पुनरुस्थापन र पुनर्निमाणका कार्यहरु तर्फ योजनाबद्ध ढङ्गले लाग्नु पर्दछ। यस पालिकामा विगत २ वर्ष देखि विपद् व्यवस्थापनमा क्षमता अभिवृद्धि मार्फत उत्थानशील समुदाय परियोजना विशेष गरी पालिकाको वडा नं.६ र ७ मा) सञ्चालनमा रहयो।

यो पालिका सर्पदशंबाट पनि सुरक्षित छैन। पालिकाको वडा नं.८ को शम्शेगञ्जमा नेपाली सेना र स्थानीय समुदायको सक्रीयतामा विगत वर्षहरु देखि सर्पदंश उपचार केन्द्र स्थापना गरी सञ्चालनमा ल्याएको अवस्था छ। तर आवश्यक पर्ने अक्सिजन तथा भेन्टीलेटर लगायतका उपकरण, दक्ष जनशक्ति र श्रोतको अभाव देखिदा सो को व्यवस्थापन हुन जरुरी देखिएको छ। विपद्को समयमा तत्काल मानवीय उद्धारका लागि केही सुरक्षित स्थानको जरुरी हुन्छ। यस्ता स्थानमा विपद् पीडित व्यक्तिहरुलाई तत्कालै स्थानान्तरण गरी जीवन बचाउन विशेष प्रथमिकता दिनुपर्दछ। यस पालिकामा देहायका खाली स्थानहरु सुरक्षित क्षेत्रको रुपमा रहेको अध्ययनको क्रममा देखिएको छ।

## अवसर तथा चुनौती

### अवसर

- विपद् व्यवस्थापनमा सरोकारवाला संघ–संस्था, जनप्रतिनिधि एवं कर्मचारीहरूको सक्रिय सहभागिता रहेको

- बिपद् ब्यबस्थापन योजना, प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयन गरी क्षति न्यूनीकरण गर्न सकिने अवस्था रहेको
- आपतकालिन समयमा सहयोग/परोपकार गर्ने संस्कृति विद्यमान रहेको।
- ९ वटै वडामा विपद् व्यवस्थापन समितिको गठन र विपद् संकटासन्नता नक्सांकन तयार भएको।
- पूर्व सूचना प्रणाली सञ्चालनका लागि सामाग्री, सूचना बोर्ड तथा केही ठाउँमा आपत्कालीन साइरन जडान गरिएको।
- आपत्कालीन अवस्थामा नेपाली सेना, ससस्त्र प्रहरी तथा जनपद प्रहरी, नेपाल रेडक्रस सोसाइटी तथा विभिन्न सामाजिक संघ–संस्थालाई तुरुन्त परिचालन गर्न सक्ने स्थिति विद्यमान रहेको।

### चुनौती

राप्ती नदीबाट हुने डुबान तथा कटानबाट मासरुपमा पीडित हुने जनतालाई तत्काल उद्धारका लागि आश्रय दिने कार्य र कटान रोक्ने कार्य।

- विपद् सूचना केन्द्र, विपद सूचना साबधानी जस्ता यन्त्र साधनहरूको व्यवस्थापन गर्ने कार्य
- मानव सिर्जित कारणबाट हुने घटनालाई व्यवस्थापन गर्ने।
- ट्राफिक सतर्कता र आगलागी, फोहरमैला आदिबाट पर्ने असरका सम्बन्धमा व्यापक जनचेतना वृद्धि गर्ने।
- भूकम्प, चट्याङ जस्ता विपदका घटना घट्दा अपनाउनु पर्ने सतर्कता सम्बन्धी जनचेतना वृद्धि गर्ने।
- वन्यजन्तु आक्रमणबाट हुने मानवीय तथा धनसम्पत्तिको क्षति नियन्त्रण गर्ने।

### सोच

विपद व्यवस्थापनमा सशक्त तयारी; विपद् उत्थानशील राप्ती सोनारी।

### उद्देश्य

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न विपद् उत्थानमैत्री पद्धतिको सुदृढ़ीकरण गर्ने।

### रणनीति

- विपद् जोखिम तथा क्षति न्यूनीकरण गरी उत्थानशीलता अभिवृद्धि गर्ने।
- अति जोखिमयुक्त प्रकोपहरुलाई न्यूनीकरण गर्न समन्वयात्मक रुपमा साधन श्रोतको परिचालन गर्ने।

### प्रमुख नतिजा सूचक

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ८३२०८२/ ८३ |
| १. | वन्यजन्तु आक्रमणबाट मानवीय क्षति (मृत्यु) | संख्या | ४ | ० | ० | ० |
| २. | वन्यजन्तु आक्रमणबाट मानवीय क्षति (घाइते) | संख्या | ३० | २० | १० | ५ |
| ३. | वन्यजन्तुबाट बालीनाली क्षति | हेक्टर | ५ | ३ | १ | ० |
| ४. | तालिम प्राप्त स्वयं सेवक समूह | संख्या | ० | ३ | ७ | ८ |
| ५. | विपद् व्यवस्थापन समिति | संख्या | १ | १ | १ | १ |
| ६. | विपद् व्यवस्थापनका लागि गठन गरिएका वार्ड प्रतिकार्य इकाई | संख्या | २ | ६ | ९ | ९ |
| ७. | विपद् व्यवस्थापन योजना तर्जुमा | संख्या | ० | १ | १ | १ |
| ८. | वडागत विपद् प्रतिकार्य योजना | संख्या | २ | ५ | ९ | ९ |
| ९. | खुल्ला क्षेत्र र सुरक्षित स्थल | संख्या | ९ | १४ | २० | २५ |
| १०. | जोखिमपूर्ण स्थानमा साइरन (सूचना प्रणाली) | संख्या | २ | ४ | ५ | ६ |
| ११. | राप्ती नदी तटबन्ध निर्माण | कि.मी. | १० | १४ | १८ | २० |
| १२. | ठाडा खोला तटबन्ध निर्माण | कि.मी. | २ | ७ | १२ | १४ |

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ८३२०८२/ ८३ |
| १३. | विपद् पश्चात आश्रयको लागि बहुउद्देश्यीय भवन निर्माण | संख्या | ५ | ७ | ७ | ७ |

प्रमुख कार्यक्रम

- समग्र पालिकाको विपद् व्यवस्थापन योजना तर्जुमा।
- राप्ती नदी नियन्त्रण कार्यक्रम वडा नम्बर १, २, ३, ४, ५, ६, ७
- नदी कटान/डुबानबाट प्रभावित वडा नं.२ को अमरुवा वस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्यक्रम।
- विपद् व्यवस्थापनका लागि वडागत प्रतिकार्य योजना निर्माण (९ वटै वडामा)
- विपद्को समयमा तत्काल आश्रयको लागि बहुउद्देश्यीय भवन निर्माण (वडा नं. २ र ६ मा)।
- खाद्य कपडा र भाँडावर्तन बैंक स्थापना कार्यक्रम।
- गाउँ बिपद् ब्यबस्थापन समिति र वडा विपद् व्यवस्थापन समितिहरुको क्षमता विकास कार्यक्रम
- विपद् नक्सांकन कार्यक्रम
- डढेलो नियन्त्रण कार्यक्रम
- आपत्कालीन अवस्थामा परिचालित हुन तालिमयुक्त जनशक्ति तयारी।
- आपत्कालीन अवस्थामा शीघ्र सूचना तथा सञ्चार प्रणालीव्यवस्थापन कार्यक्रम।
- प्रत्येक वडामा विपद् व्यवस्थापन कोषको स्थापना (९ वटै वडाहरुमा)।
- वन्यजन्तु नियन्त्रका लागि तारजाली/घेरावार कार्यक्रम (वडा नं.१, २, ४, ६, ८, ९)।
- सर्पदंश उपचार केन्द्र प्रवर्द्धन कार्यक्रम (वडा नं.८, शम्शेरगञ्ज)।
- प्रकोप न्यूनीकरणका लागि जनचेतना कार्यक्रम।

## ८. वन तथा वातावरण क्षेत्रको मध्यमकालीन बजेट खाका

रु. लाखमा

| आर्थिक वर्ष | विनियोजन तथा प्रक्षेपण | | |
|---|---|---|---|
| | चालु खर्च | पुँजीगत खर्च | जम्मा |
| २०८०/८१ | १५०० | – | १५०० |
| २०८१/८२ | १५०० | – | १५०० |
| २०८२/८३ | १५०० | – | १५०० |

## ९. जोखिम तथा अनुमान

वन तथा वातावरण क्षेत्रा योजनाले लिएका लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि सहयोगी अवस्था सिर्जना भइरहने अपेक्षा गरिएको छ । सार्वजनिक निकाय लगायत यस गाउँपालिकामा रहेका निजी र गैर सरकारी क्षेत्रको तत्परता तथा सक्रीयता रहनेछ । सामुदायिक क्षेत्र तथा वातावरण संरक्षणका लागि सार्वजनिक निजी साझेदारी तथा सहकार्य निरन्तर कायम रहनेछ । स्रोत साधन अपेक्षितरुपमा परिचालन हुनेछ र अन्तरसरकार साझेदारी तथा सहकार्य थप मजवुत भई  सेवा प्रवाह तथा सशासन अभिवृद्धि हुने अनुमान गरिएको छ ।

# परिच्छेद ८: संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन र अन्तरसम्बन्धित विषय क्षेत्र

## ८.१ सस्थागत सुशासन तथा क्षमता विकास

### पृष्ठभूमी

गाउँपालिकावाट गरिने सेवा प्रवाहमा जनताको समान र सहज पहूँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गराउन समय समयमा सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परिक्षण, सामाजिक परीक्षण जस्ता क्रियाकलापहरु सञ्चालन गरिएता पनि पर्याप्त भने छैनन् । गाउँपालिकाबाट सञ्चालन गरिने गतिविधिको वारेमा गाउँपालिकाको वेवसाईट, बुलेटिन तथा प्रत्यक्ष जनताहरुसँग छलफलका कार्यक्रमहरु सञ्चालन गरी जानकारी गराउने गरिएको भएता पनि आगामी दिनहरुमा यसलाई अझ बढी प्रविधिमैत्री तथा भरपर्दो वनाउदै लैजानु पर्ने हुन्छ ।

गाउँपालिकाबाट हुने सेवा प्रवाहमा देखिने अनियमितता, ढीलासुस्ति, बिकृति र बिसंगतिको अन्त्य गरी भ्रष्टाचारमुक्त गाउँपालिका निर्माणको महान कार्यमा राप्ती सोनारी गाउँपालिका अगाडी बढिरहेको छ । पालिकाबाट प्रवाह हुने सेवा सुबिधालाई कानून सम्मत ढंगले सरल, सहज र पारदर्शी बनाई जनप्रतिनिधि र कर्मचारीहरुलाई जनमुखी, उत्तरदायी र जिम्मेवार बनाई सुशासनको प्रत्याभुती हुने गरी  कार्यक्रमहरु सञ्चालन गरिनु पर्दछ । आगामी दिनहरुमा राप्ती सोनारी गाउँपालिका भ्रष्टाचारको क्षेत्रमा शून्य सहनशीलताको नीति अवलम्बन गरी सुशासन कायम गर्न प्रतिबद्ध हुनुपर्दछ ।

सञ्चारका माध्यमहरु जस्तै स्थानीय रेडीयो, पत्रपत्रिका, कार्यालयको सूचना पाटी, कार्यालयबाट प्रकाशन गरिने बुलेटिन तथा गाउँपालिकाकै वेभसाईट सूचना प्रवाहका प्रमुख माध्यमहरु भएकोले सञ्चार माध्यमको प्रयोग गरी पालिकनबाट भएगरेका गतिविधिहरु जनसमक्ष पुर्याउनु पर्ने दायित्व स्वयं गाउँपालिकाको हुन्छ । राप्ती सोनारी गाउँपालिकाका जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको क्षमता, ज्ञान, दक्षता, शैक्षिक योग्यता सम्वन्धी डाटा वेस तैयार भैनसकेको अवस्था छ । संगठन विकासको लागि हालसम्म गाउँपालिकाको रणनीतिक एवं जनशक्ति विकाश योजना वनिसकेको छैन ।  हरेक वर्ष क्षमता विकासको निम्ति केही रकम वार्षिक वजेटवाट छुट्याइएको देखिन्छ । सो बजेटवाट क्षमता अभिबृद्धि सम्वन्धी केही कार्यक्रमहरु सञ्चालन गरिएता पनि यो पर्याप्त छैन । परिणाममुखी र जनसेवी सार्वजनिक प्रशासन तथा विकास व्यवस्थापन भन्ने सोँच सहित जवाफदेही, व्यवसायिक र सक्षम सार्वजनिक प्रशासनबाट सार्वजनिक सेवा प्रतिको जनविश्वास अभिवृद्धि गर्ने र विकासलाई नतिजा मूलक बनाउने लक्ष्य पन्ध्रौ योजनाले लिएको छ ।

कर्मचारी समायोजनको कार्य सम्पन्न भै राप्ती सोनारी गाउँपालिकाले संगठन तथा व्वस्थापन अध्ययन गरीसकेको तर स्विकृत भै नसकेको अवस्था छ । अत नेपाल सरकारबाट तत्कालीन अवस्थामा स्वीकृत संगठन संरचना

अनुसारनै कार्य सञ्चालन हुदै आएको छ । हाल राप्ती सोनार गाउँपालिकामा प्रशासन, योजना तथा अनुगमन शाखा, आर्थिक प्रशासन शाखा, पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा, आर्थिक विकास शाखा, स्वास्थ्य तथा सामाजिक विकास शाखा, शिक्षा एवं युवा तथा खेलकूद शाखासमेत जम्मा ६ वटा शाखाहरु कायम गरी कार्य सम्पादन हुँदै आएको छ । साथै कार्य विशिष्टिकरणको आधारमा शाखाहरु अन्तरगत रहने गरी उप–शाखाहरु समेत कायम गरिएको छ । हाल सञ्चालनमा रहेका शाखाहरु तथा ती शाखाहरुमा कार्यरत कर्मचारीहरुको विस्तृत कार्य विवरण तयार भै सकेको भएतापनि कार्यान्वयनमा आएको छैन । आगामी दिनहरुमा प्रस्तावित शाखा तथा कार्यरत कर्मचारीहरुको बिस्तृत कार्यविवरण स्विकृत गरी लागु गर्नुपर्नेछ । आ.व २०७७/७८ को स्थानीय सरकार संस्थागत स्वमूल्याङ्कनको नतिजामा राप्ती सोनारी गाउँपालिकाले ४९% अंक प्राप्त गरेको छ । उक्त मूल्याङ्कनमा मुख्यतया शासकीय प्रवन्ध, संगठन प्रशासन, बजेट तथा योजना तर्जुमा, वित्तीय तथा आर्थिक व्यवस्थापन, भौतिक पुर्वाधार, सेवा प्रवाह लगायत अन्तरसम्वन्धित विषयहरु समावेश गरिएको छ । प्राप्त नतिजा लाई आधार लिंदा गाउँपालिकाले आगामी दिनहरुमा सुधार गर्नुपर्ने क्षेत्रहरु प्रशस्तै रहेको देखिन्छ ।

## अवसर र चुनौती

### अबसरहरु

- बिगतको मन्त्रालयबाट स्वीकृत दरवन्दी अनुसारका कर्मचारीहरुको पदपुर्ति भैसकेको ।
- सवै वडामा आफ्नै भबन सहितका कार्यालयहरु स्थापना भै सेवा प्रवाह गएको ।
- सेवा प्रवाह सम्वन्धमा जनतामा सकारात्मक प्रभाव परेको ।
- नेपालको संबिधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ लगायतका अन्य बिभिन्न ऐन कानूनमा सार्बजनिक सेवा प्रवाहमा सुशासन प्रवद्र्धन सम्बन्धी प्रावधान रहेको ।
- नेपाल सरकारले सेवा प्रवाह सम्वन्धी मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याएको तथा स्थानीय स्तरमा समेत सुशासन सम्वन्धी नीति, नियम र कार्यविधि निर्माण गरी कार्यान्वयन गर्न सकिने अवस्था रहेको ।
- सूचना प्रविधिको अधिकतम प्रयोग गरी सेवा प्रवाह सम्वन्धी कार्यहरुलाई प्रविधियुक्त बनाई छिटो, छरितो र पारदर्शी रुपमा सम्पदान गर्न सकिने अवस्था रहेको ।
- पदाधिकारी तथा कर्मचारीहरुलाई सुशासन सम्वन्धी तालिम प्रदान गरी उनीहरुको कार्यदक्षता अभिवृद्धि गरी स्वच्छ, निष्पक्ष, जनमुखी र भ्रष्टाचारमुक्त सरकार सञ्चालन गर्न सकिने अवस्था रहेको ।
- शासन ब्यवस्था प्रति जनताको पूर्ण विश्वास, निर्वाचित जनप्रतिनिधि प्रति भरोसा, विकासमा सहभागी हुन ईच्छुक जनता तथा प्राकृतिक श्रोतको उपलब्धता भएको ।

चुनौतीहरु

- जनप्रतिनिधि र कर्मचारीको जिम्मेवारी अनुसार भूमिका निर्वाह गर्न सक्ने आवश्यक ज्ञान सीपयुक्त जनशक्तिको व्यवस्थापन गर्ने।
- कार्यसम्पादनका लागि आवश्यक ऐन, नियम, निर्देशिका, कार्यविधि तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने
- गाउँपालिकाको आफ्नै नयाँ तथा व्यवस्थित कार्यालय भवन र पर्याप्त भौतिक उपकरण तथा क्षमताबान जनशक्तिको व्यवस्थापन गर्ने।
- कार्यचाप, कार्यबोझ र सेवा प्रवाहका आधारमा आवश्यक कर्मचारी दरबन्दी व्यवस्थापन गरी परिचालन गर्ने।
- सवै वडाहरुमा कार्यालयहरु स्थापना भै सेवा प्रवाह भैरहेको भएतापनि जनशक्ति तथा भौतिक उपकरणहरुको व्यवस्थापन गर्ने।
- जनप्रतिनिधि र कर्मचारीको जिम्मेवारी अनुसार भूमिका निर्वाह गर्न आवश्यक ज्ञान सीपयुक्त जनशक्ति व्यवस्थापन गर्ने।

**सोच**

समृद्धिमैत्री शासन पद्धति; सुशासनमैत्री दक्ष, सहयोगी र नैतिकबान जनशक्ति।

**उद्देश्य**

- प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक कानून तर्जुमा र उत्प्रेरित जनशक्तिको व्यवस्थापन गर्ने।
- भ्रष्टाचार नियन्त्रणमा शून्य सहनशीलताको नीति अवलम्वन गरी विकासका सवै आयमलाई लागत र गुणस्तरका दृष्टीले उत्कृष्ट नतिजा  हासिल गर्न सदैव क्रियाशील रहने।
- सेवा प्रवाहलाई चुस्त, दुरुस्त र समय सापेक्ष बनाउन आवश्यक जनशक्ति, भौतिक पूर्वाधार एवं उपकरणहरुको को व्यवस्थापन गरिने

रणनीति

- आवश्यक नीति तथा कानून तर्जुमा गरी कार्यान्वयनका लागि उत्प्रेरित जनशक्तिको व्यस्थापन गर्ने।
- पालिका तथा वडाबाट प्रवाह गरिने सेवालाई पारदर्शी, मितव्ययी र गुणस्तरीय बनाई भ्रष्टाचारको सवालमा शून्य सहनशीलताको नीति अवलम्वन गर्दै जनउत्तरदायी स्थानीय सरकारको प्रत्याभूति गराउने।
- आवश्यक जनशक्तिको व्यवस्थापन सहित कर्मचारीहरुको कार्यसम्पादनलाई सेवा प्रवाह संग आवद्ध गरिने।
- समृद्धिमैत्री शासन पद्धतिमा टेवा पुऱ्याउन आवश्यक भवन, फर्निचर,सवारी साधन, प्रविधि र यान्त्रिक उपकरणको व्यवस्था गर्ने।

**प्रमुख नतिजा सूचक**

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ८३२०८२/८३ |
| १. | सार्बजनिक लेखापपरिक्षण भएका योजना | प्रतिशत | | ८० | ९५ | १०० |
| २. | संस्थागत स्वमुल्यांकनमा पालिकाको अंक | प्रतिशत | ४९.०० | ७५.०० | ८५.०० | ९० |
| ३. | स्विकृत दरवन्दीमा स्थाई पदपुर्ति | प्रतिशत | ८० | १०० | १०० | १०० |
| ४. | गाउँपालिकाले स्वीकृत गरेका ऐन, नीति तथा कार्यबिधिहरु | संख्या | ६१ | १०० | ११५ | १२० |
| ५. | पालिकाको क्षमता बिकास योजना निर्माण | पटक | ० | १ | १ | १ |
| ६. | बिभिन्न क्षमता बिकास गतिविधिबाट लाभान्वित पदाधिकारी तथा कर्मचारीहरु | प्रतिशत | ४५ | ६० | ७५ | ८० |
| ७. | सार्वजनिक सुनुवाई (बार्षिक) | पटक | | ९ | १५ | १५ |
| ८. | सामाजिक परिक्षण भएको योजना/कार्यक्रम | संख्या | ० | २ | ४ | ५ |

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ८३२०८२/ ८३ |
| ९. | आम्दानी खर्चको सार्वजनिकिकरण (बार्षिक) | पटक | ० | ९ | १५ | १५ |
| १०. | क्षमता बिकास कार्यक्रम बाट लाभान्वीत पदाधिकारी तथा कर्मचारी | प्रतिशत | - | ६० | ७० | ८० |
| ११. | नागरिक बाट आउने मौखिक तथा लिखित गुनासोहरु फछ्र्यौट | प्रतिशत | १०० | १०० | १०० | १०० |
| १२. | मोवाईल एप्सको प्रयोग गर्ने जनसंख्या | प्रतिशत | - | २५ | ४० | ५० |
| १३. | आम्दानी खर्चको सार्वजनिकिकरण (बार्षिक) | पटक | | ९ | १५ | २० |
| १४. | नागरिक पृष्ठपोषण तथा सुझाव संकलन कार्य (बार्षिक) | पटक | ० | ३ | ५ | ६ |
| १५. | पालिकाको एप्स प्रयोगकर्ता | प्रतिशत | - | २५ | ४० | ४५ |
| १६. | पालिकामा प्राप्त गुनासो फछ्यौतको अबस्था | प्रतिशत | - | ८० | १०० | १०० |
| १७. | इन्टरनेट सुबिधा भएका वडा कार्यालयहरु | संख्या | ९ | ९ | ९ | ९ |

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ८३२०८२/ ८३ |
| १८. | संगठन तथा व्यवस्थापन अध्ययन प्रतिवेदनको स्विकृति | पटक | ० | १ | १ | १ |
| १९. | कर्मचारीहरुको कार्य बिबरण तैयारी तथा परिमार्जन | पटक | ० | १ | १ | १ |

**प्रमुख कार्यक्रम**

- एकल अधिकार क्षेत्र अन्तरगतका विषयको बाँकी कानून, नीति तथा कार्यबिधिहरु तर्जुमा।
- सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरीक्षण कार्यविधि तयारी।
- सेवा प्रवाह सम्वन्धमा चौमासिक रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन।
- चौमासिक रुपमा प्रगति समीक्षा कार्यक्रम।
- गाउँकार्यपालिका तथा प्रत्येक वडाहरुमा नागरिक वडापत्रको व्यवस्था (गाउँपालिकामा डिजिटल बोर्ड) तथा अध्यावधिक।
- व्यक्तिगत घटनादर्ता सम्वन्धमा बस्ती स्तरमा छलफल तथा अन्तरक्रिया कार्यक्रम।
- वडा तहमा एकीकृत घुम्ती सेवा सञ्चालन।
- सेवाग्राही सन्तुष्टि सर्वेक्षण कार्यविधि तैयार गरी कार्यक्रम संचालन तथा सार्वजनिकीकरण।
- गाउँपालिकाको साङ्गगठनिक तथा व्यवस्थापन अध्ययन प्रतिवेदनको स्वीकृति तथा कार्यान्वयन।
- गाउँपालिकको क्षमता विकास योजना निर्माण तथा कर्मचारी तथा जनप्रतिनिधि क्षमता विकास कार्यक्रम।
- गाउँसभा तथा कार्यपालिकाबाट गठन गरिएका बिभिन्न समितिहरुको कार्य विवरण सहितको कार्यविधि तर्जुमा तथा कार्यान्वयन।
- कर्मचारीहरुको कार्यसम्पादन सम्झौताका लागि सूचकहरु निर्माण/परिमार्जन।
- गाउँपालिकाको कार्यालय भवन निर्माण (पूर्वाधारमा समाबेश भएको)
- वडाकार्यालयहरुको मर्मत संभार कार्यक्रम।

- गाउँपालिका तथा वडा कार्यालयमा भौतिक उपकरण, इन्टरनेट सेवा लगायत फर्निचर तथा फर्निसिङको व्यवस्था
- आवधिक योजनाको मध्यावधिक समिक्षा तथा नयाँ योजना निर्माण
- सेवा प्रबाहमा प्रविधिको प्रयोग । ड्ड बार्षिक योजना तथा बुलेटिन प्रकासन ।

## ८.२ वित्तीय सुशासन

### पृष्ठभूमि

वित्तीय सुशासन आर्थिक अनुशासन एवं सभ्य समाजको द्योतक हो । वित्तीय अनुशासनलाई प्रभावकारी रुपमा आत्मसात गर्न सके आर्थिक समृद्धिको लक्ष्य प्राप्ति सम्भव हुनुका साथै नागरिकले सरकारलाई हेर्ने दृष्टिकोणमा समेत सकारात्मक परिवर्तन आउछ । छनौट भएका कार्यक्रम तथा आयोजनाहरुको खर्चको व्यवस्थापन, आयोजनाको ठेक्का पट्टामा हुने अस्वस्थ प्रतिस्पर्धालाई नियन्त्रण गरी पारदर्शी र प्रविधिमैत्री प्रतिस्पर्धाको व्यवस्था, प्रभावकारी आन्तरिक लेखापरीक्षण, नियमितता, मितव्ययिता, औचित्यता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण, समयमै बेरुजु फछर्यौट, पारदर्शी खरिद प्रक्रिया, आम्दानी खर्चको विवरण सावर्जनिकीकरण तथा पारदर्शीता, राजश्व र व्ययको अनुमान तथा स्वीकृति, बैकिङ प्रणाली मार्फत भुक्तानी जस्ता औजारहरु वित्तीय सुशासनका लागि अपरिहार्य छन् । प्रदेशको प्रथम आवधिक योजनाले विकास कार्यक्रमहरुमा सार्वजनिक लेखापरीक्षणलाई अनिवार्य बनाउने रणनीति सहित विकास आयोजनाहरुमा होर्डिङ्ग बोर्ड राख्ने व्यवस्था अनिवार्य गर्ने, प्रभावकारी अनुगमन, सार्वजनिक सुनुवाई तथा सार्वजनिक लेखापरीक्षणको व्यवस्था गर्ने, आर्थिक कारोवार हुने सरकारी कार्यालयहरुमा सिसिटिभी जडान गरी अनुगमन गर्ने जस्ता कार्यनीतिहरु तय गरेको छ ।

प्रशासनिक सुशासन सगसगै वित्तीय सुशासन अपरिहार्य छ । वित्तीय सुशासन कायम गर्न सकेमा मात्र पालिकाबाट प्रबाह गरिने सेबाहरु प्रति जनबिश्वास बढ्नेछ । पालिका मार्फत छनौट गरिएका आयोजनाहरुमा खर्चको व्यवस्थापन तथा कार्यान्वयनमा पारदर्शिता र प्रविधिमैत्री ढंगले प्रतिस्पर्धाको आधारमा गर्ने, खरिद् प्रकृयालाई नियम संगत ढंगले पारदर्शी बनाउने र वित्तीय प्रणालीलाई सुदृढीकरण गर्न सकेमात्र वित्तीय सुशासन कायम गर्न सकिन्छ । यसको साथै राजश्व र व्ययको अनुमान, लेखापरिक्षण प्रणाली र वित्तीय प्रणालीलाई नियमित र प्रभावकारी वनाउन आवश्यक छ । गाउँपालिकाका सम्पूर्ण वित्तीय कारोवारलाई वैकिङ प्रणाली मार्फत संचालन गर्न आधुनिक प्रविधियुक्त इन्टरनेटको व्यवस्था समेत गर्नुपर्दछ ।

### अवसर र चुनौती

**अवसरहरु**

- वार्षिक रुपमा गा.पा परिषद्बाट राजश्व र व्ययको अनुमान पेश र स्वीकृत गरी विभिन्न शीर्षकमा वजेट विनियोजन हुने गरेको ।
- संघ र प्रदेश सरकारवाट प्राप्त अनुदानवाट विभिन्न विकास आयोजना सञ्चालन भइरहेको ।
- ठेक्का पट्टा र खरिद प्रक्रिया नियम संगत तथा पारदर्शी बनाई समयमा नै कार्यसम्पादन गर्न सकिने ।
- सम्पूर्ण आर्थिक कारोवारलाई बिद्युतीय माध्यमबाट सञ्चालन गरी बिद्युतीय सुशासन कायम गर्ने ।
- जनप्रतिनिधि र कर्मचारीलाई बित्तीय सुशासन सम्बन्धी तालिम प्रदान गरी कार्य क्षमतामा बृद्धि गर्ने ।
- गा.पा.का सम्पूर्ण बित्तीय कारोवारहरुमा सुशासन कायम गरी नमूना गा.पा. निर्माण गर्ने ।
- बेरुजुलाई नियमित एवं सम्परीक्षण गरी कमगर्दे लैजाने ।

**चुनौतीहरु**

- सार्वजनिक खरिद प्रक्रिया जटिल रहेको तथा बेरुजु बढ्दै गएको । खरिद प्रक्रिया नियमसंगत, व्यवस्थित र पारदर्शी बनाउने ।
- संघ र प्रदेशवाट प्राप्त अनुदान समयमै निकासा गरी विकास आयोजनाहरुको निर्धारित समयमा ठेक्का पट्टा गरी सम्पन्न गर्ने ।
- वार्षिक राजश्व र व्ययको अनुमान यर्थाथपरक बनाई राजश्व संकलन तथा परिचालनलाई पारदर्शी र प्रभावकारी बनाउने ।
- सम्पूर्ण आर्थिक कारोवारलाई विद्युतीय माध्यमद्धारा सञ्चालन गर्ने । ड्ड आन्तरिक राजश्वबाट प्रशासनिक खर्च व्यवस्थापन गर्ने ।

**सोच**

गाउँपालिकाको समृद्धि ,बित्तीय सुशासन मार्फत आन्तरिक आयमा वृद्धि;

**उद्देश्य**

- गाउँपालिकाको आय र ब्ययलाई व्यवस्थित र पारदर्शी बनाई वित्तीय सुशासन कायम गर्ने ।

**रणनीति**

- वित्तीय व्यवस्थापनमा संस्थागत सुदृढीकरणका साथै वित्तीय पारदर्शीतामा जोड दिने ।
- बार्षिक योजना तर्जुमा गर्दा आवधिक योजनालाई मुख्य आधारको रुपमा गह ण गर्न ।

## प्रमुख नतिजा सूचक

| क्र.सं. | सूचक | एकाई | २०७९/८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | ८३२०८२/८३ |
| १. | वित्तीय तथा आर्थिक व्यवस्थापनमा गाउँपालिकाको अवस्थाको परिणाम अनुसार) | प्राप्त अंक | ७.५ | ९ | ११ | १२ |
